


● वर्ष १५ ● अंक ८ ● काठमाडौं, शुक्रबार, असार १९, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, July 3 , 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



## उत्कृष्ट १२ प्लस टु

| कलेजको नाम | कक्षा ११ | कक्षा १२ | प्रतिशत |
|---|---|---|---|
| प्रसादी एकेडेमी, ललितपुर | ९५.२७ | ९७.८२ | ९६.५४ |
| काठमाडौं मोडल उमावि, बागबजार | ९७.०७ | ९४.२५ | ९५.६६ |
| सगरमाथा उच्च मावि, पोखरा | ९१.७२ | ९९.३७ | ९५.५४ |
| सेन्ट मेरिज उच्च मावि, जावलाखेल | ९१.८१ | ९८.२० | ९५.०० |
| श्री उमावि गरुडा, रौतहट | ८७.९८ | ९९.०१ | ९३.४९ |
| युनाइटेड एकेडेमी, कुमारीपाटी, ललितपुर | ९१.९६ | ९१.२९ | ९१.६२ |
| गौरिशंकर उच्च मावि, रामेछाप | ८९.८० | ९२.७५ | ९१.२७ |
| नेसनल स्कुल अफ साइन्सेज, लैनचौर | ९०.९४, | ९१.३४ | ९१.१४ |
| गौरिशंकर यादव रौतहट क्याम्पस, गौर | ९१.२६ | ८९.५५ | ९०.४० |
| कलेज अफ बिजनेस एन्ड सोसियल, विराटनगर | ८३.१५ | ९७.५९ | ९०.३७ |
| गोकुलेश्वर उच्च मावि, दार्चुला | ८५ | ९१.१० | ८८.०५ |
| एस उच्च मावि, नयाँ बानेश्वर, काठमाडौं | ९२.७५ | ८०.२१ | ८६.४८ |

# मिसन एड्मिसन

## उच्च शिक्षाविशेष

पृष्ठ ५ देखि १० सम्म





त्रासदी अपहरणको

पृष्ठ २५ मा

मध्यपृष्ठमा

## शुभेच्छा थापा



## ● रंगमञ्च ●

### एउटा नयाँ आकार

गाउँमा सडक निर्माण प्रारम्भ हुन्छ तर जातीयता, जनसंख्या तथा क्षत्रीय आधारमा आफ्नो सुविधाका लागि आफूतिर सडक लानुपर्ने होडबाजीका कारण तीन समूहबीच झगडा हुन्छ। सडक निर्माण कार्य अवरुद्ध हुन्छ। गत साता ललितपुरमा मञ्चन गरिएको नाटक 'एउटा नयाँ आकार' मा कलाकारहरूले संघीयतामा हुने विवादमा केन्द्रित थियो। नाटकमा संघीयताको विवादलाई कसरी समाधान गर्न सकिन्छ भन्ने उपायहरू पनि प्रस्तुत गरियो। नाटक संघीयताको वहसका कारण बन्दको मारमा परेको सहर, पाठ्यपुस्तकको अभाव भोगिरहेका सरकारी विद्यालय, आफ्नो स्वार्थपूर्तिका लागि एक-आपसमा भिडिरहेका नेताहरूबाट जनताले भोग्नुपरेका सास्ती तथा हरेक कामका लागि केन्द्रमै भर पर्नुपर्ने विषयमा केन्द्रित थियो। इन्टरनेसनल आइडियोको आयोजनामा मञ्चन गरिएको उक्त नाटकमा संविधान निर्माणमा संघीयताका कुरालाई प्रमुखता दिइएको थियो। नाटकका निर्देशक तथा लेखक राजन खतिवडाका अनुसार नयाँ संविधान बन्नुअघि संघीयताको विषयमा वसह गराउन यो नाटक तयार पारिएको हो। नाटकमा लुनिभा तुलाधर, राजन खतिवडा, दयाहाङ राई, समुना केसी, गोपाल अर्याल, सूर्य चुँदाली, रेणुका कार्की, लोकेन्द्र लेखक, घनश्याम जोशी, सालिकराम भण्डारी, सविना बडाल आदि कलाकारले अभिनय गरेका थिए।

### चन्दा उठाएर नाटक

तनहुँको सदरमुकाम दमौली बजारस्थित दमौली क्याम्पसमा अध्ययनरत केही युवा विद्यार्थी अहिले एउटा नाटक लिएर गाउँ प्रवेश गरेका छन्। एचआईभी संक्रमित तथा एड्स लागेकालाई हेला होइन माया गर्नुपर्छ भन्ने सन्देश बोकेको नाटक 'पश्चाताप' मञ्चन गर्न उनीहरू गाउँ प्रवेश गरेका हुन्। जिल्लाको बन्दीपुर, डुम्रे, दुलेगौंडा, भिमाद तथा खैरेनीटारमा यो नाटक प्रदर्शन भैसकेको छ। नाटकका लेखक तथा संयोजक महेश क्षेत्रीका अनुसार सचेतना जगाउन जिल्ला स्वास्थ्य कार्यालय तनहुँले दमौली कलेजमा अध्ययनरत दमौली साहित्य सदनका विर्द्यार्थीलाई करिब २० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ। दस दिनसम्म नियमित अभ्यास गरेर उनीहरूले यो नाटक तयार पारेका हुन्। उनीहरूले चन्दा उठाएर नाटक देखाउने खर्च जुटाएका थिए।

## ● ग्यालरी ●

### सेरामिकमा सजनी

बबरमहलस्थित आर्ट ग्यालरीमा राखिएका विभिन्न आकृतिका मूर्तिले अवलोकनकर्तालाई फरक स्वाद दिएको थियो। उक्त ग्यालरीमा मूर्तिकला (सेरामिक आर्ट) लाई सजाएकी हुन् सजनी श्रेष्ठले। तीन वर्षदेखि राजधानीभन्दा केही पर इचंगुनारायण गाविसको एकान्तमा प्रकृतिसँग रमाउदै मूर्ति सिर्जनामा तल्लीन सजनीले आफूले तयार गरेका मूर्तिहरूलाई साता दिनसम्म ग्यालरीमा सजाइन्। गत बुधबार सम्पन्न सेरामिक प्रदर्शनी अवलोकनकर्ताहरूले निकै रुचि देखाए। सजनीले सेरामिक प्रविधिमा सिर्जित ९२ वटा कला प्रर्दशनी गरेकी थिइन्।

### इनसाइड इज आउट साइड

कलाकार सरोज बज्राचार्यले तयार पारेका चित्रहरूको प्रदर्शनी 'इनसाइड इज आउटसाइड' आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। दरबारमार्गस्थित आर्ट सप ग्यालरीमा सञ्चालन हुने बज्राचार्यका चित्रको प्रदर्शनी आगामी साउन २ गतेसम्म जारी रहनेछ। प्रदर्शनीको उद्घाटन नेपाल-ब्रिटेन सोसाइटीका अध्यक्ष प्रतिमा पाण्डेले गर्दैछिन्। प्रदर्शनीमा १५ वटा चित्र समावेश गरिने कलाकार बज्राचार्यले बताएका छन्।

### कन्सेप्ट्स इन ब्यालेन्स

कलाकार किपा मास्केका चित्रहरूको प्रदर्शनी दरबार मार्गस्थित द आर्ट सप ग्यालरीमा प्रारम्भ भएको छ। मातृत्व प्रेमसम्बन्धी भावना समेटिएका मास्केका चित्र 'कन्सेप्ट्स इन ब्यालेन्स' शीर्षकमा प्रदर्शन गरिएको हो। गत शुक्रबार प्रारम्भ भएको उक्त प्रदर्शनी हिंजो विहीबार सम्पन्न भएको थियो।

### पाँच दिने प्रदर्शनी

दरबारमार्गस्थित होटल अन्नपूर्णमा चित्रहरूको प्रदर्शनी नियमित रूपले आयोजना भैरहेको छ। यसै क्रममा सोही होटलमा आयोजित कलाकार सुनिता महर्जनले तयार पारेका चित्रहरूको प्रदर्शनी गत मंगलबार सम्पन्न भएको छ। 'द लोकस अफ कन्टिन्युटी' शीर्षकको उक्त प्रदर्शनी गत शुक्रबार प्रारम्भ भएर पाँच दिन चलेको थियो।

## ● पुस्तक ●


### रेड प्लानेट

भी.एम.रबोलुद्वारा रचना गरिएको हर्कोल्युबस अर रेड प्लानेट अंग्रेजी भाषामा रचना गरिएको छ। रातो ग्रह भनिने मंगल ग्रहका बारेमा व्याप्त भ्रान्ती तथा जिज्ञासाहरू सरल शब्दमा केलाइएको यो पुस्तक विद्यालयस्तरका विज्ञानमा चाख राख्ने बालबालिकाप्रति लक्षित छ।

### हत्केलामा असार उमारेर

रजनी ढकालको कृति हत्केलामा असार उमारेर संस्मरणात्मक निबन्ध संग्रह हो। यो कृतिले निबन्धका पाठकहरूलाई राहत दिएको अनुभव गर्न सकिन्छ। समीर ढकालद्वारा प्रकाशित यो कृतिले निबन्ध विधालाई पुनः चर्चामा ल्याएको छ। १ सय ५२ रुपैयाँ मूल्यको यो कृति १ सय ५२ पृष्ठको छ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

स्वास्थ्यको ख्याल गर्नुहोला। मनमा चिन्ता एवं शरीरमा आलस्यताले डेरा जमाउनेछ। काममा सफलता पाउन विशेष प्रयास गर्नुपर्ला। रिसको वेग बढ्नेछ। सोमबारदेखि धार्मिक कार्यमा मन जानेछ भने काममा सुधार आउनेछ। नोकरीमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ।

### मिथुन

समय त्यति अनुकूल छैन। सुरुमा रोग एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। सानोतिनो काममा पनि बढी परिश्रम गर्नुपर्ला। कुरा काट्नेहरू सक्रिय हुनेछन्। शरीरमा चोटपटक लाग्न सक्छ। सोमबार र मंगलबार व्यवसाय फलदायी रहनेछ भने धन आर्जन गर्ने अवसर मिल्नेछ।

### सिंह

आफन्तहरूको सहयोग मिल्नेछ। नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ। व्यवसाय लाभप्रद रहनेछ। यात्रा हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुनेछ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुर्‍याउनुहोला।

### तुला

बोलीको प्रभाव बढ्नेछ। सजिलै अरूको मन जित्न सकिनेछ। पराक्रमको तीव्रता कायमै रहनेछ। आफन्तहरूको सहयोग मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। भाग्यले पनि साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खाँदा तथा बोल्दा विचार पुर्‍याउनुहोला।

### धनु

धनमाल हराउनुका साथै झूटा आरोप पनि लाग्न सक्छ। स्वास्थ्य गडबड रहनेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। शनिबार शरीरमा चोटपटक लाग्न सक्छ। सोमबारदेखि मान-सम्मानका साथै काममा सफलता मिल्नेछ। व्यवसायमा लाभ तथा धन आर्जन हुने योग छ। अध्ययनमा सफलता हात पर्नेछ।

### कुम्भ

मान-सम्मानका साथै मित्रहरूको सहयोग प्राप्त हुनेछ। अध्ययन एवं व्यवसायमा सफलता पाउनुहोला। मान-सम्मान पाइनुका साथै काममा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। साताको अन्त्यतिर खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### वृष

ग्रहदशा राम्रा छन्। काममा सफलता मिल्नेछ। मन प्रसन्न रहला। व्यवसायमा लाभ एवं रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा प्रसन्नता बढ्नेछ। भाग्यले साथ दिनेछ। सोमबार र मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कर्कट

अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। बौद्धिक सम्मान पनि प्राप्त होला। धन आर्जन हुनसक्छ। पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुर्‍याउनुहोला। झूटा आरोप लगाउने प्रयत्न हुनेछ।

### कन्या

पराक्रम, सोच्ने शक्ति एवं धार्मिक कार्यमा रुचि बढ्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग नमिले पनि आफ्नै प्रयासले धेरै काममा सफलता मिल्नेछ। भाग्यले पनि साथ दिनेछ। शत्रुबाट सजग रहनुहोला।

### वृश्चिक

मान-सम्मान मिल्नेछ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। धन आर्जन पनि हुनसक्छ। व्यवसायमा सफलता पाउनुहोला। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुपर्ने बेला छ।

### मकर

धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको विश्वास जित्न सकिनेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। ठूला व्यक्तिसितको अन्तर्क्रियाले मनोबल बढ्नेछ। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ताले सताउन सक्छ।

### मीन

आलस्यता बढे पनि प्रयास गर्दा काममा सफलता मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यवसाय लाभप्रद रहनेछ। रमाइलो यात्रा हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान प्राप्त हुनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ।

## यो साताको पञ्चाङ्ग

असार १९ गते : तुलसी रोप्ने एकादशी, २० गते : अन्तर्राष्ट्रिय सहकारी दिवस, २३ गते : गुरुपूर्णिमा, व्यास जयन्ती, दक्षिण मूर्ति पूजा ।



रविकिशन भारतको उत्तर प्रदेश तथा विहारमा सर्वाधिक लोकप्रिय छन्। उनी त्यो क्षेत्रमा बन्ने भोजपुरी भाषाका चलचित्रका अमिताभ बच्चनका रूपमा पनि कहलिएका छन्। भोजपुरी भाषाका चलचित्रको बजार ठूलो छ। बलिउडका थुप्रै चलचित्रका सहकलाकार तथा भोजपुरी चलचित्रका सुपरस्टार रविकिशनसँग गत सोमबार दिउँसो काठमाडौंमा जम्काभेट भयो, त्यो पनि सिनामंगलको एयरपोर्ट सेकुवा कर्नरमा। उनी त्यहाँ सेकुवा खान आएका थिएनन्। वीरगन्जमा एउटा भोजपुरी चलचित्रको छायांकन सकेर मुम्बई जाने हवाईजहाज चढ्न सिमराबाट डोमेस्टिक फ्लाइटमा उनी एक घन्टाका लागि काठमाडौं झरेका थिए। निखिल उप्रेतीको निवास नजिकैको उक्त सेकुवा कर्नरमा भएको १५ मिनेटको जम्काभेटमा रविकिशनले केही महत्वपूर्ण कुरा गरे :

**किन काठमाडौं हुँदै मुम्बई जान लाग्नुभएको ? पटनाबाट नजिक पर्थ्यो होइन र ?**

म यहाँ नेपाली चलचित्र बनाउने घोषणा गर्न आएको हुँ। पाँच वर्षअघि यहाँका कुशल निर्देशक किशोर रानाको निर्देशनमा मैले अभिनय गरेको भोजपुरी चलचित्र 'कब होइ मिलनवा हमार' ले सफलताको झन्डा गाड्यो। त्यो चलचित्रमा मसँग निरुता सिंह पनि हुनुहुन्थ्यो। मैले यहाँका कलाकार तथा प्राविधिक निकै दक्ष भएको पाएँ। यसपटक निर्माता नन्दु श्रीवास्तवले भोजपुरी तथा नेपाली भाषामा बनाइरहेको चलचित्र 'साथी रे' मा निखिल दादा मेरो राम्रो साथी बन्नुभयो र उहाँसँगको संयुक्त लगानीमा आगामी सेप्टेम्बरमा भोजपुरी तथा नेपाली भाषामा एउटा चलचित्र बनाउने भएका छौं। अनि म एक्लैले अरू दुईवटा भोजपुरी तथा नेपाली चलचित्र बनाउने निर्णय गरेको छु।

**नेपाली चलचित्रको बजार भारतीय बजार जस्तो ठूलो छैन नि ?**

त्यही त, बजार बढोस् भन्ने मेरो चाहना हो। भोजपुरी चलचित्रको बजारसँग नेपाली चलचित्रको बजार जोडिने हो भने यहाँ करोडभन्दा बढी लगानीका चलचित्र बन्न सक्छन्। अनि यहाँका दक्ष कलाकार तथा प्राविधिकहरूको जीवनस्तर पनि सुदृढ हुन्छ। नेपाली चलचित्र उद्योगको विकास हुन्छ तर यहाँ हुने गरेका बन्द तथा चक्काजामले भने साह्रै दुःख दिएको छ। म पाँच वर्षअघि वीरगन्ज आउँदा पनि त्यहाँ चक्काजाम थियो, अहिले आउँदा पनि चक्काजाम छ। यस्तो स्थितिमा देशको विकास कसरी हुन्छ ?

**तपाईंले बनाउने चलचित्र कसले निर्देशन गर्दैछन् ?**

दुईवटाका निर्देशक त क्रमशः किशोर राना र सुनिल पाण्डे लिने झण्डै पक्कापक्की भैसकेको छ। अर्कोको अहिलेसम्म तय भएको छैन।

**अहिले बनिरहेको साथी रेमा पनि तपाईंको लगानी छ हैन ?**

मैले यो चलचित्रमा अभिनय गरेको पारिश्रमिक लिएको छैन। त्यस बापत स्याटेलाइट्स राइट्स लिएको छु। यस अर्थमा म पनि यो चलचित्रको सहनिर्माता हुँ।

**साथी रेका अधिकांश कलाकार नेपाली रहेछन् ?**

हो निखिल दादा, मिथिला दिदी, गरिमा पन्त, उषा पौडेल, सौजन्य सुब्बा सबैजसो कलाकार नेपाली छन्। मैले निर्माण गर्ने चलचित्रमा पनि मबाहेक धेरैजसो नेपालकै कलाकार र प्राविधिक रहनेछन्।



जमका भेट










● सम्पादकीय ●

# एसएलसीको परिणामपछि

विद्यार्थीहरूका लागि फलामे ढोकाका रूपमा परिभाषित गरिँदै आएको एसएलसीको परिणाम सार्वजनिक भएपछि थुप्रै आशा र चुनौतीहरू एकसाथ देखा परेका छन् । पछिल्ला पाँच वर्षदेखि निरन्तर उकालो लाग्दै आएको विद्यार्थीहरूको सफलताको क्रम यो वर्ष पनि यथावत् छ । एसएलसीको परिणामले नेपालको विद्यालयस्तरको शिक्षाको गुणस्तर बढ्दै गएको देखाउँछ । मुलुकमा व्याप्त राजनैतिक, आर्थिक अस्थिरता एवं सामाजिक अस्तव्यस्तताका बाबजुद एसएलसीमा देखिएको उत्साहप्रद परिणामले नेपाली समाजको भावी स्वरूपहरूको स्पष्ट खाका कोर्न सहयोग गरेको छ । एसएलसी परीक्षामा सहभागीहरूको बढ्दो सफलताले एकातिर राज्य र समाजलाई उनीहरूको उच्चशिक्षा र उपयुक्त रोजगारीको अवसर सिर्जना गर्नुपर्ने चुनौती थपेको छ भने अर्कातिर विद्यार्थीवर्गमा बढ्दै गएको शिक्षाप्रतिको लगावलाई सामाजिक पुनःनिर्माणको अभियानका रूपमा लिनुपर्ने भएको छ । पछिल्ला केही वर्षदेखि नेपाली समाजमा व्याप्त राजनैतिक संक्रमणकाल, बन्द, हड्ताल र अन्य किसिमका अवरोधहरू ( लोडसेडिङ, पाठ्यपुस्तकको अभाव) का बाबजुद पनि धेरैभन्दा धेरै विद्यार्थीले एसएलसीमा सफलता प्राप्त गर्नुलाई सकारात्मक रूपमा लिनुपर्छ । सकारात्मक सोचले नै समाजको सर्वाङ्गीण विकासमा ठोस योगदान गर्न सक्छ भन्ने मान्यताका आधारमा अहिलेको एसएलसीको परिणामलाई भविष्यका लागि मार्गचित्र मान्नुपर्छ ।

अहिलेको एसएलसीको परिणामका पछाडि जे-जस्ता कारण भए पनि यसैलाई सफलताको उच्चतम विन्दु मानिनुहुँदैन । हामीले परीक्षामा सहभागी सम्भव भएसम्म सबै नभए बढीभन्दा बढी विद्यार्थीले सफलता प्राप्त गर्न सक्ने वातावरण र परीक्षा प्रणालीको विकास गर्न सक्नुपर्छ । एसएलसीको परीक्षा प्रणाली मात्र नभै समग्र शिक्षाप्रणालीमै सुधार हुनुपर्ने र गर्नुपर्ने ठाउँ धेरै छन् । विद्यालयस्तरको शिक्षणविधिदेखि लिएर परीक्षा प्रणालीसम्ममा समग्र विद्यार्थीको पहुँचलाई सरल र सुविधाजनक बनाउन सकियो भने कुनै पनि विद्यार्थीले कुनै पनि स्तरको परीक्षालाई बोझ अथवा चुनौतीका रूपमा लिनुपर्ने बाध्यताको समेत अन्त्य हुन सक्थ्यो र परीक्षामा असफल ठहरिने भयबाट विद्यार्थीहरू मुक्त हुन्थे । यस्तो स्थितिमा असफलताका कारण सिर्जना हुने सामाजिक विचलनहरूसमेत कम हुँदै जान सक्छ भन्ने कुरा समयमै ठहर गर्न सक्नुपर्छ । विचलनरहित समाजको निर्माण नै कुनै पनि राज्यको अन्तिम लक्ष्य हो । हामीले पनि त्यस्तै समाज निर्माणका लागि प्रारम्भ गर्नुपर्छ र यसको आधार शिक्षानीति, शिक्षणविधि र परीक्षा-प्रणाली पनि हुनसक्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न ।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●

## सुगा रटाइ, हाम्रो पढाइ

गणितमा डक्टरेट गरेका एक प्राध्यापकलाई उनले पढाउने विषयको व्यावहारिक प्रयोजन सोधें । उनले फिस्स हाँसेर जवाफ फर्काए- तिमी पढ्छौ पास हुन, म पढाउँछु पैसा कमाउन । वास्तवमा नेपालको शिक्षाप्रणालीले व्यवहारसँग पटक्कै मेल खाँदैन, त्यसैले नेपाली विद्यार्थीको शैक्षिक प्रमाणपत्र मरुभूमिको लालपुर्जाझैं बेकामे हुँदो छ ।



म स्नातक तहमा अध्ययनरत भौतिक विज्ञानका विद्यार्थी, आजसम्म मलाई कसैले तैंले आईएस्सी वा बीएस्सी पढेर के जानिस् भनेर सोधेका छैनन् । सबै परीक्षाको प्राप्तांक सोध्छन्, विशिष्ट/प्रथम श्रेणी ल्याए बधाई दिन्छन्, म पुरस्कार र माया पाउँछु, कम अङ्क आए नाक खुम्च्याउँछन्, मेरो खिल्ली उडाइन्छ मानौं मैले अपराध गरेको छु । नेपालको शिक्षाप्रणालीको मुख्य कमजोरी नै तीन घन्टे परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन गर्न खोज्नु हो । त्यसमाथि आजभोलि त तीन घन्टे परीक्षाको मोल खस्कँदो छ, प्रश्नपत्र परीक्षाअघि नै सार्वजनिक हुन्छ, कतिपय ठाउँका विद्यार्थीले खुल्लमखुला चिट चोर्न पाउँछन् । आजभोलिको पढाइ बुझाइभन्दा पनि सुगारटाइमा केन्द्रित छ, विद्यार्थीलाई बुझ्नभन्दा पनि 'रेडिमेड' उत्तर खोज्न लगाइन्छ । विद्यार्थी र पुस्तकबीचको नाता केवल जाँचसम्मका लागि हुन्छ । अचेल शिक्षक पनि व्यावसायिक भएका छन्, अझ +२ तहमा त 'हेलमेट' शिक्षकहरू टन्नै पाइन्छन् । निजी विद्यालय र क्याम्पसहरू व्यावसायका मोटर भएका छन्, सरकारी स्कुल र क्याम्पस राजनीतिको प्रयोगशाला बनेका छन् ।

अस्वस्थ र फोहोरी राजनीतिले नेपालको शिक्षाक्षेत्रलाई नराम्रोसँग गाँजेको छ । प्रत्येक सरकारी क्याम्पसको गेटदेखि प्रशासनसम्म राजनीतिको दुर्गन्ध फैलिएको छ । स्ववियु निर्वाचन सत्ताको भऱ्याङ बनेको छ । विद्यार्थी देशका सचेत र निर्णायक वर्ग मानिन्छन् तर कतिपय स्ववियुमा भएको भ्रष्टाचार पर्दासामु आइरहेका छन् । राजनैतिक पार्टीको खोल ओढेका भिन्न-भिन्न विद्यार्थी संगठनबीच क्याम्पसमा बेतुकको लडाइँ हुन्छ । यहाँसम्म कि क्याम्पसका आन्तरिक र प्रयोगात्मक परीक्षामा दिइने अङ्कमा पनि राजनैतिक भनसुन चल्छ, अनुशासन कतै छैन । कक्षामा कालोपाटीछेउँ एक्लै भट्भटाउने शिक्षक र तिनकै सामुन्ने आफ्नै तालले अनुशासनहीन स्वतन्त्रताको अभ्यास गरिरहेका विद्यार्थी देख्दा लाग्छ– यस्तो पढाइले हामीलाई कहाँ पुऱ्याउँछ ?

देशमा अचेल तीन किसिमका विद्यार्थी छन् । एकथरी मनोरञ्जनको संसारमा पूरै भिज्छन्, तिनलाई राजनीतिका सम्बन्धमा सुक्को थाहा छैन, यिनीहरू प्रायः समय चलचित्र हल, डिस्को आदि मनोरञ्जन प्रदायक स्थानमा बिताउँछन् । आफ्नो देश यिनलाई सुख्खा लाग्छ अनि न्यूयोर्क र सिड्नीतिर उड्न कन्सल्टेन्सी धाउँछन् ।

अर्काथरी विद्यार्थीले राजनीतिको खोल ओढेका छन् । यी माउ पार्टीको ब्रेक गियरअनुसार चल्छन् । हो, यी विद्यार्थीको मागका लागि लड्छन्, राष्ट्र र राष्ट्रियताको सवालमा सचेत छन् । यिनको दुर्गुण भनेको यी आफ्नो माउ पार्टी सरकारबाहिर बसेको देख्नै सक्दैनन्, विरोधी माउ पार्टीका स-साना गल्ती देख्नेबित्तिकै सडकमा उफ्रन थाल्छन् ।

तेस्रो थरी विद्यार्थी सचेत छन्, यिनीहरू राजनीतिलाई सत्ताको फोहोर खेलका रूपमा नभै प्रगतिको संवाहकका रूपमा हेर्न रुचाउँछन्, यिनलाई देशको चिन्ता छ तर यी थोरै छन् ।

पहिलाथरी विद्यार्थीलाई राष्ट्र र राष्ट्रियताका सम्बन्धमा सचेत बनाउनु आवश्यक छ । राजनीतिको खोल ओढेर विद्यार्थीको हकहितका लागि लड्छौं भन्नेले नेताको भद्दा जीउ बोक्न छाडेर केवल विद्यार्थी भएर शिक्षाक्षेत्रमा प्रगतिको आँधी चलाउने साहस गर्नुपर्छ । विद्यार्थी कदापि मौन हुनुहुँदैन, ऊ देशको तागत हो ।

सैद्धान्तिक ज्ञान र व्यावहारबीच तालमेल भए मात्र देशको विकासले गति लिन्छ तर अहिले सिद्धान्त र प्रगोगबीच आकाश-पातालको अन्तर छ । कतिपय सरकारी क्याम्पसका प्रगोगशालामा आवश्यक उपकरण छैनन् । पुस्तकालयमा यथेष्ट पुस्तक छैनन् । विज्ञान र प्रविधिबिना आजको युगमा पाइला चाल्न सकिँदैन तर देशमा लत्याइएको क्षेत्र नै विज्ञान र प्रविधिको क्षेत्र हो ।

एक त देशको राजनैतिक अस्थिरताले मनोवैज्ञानिक असर पुऱ्याएको छ, अर्को शिक्षा क्षेत्रमा व्याप्त अनुशासनहीनता र अराजकताले समस्याको घाउमा अर्को घाउ कोतरेको छ । देशलाई विकासको मार्गतर्फ डोऱ्याउन शिक्षाको अहम् भूमिका छ । अतः अबको शिक्षा व्यवहारमुखी हुनुपर्छ, होइन भने हाम्रो शैक्षिक प्रमाणपत्र फेरि पनि बेकामे हुनेछ ।

**–विजयमणि पौडेल**

● तीतो सत्य ●

अनुशासनहीन व्यक्तिले न सफलता पाउन सक्छ न त ऊ बाँच्नुको कुनै अर्थ नै रहन्छ ।

जहाँ आफ्नोपन झल्कन्छ त्यहाँ कुनै हिंसा हुन सक्दैन ।

दुई व्यक्तिबीच तेस्रो व्यक्तिको घनघोर प्रशंसा गरिन्छ भने त्यहाँ पनि रहस्य लुकेको हुन्छ ।

**–अंशु नेपाल, सिन्धुपाल्चोक**

घृणा मायाको पहिलो खुड्किलो हो ।

मृत्युको कष्ट त दुईपलको हुन्छ तर अपमानको कष्ट जिन्दगीभरिलाई हुन्छ ।

इर्ष्या असफलताको दोस्रो नाम हो ।

**–आनन्द कर्माचार्य, धनुषा**

जहाँ शान्ति हुन्छ त्यहाँ सुख मिल्छ ।

असल मानिसले जहिले पनि आफूले गरेको गल्तीको प्रायश्चित गर्छ ।

जसले उपकार गर्छ उसको दैलो सबैले ढकढकाउँछन् ।

**–जमुना खेवा, धनकुटा**

मुस्कानको प्रक्रिया क्षणिक हुन्छ तर यसको स्मरण लामो समयसम्म रहन्छ ।

**–कृष्ण थापामगर**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

● सहर चर्चा ●

## मिर्गौला रोगविरुद्ध



'मृगौला-मुटु दाजुभाइ जरुरी छन् प्राणलाई, एउटाको चोट अर्कोलाई बचाइराखौं दुवैलाई ।' यही नाराका साथ बीपी कोइराला विज्ञान स्वास्थ्य प्रतिष्ठान, धरानद्वारा सञ्चालित केएचडीसी कार्यक्रमको सन्देशवाहकका रूपमा काम गरिरहेका छन् वरिष्ठ मृगौला रोग विशेषज्ञ प्रा. डा. सञ्जीव शर्मा । शर्मा राजधानीबाहिर कार्यरत वरिष्ठ मृगौला रोग विशेषज्ञ हुन् । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका विभागीय प्रमुख डा. सञ्जीव शर्मालाई इन्टरनेशनल सोसाइटी अफ नेफ्रोलोजी (आइएसएन) को एजुकेसनल समितिले एजुकेशनल एम्बेसेडरमा नियुक्त गरेको छ । डा. शर्माले उक्त कार्यक्रममार्फत धरानननजिकका गाउँ पाँचकन्या, तरहरा आदि क्षेत्रका करिब २० हजारभन्दा बढी व्यक्तिको मृगौला परीक्षण गराइसकेका छन् । प्रतिष्ठानद्वारा विगत दुई वर्षदेखि यस्तो घरदैलो कार्यक्रम हुँदै आएको छ । बेलैमा मृगौला रोग लागेको थाहा भए सामान्य उपचारपछि बच्न सकिने तर पछि मात्र थाहा भएमा धेरै पैसा खर्च गर्दा पनि बिरामी निको नहुने शर्मा बताउँछन् । डा. शर्मा भन्छन्- 'यो कार्यक्रमलाई अझ गाउँ-गाउँमा लाने विचार छ ।' मृगौला रोगसम्बन्धी नवीन जानकारीहरूलाई विकाशोन्मुख देशहरूसम्म पुऱ्याउन र ती देशमा भैरहेका मृगौला रोगसम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्नेकार्यमा पनि उनी संलग्न छन् ।



● मोडल वाच ●

## हङकङकी मोडल

लामो समयदेखि हङकङमा बसोबास गर्दै आएकी वसन्ती पुन त्यहाँको नेपाली मोडलिङ क्षेत्रमा चर्चित नाम हो । मिस ट्यालेन्ट हन्ट हङकङ नेपाल-२००६ की विजेता वसन्ती अहिले १९ वर्षकी भइन् । हङकङस्थित एउटा बैंकमा अधिकृतका रूपमा कार्यरत वसन्ती संगीतमा पनि रुचि राख्छिन् । उनले अहिलेसम्म सातवटा पप तथा रकगीत आफ्नै संगीत, शब्द तथा स्वरमा रेकर्ड गराइसकेकी छिन् । 'चाँडै नै गीतिसंग्रह सार्वजनिक गर्ने लक्ष्य छ,' उनी भन्छिन् – 'फुर्सदमा म गीत नै गुनगुनाइरहेकी हुन्छु ।' बिजनेस एन्ड म्यानेजमेन्टमा स्नातक गरिरहेकी वसन्ती अंग्रेजी, चाइनिज तथा फ्रेन्च भाषामा पोख्त छिन् । ५ फिट ३ इन्च अग्ली वसन्ती आफ्नो सौन्दर्यभन्दा प्रतिभा देखाउन मोडलिङ प्रतियोगितामा सहभागी भएको धारणा व्यक्त गर्छिन् । अनाथ बालबालिकाहरूको सेवा गर्न रुचाउने वसन्ती मनमा कुरा राखेर बोल्नेहरूलाई मन पराउँदिनन् । भविष्यमा राम्रो बिजनेस कम्पनी खोलेर नेपालमै काम गर्ने उनको योजना छ । उनका आकर्षक तस्बिरहरू ठिकठाक डटकममा हेर्न सकिन्छ ।

● मुखाले ●

एमालेकै नेतृत्वमा राष्ट्रिय सरकार बन्छ ।

**–विमलेन्द्र निधि**

जसलाई हामी स्थापित मूल्य-मान्यता भन्छौं त्यसैमाथि माओवादीको प्रहार हुन्छ ।

**–डा. रामशरण महत**

हाम्रो झन्डा अद्वितीय छ, यस्तो राम्रो झन्डा फेर्नु हुँदैन ।

**–मदनकृष्ण श्रेष्ठ**

प्रचण्डसँग पछिल्ला छलफलमा ५ हजार लडाकु मात्र सेनामा भर्ती गर्ने कुरा भएको छ ।

**–माधवकुमार नेपाल**

सामन्ती राजतन्त्रलाई फिर्ता ल्याउने षड्यन्त्र भैरहेको छ ।

**–पुष्पकमल दाहाल**

कुन विदेशीले हात समातेर राजीनामा गरायो माओवादीलाई ?

**–केपी शर्मा ओली**

सरकारले पपुलिस्ट बजेट मात्र नल्याओस् ।

**–सुरज वैद्य**

नेपालका कलाकारहरूको वैचारिक धरातल, सांस्कृतिक स्तर र मूल्य अत्यन्त अवसरवादी छ ।

**मणी थापा**

हामी जनगणतन्त्रको तयारीमा छौं ।

**– हरिभक्त कँडेल**

राजनैतिक असक्षमता नै सामाजिक विकृतिको आधार बनेको छ ।

**–सुरेश ढकाल, मानवशास्त्री**

म राम्री छु भनेर घमन्ड गर्दिनँ ।

**सुष्मा कार्की, नवनायिका**

# छिमेकी देशमा पढ्न जाने क्रेज

**शिव मुखिया**

काठमाडौं– न भिसाको प्रक्रिया अपनाउनुपर्ने, न त भाषा-संस्कृतिकै समस्या खेप्नुपर्ने । अब्रोड स्टडीको तयारी गरिरहेका विद्यार्थीका लागि छिमेकी मुलुक भारत सहज गन्तव्य बन्दै आएको छ।  सेप इभेन्टले हालै अध्ययनका लागि भारतलाई गन्तव्य बनाउने विद्यार्थीलाई लक्षित गरेर शैक्षिक मेला आयोजित गऱ्यो । मेला राजधानीको भृकुटीमण्डमा गएको शुक्रबारदेखि तीन दिनसम्म चलेको थियो । तेस्रो पटक आयोजित 'क्यारियर फियर-२००९' मा भारतीय कलेजका बारेमा प्रत्यक्ष जानकारी लिन सकिन्थ्यो ।

'म नर्सिङका सम्बन्धमा बुझ्न आएकी हुँ' शनिबार मेला घुमिरहेकी प्रेक्ष्य प्रधानले भनिन्- 'स्टल राखेका धेरैजसो कलेजले यो विषय पढाउँदा रहेछन् ।' उनीसँगै भेटिएका थिए रोशन शर्मा । रोशन बिजनेस म्यानेजमेन्टको कोर्सका सम्बन्धमा बुझ्न आएका थिए । ब्याचलर अफ बिजनेस म्यानेजमेन्ट (बीबीएम) गर्ने सोचमा रहेका रोशनले भने- 'यो कोर्सका लागि डेढ लाखभन्दा बढी खर्च हुने रहेछ ।' खर्चको चिन्ता छैन उनलाई, तर राम्रो कलेज कसरी छान्ने भन्ने कुरामा अझै द्विविधा छ। यता टेक्नोलोजीमा रुचि भएका विवेक अधिकारी केएनएस इन्स्टिच्युट अफ टेक्नोलोजीको ब्रोसरमा ध्यान केन्द्रित गरिरहेका थिए । उनी कम्प्युटर साइन्स अध्ययन गर्ने निर्णयमा पुगेका रहेछन्। 'राम्रो जानकारी पाइयो, पढ्न त जहाँ पढे पनि भयो नि,' उनले भने।

अधिकांश स्टलमा भारतीय कलेज/विश्वविद्यालयका शैक्षिक कार्यक्रमका सम्बन्धमा जानकारी उपलब्ध गराइएको थियो। त्यसमध्ये पनि धेरैजसोमा मेडिकल, नर्सिङ, म्यानेजमेन्ट र आईटीका आकर्षक कार्यक्रम समेटिएको थियो। त्यस्तै पाइलट बन्न चाहने वा एयर होस्टेजमा रुचि भएकाहरू लागि मेला उपयुक्त गन्तव्य बन्यो। त्यसो त एयरक्राफ्ट मेन्टिनेन्ससम्बन्धी ट्रेनिङ लिन पनि थुप्रै युवा इच्छुक देखिए ।

मेलामा दिल्ली, कोलकोता, बैंग्लोर, दार्जीलिङ, जयपुर, देहरादून आदि स्थानका कलेज युनिभर्सिटीको शैक्षिक कार्यक्रमसम्बन्धी परामर्श दिइएको थियो । कोलकाताको गोल्डेन रिजेन्सीले आफ्नो शैक्षिक कार्यक्रमअनुसार एडभान्स डिप्लोमा इन हस्पिटालिटी म्यानेजमेन्ट, ब्याचलर अफ हस्पिटालिटी म्यानेजमेन्ट, बीएस्सी इन होटल म्यानेजमेन्ट एन्ड टुरिज्मको कोर्स अध्ययन गर्न लाग्ने खर्च, योग्यता आदिका बारेमा जानकारी दिएको थियो । बैंग्लोरको अनुपमा कलेजले बायो-टेक्नोलोजी, फार्मेसी, जर्नालिज्म, बिजनेस म्यानेजमेन्ट आदि विषयमा अध्ययनका लागि विद्यार्थीलाई आमन्त्रण गरेको थियो ।

मेलामा भारतका मात्र ८० वटा कलेज/युनिभर्सिटीले सहभागिता जनाएका थिए । 'ती सबैले क्यारियरसँग सम्बन्धित विषय अध्यापन गराउँदै आएका छन्,' सेप इभेन्टका राम थापाले भने । 'सहभागी कलेज/युनिभर्सिटीमा नर्सिङ, म्यानेजमेन्ट, एयर होस्टेज, आईटीजस्ता व्यवसायमुखी विषय पढ्न पाइन्छ ।' पछिल्लो समय अध्ययनका लागि भारत जाने नेपाली विद्यार्थीहरूको संख्या बढ्दै गएपछि उनीहरूकै रुचिअनुरूप मेलाको व्यावस्थापन गरिएको थापाले बताए ।

अब्रोड स्टडीका लागि अमेरिका, अस्ट्रेलियाजस्ता मुलुक बढी झन्झटिला हुन थालेपछि कतिपय विद्यार्थीको गन्तव्य भारततिर मोडिएको छ । भारतमा अध्ययन गर्न जाने नेपालीहरूले भाषा-संस्कृतिमा सास्ती खेप्नु नपर्ने थापाको भनाइ छ । भाषिक एवं सांस्कृतिक समानता र रोजगारीको अवसर समेत पाइने भएकाले अब्रोड स्टडीका लागि अमेरिका, अस्ट्रेलिया पुग्ने विद्यार्थीका लागि भारत सहज गन्तव्य भएको थापा बताउँछन् । अझै पनि दार्जीलिङका कलेज/युनिभर्सिटीको गुणस्तरीय शिक्षाप्रति आकर्षित हुनेहरूको संख्या घटेको छैन । त्यस्तै 'विद्या हराए काशी जानू' भन्ने उक्तिले पनि गुणस्तरीय शिक्षाको लागि विगतदेखि नै नेपाली विद्यार्थीको लागि भारत एक मात्र गन्तव्य बन्दै आएको बुझ्न सकिन्छ। '

एसएलसी दिएका विद्यार्थीदेखि प्लस टुको परीक्षा सिध्याएका विद्यार्थीहरूसमेत मेलाबाट लाभान्वित भए।










# एसएलसीको सुखद परिणाम



**विदुर खतिवडा**

एसएलसीको ७५ औं संस्करण अर्थात् यो वर्षको एसएलसीमा कुल सहभागी विद्यार्थीमध्ये ६८ दशमलव ४७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। ७५ वर्षे एसएलसी इतिहासमै कीर्तिमान परिणाम सार्वजनिक भएको यो वर्ष एसएलसीमा सहभागी कुल ३ लाख ८८ हजार ५ सय २२ विद्यार्थीमध्ये नियमिततर्फ २ लाख ३४ हजार ६ सय २ विद्यार्थी र एक्जामटेडतर्फ २१ हजार ८ सय ८७ विद्यार्थी उत्तीर्ण भएका छन्।

उत्तीर्णमध्ये ११ हजार ३ सय ४ विशिष्ट श्रेणी, ८७ हजार ७ सय ७२ प्रथम श्रेणी, १ लाख २५ हजार ४ सय २५ दोस्रो श्रेणी र १० हजार १ सय ५ तेस्रो श्रेणीमा छन्। एक्जामटेडमा ४७ दशमलव ६९ प्रतिशत विद्यार्थी उत्तीर्ण भए। एक्जामटेडमा ४५ हजार ८ सय ९० विद्यार्थी सहभागी थिए।

प्रकाशित नतिजाअनुसार नियमिततर्फ ७२ दशमलव ३ प्रतिशत छात्र र ६४ दशमलव ३४ प्रतिशत छात्रा उत्तीर्ण भए। छात्र उत्तीर्ण संख्या १ लाख ३२ हजार ६ सय ६२ र छात्राको उत्तीर्ण संख्या १ लाख १ हजार ९ सय ४० छ। विशिष्ट र प्रथम श्रेणीमा उत्तीर्णको प्रतिशत करिब ४१ छ। यो वर्षको उत्तरपुस्तिका परीक्षण मुलुकभरका ४४ केन्द्रमा गरिएको थियो।

नतिजा बढाउने उद्देश्यले यो वर्ष दुई विषय अनुत्तीर्णलाई ५ नम्बर ग्रेस दिइएको थियो। परीक्षा नियन्त्रण कार्यालयका अनुसार ग्रेसबाट करिब १५ हजार विद्यार्थी उत्तीर्ण भए। यो कुल संख्याको ४ प्रतिशत हो। यो वर्षको परिणाम र ग्रेसमार्कलाई विश्लेषण गर्दै शिक्षाविद् तीर्थ खनियाँ भन्छन्- 'यो वर्ष पनि लेखेर पास गर्ने विद्यार्थीको संख्या ६४ प्रतिशत मात्र हो।' यो वर्ष पनि सधैंझैं सबैभन्दा बढी अंग्रेजी, गणित र विज्ञानमा विद्यार्थी अनुत्तीर्ण भएका छन्।

परीक्षा नियन्त्रण कार्यालयका अनुसार दुइ विषय अनुत्तीर्ण विद्यार्थीले आगामी साउन २५ देखि ३२ गतेसम्म पूरक परीक्षा दिन पाउनेछन्। २०६० मा ४६ दशमलव १८ प्रतिशत, २०६१ मा ३८ दशमलव ७२ प्रतिशत, २०६२ मा ४६ दशमलव ५१ प्रतिशत, २०६३ मा ५८ दशमलव ६४ प्रतिशत, २०६४ मा ६३ दशमलव ७३ प्रतिशत, २०६५ मा ६८ दशमलव ४७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। गत वर्षको नतिजाभन्दा यसपटक ५ प्रतिशत बढी विद्यार्थी उत्तीर्ण भएका छन्। गत वर्ष ३ लाख ७० हजार ७८ विद्यार्थीमध्ये १ लाख ९५ हजार ६ सय ८९ विद्यार्थी उत्तीर्ण भएका थिए। यो वर्ष एसएलसी दिने विद्यार्थीको संख्या गत वर्षको तुलनामा २५ हजार बढी थियो।

परीक्षाफल सार्वजनिक गर्ने क्रममा परीक्षा नियन्त्रण कार्यालयले सामान्य परिणाम सँची सार्वजनिक गरे पनि सामुदायिक विद्यालय र निजी विद्यालयबाट कति विद्यार्थी उत्तीर्ण भए भन्ने कुरा सार्वजनिक गरेन। 'यो वर्ष तराईको परिणाम अस्वाभाविक ढंगले बढेको अनुमान गरिएको छ,' शिक्षाविद् खनियाँका अनुसार यदि त्यस्तो भए परीक्षा सञ्चालनको शुद्धतामा प्रश्नचिह्न खडा हुन्छ।

शिक्षाविद्हरू कक्षा १० को पाठ्यक्रमबाट मात्र परीक्षामा सोधिने भएकाले ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुनुपर्ने तर्क गर्छन्। एसएलसीमा २०६३ सालदेखि १० कक्षाबाट मात्र प्रश्नपत्र सोध्न थालिएको थियो। कक्षा १० बाट मात्र प्रश्नपत्र सोधिने भएकाले उत्तीर्णांक दर बढ्दै गएको परीक्षा नियन्त्रण कार्यालयको तर्क छ। पुरानै ढर्राको अध्यापन शैली, उस्तै राजनैतिक परिवेश, उस्तै परीक्षा प्रणाली भएको अवस्थामा पछिल्ला केही वर्षयता परिणामको दर बढ्नुले थुप्रै प्रश्न तेर्स्याएको छ। शिक्षाशास्त्री चिरञ्जीवी शर्मा भन्छन्- 'परिणाम बढ्नुका पछाडि यो स्पष्ट आधार छ भनेर प.नि.का.ले नबोलेको अवस्थामा यो वर्षको परिणामलाई सूक्ष्म ढंगले अनुसन्धान गर्नुपर्ने अवस्था आएको छ।'

वि.सं. १९९० मा एसएलसी परीक्षा प्रारम्भ हुँदा जम्मा २७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए। सरकारले सन् २०१२ देखि कक्षा १२ लाई विद्यालयतह बनाउने निर्णय गरिसकेको छ। त्यस अनुसार कक्षा १० को परीक्षा क्षेत्रीय तहमा सिमित हुनेछ। सरकारी नीतिअनुसार कक्षा १२ ले महत्त्व पाउनुपर्ने हो, शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार त्यसैले सरकारले कक्षा १२ सम्मको अध्ययन-अध्यापनका निम्ति क्षमता अभिवृद्धि गर्नु आवश्यक भैसकेको छ।

## एसएलसी परिणामबारे शिक्षाविद्हरू

'मैले सहज ढंगले लिएको छु। केटाकेटीहरूले राम्रो प्रगति गरेका छन्। उनीहरू एसएलसीको परीक्षामा अभ्यस्त भएछन्। केटाकेटीले पढ्नुपर्ने रहेछ भन्ने थाहा पाएछन्, हिजोका दिनमा बुर्जुवा शिक्षा भनेर अध्ययन नगरे पनि बिदेसिनुपर्दा वा स्वदेशमै रहँदा पनि शिक्षाको महत्त्व रहेछ भन्ने प्रभाव नेपाली समाजमा परेको छ, तर के कारणले यस्तो उत्साहप्रद परिणाम आयो भन्ने कुराचाहिँ बुझ्न सकेको छैन।'

**प्रा. डा. विद्यानाथ कोइराला, शिक्षाविद्**

'एसएलसीको परिणाम जुन प्रकारले वृद्धि हुँदै गएको छ, यसलाई मैले सकारात्मक ढंगले लिएको छु। यस पटकको परिणामले नेपालको शैक्षिक स्तर विकास हुँदै गएको देखाउँछ। एसएलसीलाई फलामे ढोका भन्नुपर्ने अवस्था अब रहेन, अर्थात् हिजोका दिनमा एसएलसीलाई त्रासद परीक्षाका रूपमा जसरी लिइन्थ्यो, सायद अब त्यो रहँदैन। एसएलसी परिणामको विषयलाई लिएर पछिल्ला दिनमा अनावश्यक टिप्पणी भैरहेका छन्, जुन आवश्यक छैन।'

**लोकबहादुर भण्डारी,**
**सचिव, उमावि संघ, नेपाल (हिसान)**

'सकारात्मक रूपमा लिएको छु। गत वर्षको तुलनामा शिक्षामा गरिएको लगानीको प्रतिफल बढेको छ। यद्यपि कसरी यस्तो परिणाम आयो भनेर सम्बन्धितहरूले खुलासा नगर्नुले परीक्षा प्रणालीप्रति नै औंलो ठड्याउने स्थिति आएको छ। हिजोको तुलनामा कक्षाकोठामा राखिने विद्यार्थी संख्यामा फरक आएर हो कि, शिक्षण प्रणालीमा सुधार आएर हो कि, शैक्षिक वातावरण सुदृढ भएर हो कि वा के भएर हो ? यो सुखद परिणाम आएको। परीक्षा नियन्त्रण कार्यालयले स्पष्ट पार्नुपर्छ। त्यति मात्र होइन, परीक्षा संचालन पद्धति र उत्तरपुस्तिका विश्लेषण गर्नु आवश्यक छ।'

**तीर्थ खनियाँ, शिक्षाविद्**

'सकारात्मक परिणाम हो भन्न सक्दिनँ। विद्यार्थीले यसपटक परीक्षाको तयारी गर्दादेखि परीक्षा दिँदासम्मको वातावरण पनि विगतका वर्षहरूजस्तै थियो। उही परिवेश, उस्तै शैक्षिक वातावरण पाएका विगतका विद्यार्थीले एसएलसीमा सफलता नपाउने तर यसपटक भने अचम्म लाग्ने गरी सफल परिणाम आउनुले परीक्षा प्रणालीमै प्रश्नचिह्न खडा गरेको छ। यो कारणले राम्रो परिणाम आएको हो भनेर पुष्टि हुने आधार नै छैन। परीक्षा अधिकारीहरूले हाम्रा शिक्षकको गुणस्तर विकास भयो वा शैक्षिक वातावरण राम्रो भयो वा सरकारी नीति राम्रो बन्यो वा टिचिङ मेथोडोलोजी राम्रो भयो भनेर सफल परिणामका आधार गनाउन सक्नुपर्‍यो।'

**प्रा. चिरञ्जिवी शर्मा, शिक्षाविद्**

# उत्कृष्ट कलेज, छनौटको आधार





एसएलसीमा उत्तीर्ण विद्यार्थीहरूलाई उत्कृष्ट कलेज छनौट गर्न सहज होस् भनेर साप्ताहिकले प्रत्येक वर्ष कलेजहरूको ऱ्याङकिङ गर्दै आएको छ। उच्च माध्यमिक शिक्षा परिषद्ले सञ्चालन गरेको प्लस टु कार्यक्रम चलाइरहेका कलेजहरूमध्ये अघिल्लो वर्षको परीक्षामा आफूलाई अब्बल सावित गरेका कलेजहरूको विवरण हामीले जस्ताको तस्तै प्रस्तुत गर्दै आएका छौं। परिषद्ले उपलब्ध गराएको तथ्याङ्क तथा सम्प्रेषण बुलेटिनका आधारमा यो ऱ्याङकिङ तयार गरिएको हो। प्रतिशतका आधारमा वि.सं. २०६४ सालको कक्षा ११ र वि.सं. २०६५ सालको कक्षा १२ को परीक्षामा आफूलाई अब्बल ठहऱ्याएका कलेज यो लिस्टमा पर्न सफल भएका छन् तर यो एक वर्षको परीक्षाफलका आधारमा यिनै कलेज मात्र सबै दृष्टिकोणले उपयुक्त छन् भन्ने छैन। उत्कृष्ट १० को ऱ्याङकिङ गर्दै आएकोमा यसपटक अति विकट मानिने दार्चुलाको उच्च माध्यमिक विद्यालय थोरै प्रतिशतका आधारमा पछि परेकाले यसपटकको ऱ्याङकिङमा हामीले उत्कृष्ट १२ कलेज घोषणा गरेका छौं। थोरै प्रतिशतको अन्तरले गर्दा बाहिरिएका कलेजहरू पनि थुप्रै छन्।

ऱ्याङकिङका लागि न्यूनतम कति विद्यार्थी भएको कलेज लिने? परिषद् तथा परिषद् बाहिरका विज्ञहरूसँग राखिएको यो जिज्ञासाको चित्तबुझ्दो आधार पाइँदैन। राजधानीबाट प्रकाशन हुने विभिन्न अखबारले आफ्नै आधारमा उत्कृष्ट कलेजको नाम सार्वजनिक गरेका छन् तर हामीले उच्च माध्यमिक शिक्षा परिषद्ले उपलब्ध गराएको तथ्याङ्कको आधारमा मुलुकभर प्लस टु अध्ययनरत विद्यार्थीको कुल संख्यालाई मुलुकभरका प्लस टु कलेजले भाग गर्दा आएको औसत १ सय २५ विद्यार्थी अध्यापन गराउने कलेजलाई यो प्रतिस्पर्धामा भिडाएका छौं। थोरै विद्यार्थीमा राम्रो गर्ने भन्दा पनि धेरैमा राम्रो गर्नेहरूलाई प्राथमिकता दिनुपर्छ भन्ने आधारमा थोरैमा उत्कृष्ट परिणाम ल्याएका गण्डकी बोर्डिङ पोखरा, नामग्याल उमावि गोकर्ण, एसओएस काठमाडौं, पोखरा, बूढानीलकण्ठ स्कुल, ज्ञानोदय बालबाटिका ललितपुर, नाइटिंगेल इन्टरनेसनल कुपन्डोल, ज्ञानप्रकाश उमावि ओखलढुंगा, सरस्वती उमावि सिन्धुपाल्चोक, नीलकण्ठ उमावि रसुवा, महर्षि बाल्मिकी गौर, शंकर गुद्दार उमावि रौतहट, माउन्ट एभरेस्ट उमावि, सिमरा, गोर्खा इन्टरनेसनल पब्लिक घोराही, सरस्वती उमावि बझाङ, लामातोला उच्च मावि बझाङ, रुम्जाटार उ.मा.वि. ओखलढुङ्गा, सगरमाथा इंग्लिस बोर्डिङ मिर्चैया, नेपाल प्रहरी, सरस्वती उमावि रौतहट आदि उमावि यो छनौटमा परेनन्। पछिल्ला वर्षमा मोफसलका कलेजहरूले गरेको प्रगतिलाई हेरेर मोफसललाइ विशेष ध्यान दिएका छौं।

-विदुर

### २०६४ सालमा उपत्यका बाहिर कक्षा ११ मा उत्कृष्ट परीक्षाफल प्राप्त गर्ने प्लस टुहरू

| कलेज | परीक्षार्थी संख्या | उत्तिर्ण | प्रतिशत |
|---|---|---|---|
| सगरमाथा उच्च मावि, पोखरा | १६९ | १५५ | ९१.७२ |
| गौरिशंकर यादव रौतहट क्याम्पस, गौर | २०६ | १८८ | ९१.२६ |
| गौरिशंकर उच्च मावि, रामेछाप | १४७ | १३२ | ८९.८० |
| मेरिल्यान्ड उच्च मावि, विराटनगर | २२१ | १९६ | ८८.६९ |
| श्री उमावि गरुडा, रौतहट | २०८ | १८३ | ८७.९८ |
| गोकुलेश्वर उच्च मावि, दार्चुला | १४० | ११९ | ८५.०० |
| कोबास, विराटनगर | १७८ | १४८ | ८३.१५ |
| अमरसिंह उच्च मावि, पोखरा | २६७ | २१९ | ८२.०२ |
| त्रिभुवन उच्च मावि, बर्दिया | १६२ | १३१ | ८०.८६ |
| प्रेसिडेन्सी उच्च मावि, भरतपुर | १७५ | १३८ | ७८.८६ |

### २०६५ सालमा उपत्यका वाहिर कक्षा १२ मा उत्कृष्ट परीक्षाफल प्राप्त गर्ने प्लस टु हरू

| कलेज | परीक्षार्थी संख्या | उत्तिर्ण | प्रतिशत |
|---|---|---|---|
| सगरमाथा उच्च मावि, पोखरा | १५८ | १५७ | ९९.३७ |
| श्री उमावि गरुडा, रौतहट | २०२ | २०० | ९९.०१ |
| कोबास, विराटनगर | १६६ | १६२ | ९७.५९ |
| एभरेस्ट इन्टरनेसनल, लाहान, सिराहा | १४० | १३१ | ९३.५७ |
| गौरिशंकर उच्च मावि, रामेछाप | १३८ | १२८ | ९२.७५ |
| गोकुलेश्वर उच्च मावि, दार्चुला | १४६ | १३३ | ९१.१० |
| गौरिशंकर यादव रौतहट क्याम्पस | २०१ | १८० | ८९.५५ |
| चक्र जनता सहिद गंगा उमावि, बरहथवा | २०२ | १८० | ८९.११ |
| न्यु होराइजन उच्च मावि, बुटवल | ५०४ | ४३३ | ८५.९१ |
| मोहन उच्च मावि, मिर्चैया | १३५ | ११५ | ८५.५५ |

### २०६४ सालमा उपत्यका भित्र कक्षा ११ मा उत्कृष्ट परीक्षाफल प्राप्त गर्ने प्लस टु हरू

| कलेज | परीक्षार्थी | उत्तिर्ण | प्रतिशत |
|---|---|---|---|
| काठमाडौं मोडल उमावि, बागबजार | ३७६ | ३६५ | ९७.०७ |
| प्रसादी एकेडेमी, तफाल्हो, ललितपुर | ४२३ | ४०३ | ९५.२७ |
| एस उमावि, बानेश्वर, काठमाडौं | २०७ | १९२ | ९२.७५ |
| युनाइटेड एकेडेमी, लगनखेल | ६७२ | ६१८ | ९१.९६ |
| सेन्टमेरिज उच्च मावि, जावलाखेल | १७१ | १५७ | ९१.८९ |
| नेसनल स्कुल अफ साइन्सेज, लैनचौर | ८५० | ७७३ | ९०.९४ |
| रिलायन्स इन्टरनेसनल एकेडेमी, चाबहिल | २८० | २४२ | ८६.४३ |
| ग्लोबल कलेज मध्यबानेश्वर | ३७५ | ३१७ | ८४.५३ |
| काठमाडौं डनबस्को उमावि, नयाँ बानेश्वर | ३०१ | २५० | ८३.०६ |
| क्यापिटल हिल एकेडेमी, टेकु | २४६ | २०२ | ८२.११ |

### २०६५ सालमा उपत्यकाभित्र कक्षा १२ मा उत्कृष्ट परीक्षाफल प्राप्त गर्ने प्लस टुहरू

| कलेज | परीक्षार्थी | उत्तिर्ण | प्रतिशत |
|---|---|---|---|
| सेन्ट मेरिज उच्च मावि, जावलाखेल | १६७ | १६४ | ९८.२० |
| प्रसादी एकेडेमी, तफाल्हो, ललितपुर | ४१२ | ४०३ | ९७.८२ |
| काठमाडौं मोडल उमावि, बागबजार | ३६५ | ३४५ | ९४.२५ |
| लि.एञ्जल्स उमावि, हात्तीवन, ललितपुर | २७७ | २५६ | ९२.४२ |
| एनसिसिएस, पकनाजोल | २१४ | १९६ | ९१.५९ |
| नेसनल स्कुल अफ साइन्सेज, ललितपुर | ८२० | ७४९ | ९१.३४ |
| युनाइटेड एकेडेमी, ललितपुर | ६२० | ५६६ | ९१.२९ |
| हिमालय ह्वाइट हाउस, नयाँ बानेश्वर | ६६३ | ५९६ | ८९.८९ |
| जेभियर एकेडेमी, लाजिम्पाट | २४९ | २१८ | ८७.५५ |
| जेभियर इन्टरनेसनल कलेज, कालोपुल | २४० | २१० | ८७.५० |

स्टार होटलमै तालिम
जापानको लागि स्पेशल Cooking कोर्ष साथै Language
नेपालको लागि Job Guarentee
Cook-Indian/Chinese/ Italian/Continental, साथै Waiter/ Barman
Crystal Training
Tel: 2403011 Mob: 9841611373
ट्रेनिङ्ग गर्ने होटल जमलमा

होटल तालिम होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chef हरुद्वारा सिकाइने कुक-वेटर/हाउस किपिङ्ग/बेकरी/ फ्रन्ट अफिस/बार म्यान/तथा अंग्रेजी, नेपाली र जापनीज भाषाका कक्षाहरु का साथै हाउस वाइफ र पढ्दै नपढेको हरुका लागि विशेष कक्षाको व्यवस्था गरिदै छ। भर्ना धमाधम लिइदैछ।
Hotel Khumjung Training Center
महाराजगञ्ज, चक्रपथ, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Tel: 4373411, 4372194

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

उद्घोषण तालिम
RJ/ VJ/ MC
एस.एल.सी तथा १०+२ परीक्षा दिएर बसेका विद्यार्थीहरुका लागि विशेष छुटसहित उद्घोषण तालिम।
रेडियोकर्मीहरुद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
नयाँ कक्षा धमाधम संचालन भइरहेको छ।
प्रशिक्षक विनिता डि.सी.का साथमा
रुपेश श्रेष्ठ, मृदुला खनाल, मुनालशिशिर, राजाराम फुयाल, दिपक समिर, राज श्रेष्ठ, केशवराज पाण्डे र नविन लुईटेल
सम्पर्क BIKALPA, THE OPTION
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङको दाहिनेपट्टि)
फोन नं. ०१-४४९०१६८
रु. १०००/- छुट सहित
विकल्प एफ.एम TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी



# अब कहाँ पढ्ने ?

● विदुर खतिवडा

विराटनगरस्थित होलिल्यान्ड सेकेन्डरी बोर्डिङ स्कुलबाट एसएलसीमा विशिष्ट श्रेणीमा उत्तीर्ण ऋचा भट्टराईले भविष्यमा डाक्टर हुने लक्ष्य राखेकी छिन् । 'अहिलेसम्मको लक्ष्य डाक्टर बन्ने हो,' ऋचाले भनिन्- 'तर उच्च शिक्षा हासिल गर्ने क्रममा अन्य विषयमा आकर्षक क्यारियर पाए भने लक्ष्य परिवर्तन पनि हुनसक्छ ।'

बूढानिलकण्ठ स्कुलबाट विशिष्ट श्रेणीमा उत्तीर्ण गरेका सुशान्त गौतम भने इकोनोमिस्ट बन्ने लक्ष्य राख्छन् । 'इकोनोमिक्समा उच्च शिक्षा हासिल गर्दा अपरच्युनिटी धेरै छ,' सुशान्त भन्छन्- 'इकोनोमिक्सप्रति बढ्दो क्रेज देखेर मैले पनि यही विषयमा क्यारियर डेभलप गर्ने सोंच राखेको छु ।'

चितवनका एलिस ढकालले पनि विशिष्ट श्रेणीमै एसएलसी उत्तीर्ण गरेका छन् । इन्जिनियरिङमा क्यारियर देखेका यी युवा भने प्लस टुसम्म साइन्स अध्ययन गरेर बिदेसिन सक्ने सम्भावना व्यक्त गर्छन् । एलिस भन्छन्- 'विज्ञानप्रतिको मेरो मोह सानैदेखिको हो ।'

एसएलसी उत्तीर्ण भएकै दिन कुराकानीका क्रममा यी तीन प्रतिनिधि पात्रले आफ्नो लक्ष्य सुनाउन भ्याए । विशिष्ट श्रेणीमा एसएलसी पार गरेका उनीहरू सफल मानिस बन्ने ध्याउन्नमा उच्च शिक्षाको बाटोतर्फ केन्द्रित भएको बताउँछन् ।

व्यक्ति फरक, दृष्टिकोण पनि फरक । ए लेभलमा भर्ना भैसकेका सुशान्त हुन वा प्लस टु साइन्समा भर्ना हुन लागेकी ऋचा, दुवै स्पष्ट वक्ता छन् । 'कहिलेकाहीं लक्ष्यमा कन्फ्युज भएँ पनि,' ऋचा भन्छिन्, 'सफल मानिस बन्ने कुरामा कन्फ्युज छैन । म एक दिन सफल भएरै छोड्छु भन्ने बलियो आत्मविश्वास छ ।'

परिणाम आउनुपूर्व नै योजना तय गरिसकेकाले यी प्रतिनिधि पात्र आफूजस्तै अरू साथीलाई आफ्नो लक्ष्यमा स्पष्ट हुन सल्लाह दिन्छन् । सहरी क्षेत्रमा हुर्किएका यी तन्नेरीले कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भन्ने निर्णय गरिसके पनि यतिखेर आमविद्यार्थी भने 'कन्फ्युजन' भैरहेको जवाफ दिन्छन् । 'सामान्य योजना बनाउन सजिलो छ, तर कुन विषय कहाँ पढ्नेजस्ता कुराले अन्यौल सिर्जना गरिरहेको हुन्छ,' इनरुवास्थित सामुदायिक विद्यालयबाट प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण रीना मिश्राले भनिन्- 'हाम्रो योजना कच्चा हुन्छ, तिम्रा लागि यो बाटो सही छ भनेर स्पष्ट गाइडलाइन वा परामर्श दिने व्यक्तिको खाँचो छ ।' निशाका अनुसार कतिपय अवस्थामा विद्यार्थीको योजना फेल खान सक्छ, त्यसैले विद्यार्थीलाई उसको क्षमताबराबरको बाटो तय गरिदिने परामर्श उपलब्ध भए उसले सही क्यारियर छनौट गर्न सक्छ ।

एसएलसीपछि कुन विषय अध्ययन गर्ने ? राम्रो अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरूको पहिलो रोजाइ हो, विज्ञान तथा प्रविधि संकाय । विज्ञानका विद्यार्थीले प्राविधिक विषयमा उच्च शिक्षा हासिल गर्न पाउने भएकाले प्रायः अभिभावक आफ्ना सन्तानले यो संकाय रोजून् भन्ने चाहना राख्छन् । विज्ञान तथा प्रविधि संकायमा भर्ना हुने सबैले अध्ययनमा राम्रो सफलता पाउन सक्दैनन्, त्यसमा पनि विषयप्रतिको लगावले विशेष भूमिका खेल्छ । त्यसैले पछिल्ला वर्षमा राम्रो अंक ल्याएर उत्तीर्ण गरेकाहरू व्यवस्थापन संकायमा पनि त्यत्तिकै रुचि राख्छन् । समयक्रमसँगै व्यस्त हुँदै गएको समाजमा म्यानेजमेन्ट अर्थात् व्यवस्थापनको महत्त्व बढ्दै गएकाले र व्यवस्थापन संकायअन्तर्गत व्यावहारिक प्रयोगात्मक-व्यावसायिक विषयको प्रवेशले पनि विद्यार्थीमा व्यवस्थापन संकायप्रति रुचि बढेको शिक्षाविद्हरू बताउँछन् । जेभियर इन्टरनेसनल कलेजका प्राचार्य लोक भण्डारीका अनुसार व्यवस्थापन र मानविकीमा प्रयोगात्मक-व्यावसायिक पक्ष समेटिएकाले यी संकायमा उच्च शिक्षा हासिल गर्नेहरूको संख्या बढ्दै गएको हो । कम्प्युटर, बैंक-वित्तीय संस्था (फाइनान्स), व्यापार-व्यवसाय (बिजनेस), मार्केटिङ, सञ्चार, द्वन्द्व व्यवस्थापन, कला पर्यटन, होटल म्यानेजमेन्ट, नर्सिङ, फाइन आर्ट्स, समाजशास्त्र, दर्शन शास्त्र, ग्रामीण विकास, कृषि आदि विषयमा विद्यार्थीको आकर्षण बढेको देखिन्छ ।

एसएलसीपछि प्लस टु, ए लेभल र त्रिभुवन विश्वविद्यालय तथा सिटिइभिटीको प्राविधिक शिक्षामध्ये कुन 'स्ट्रिम' मार्फत जाने ? यो प्रश्नको उत्तर विद्यार्थीले परामर्शको माध्यमबाट छुट्याउनुपर्छ, तथापि विद्यार्थीको पहिलो रोजाइ प्लस टु नै रहँदै आएको छ । यो वर्षदेखि त्रिभुवन विश्वविद्यालयले प्रमाणपत्र तह खारेज गऱ्यो भने प्लस टुमा सबै विद्यार्थीलाई अटाउने भन्ने प्रश्न पनि छ ।

विद्यार्थी नेता प्रदीप पौडेलका अनुसार प्लस टुको तुलनामा प्रमाणपत्र तहमा शुल्क कम भएकाले कमजोर आर्थिक स्थितिका विद्यार्थीले अब पढ्न नपाउने अवस्था सिर्जना भएको छ । पौडेल भन्छन्- प्लस टुमा पनि प्रमाणपत्र तह बराबर नै शुल्क निर्धारण गरेर मात्र खारेज गर्न पाइन्छ ।

प्राविधिक शिक्षा रोजगारीका दृष्टिले राम्रो भए पनि यसले बृहत्तर रूप लिन सकेको छैन । हाम्रो देशको हकमा थोरै विद्यार्थीले मात्र यो बाटो रोज्ने अवसर पाएका छन् । ए लेभल सबै माध्यममध्ये महँगो र अंग्रेजी राम्रो भएकाले मात्र अध्ययन गर्न सक्ने विषय भएकाले यो सहरी क्षेत्रमै सीमित छ । शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार पैसावाल अभिभावकका भाग्यमानी छोराछोरीले मात्र ए लेभलको बाटोमा जान सक्छन् ।

यसबाहेक अहिलेको लोकप्रिय शिक्षा भनेको प्लस टु हो । प्लस टुले व्यावहारिक शैलीका विषयमा आधारभूत शिक्षा प्रदान गर्ने नीति लिएकाले यसमा विद्यार्थीहरूको आकर्षण बढेको विज्ञहरू बताउँछन् । नियमित अध्ययन-अध्यापन, चुस्त परीक्षा प्रणाली, उच्च औसत उत्तीर्ण दर, अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रमले प्लस टु लोकप्रिय बनेको उच्च माध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायणप्रसाद कोइराला बताउँछन् । प्लस टुको अर्को राम्रो पक्ष भनेको यसले धेरै विषयको पाठ्यक्रम तयार पार्नु हो । 'एसएलसी उत्तीर्ण विद्यार्थीमध्ये ७५ प्रतिशत विद्यार्थी प्लस टु शिक्षामा जानुले यसको लोकप्रियता पुष्टि हुन्छ ।' प्रवक्ता कोइराला भन्छन्- नेपाली बेसको अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम भएकाले प्लस टुका उत्पादन स्वदेशमा मात्र होइन, विदेशमा पनि सजिलै बिक्छन् ।

प्लस टु शिक्षाका धेरै राम्रा पक्ष देखिए पनि यसभित्र पनि केही कमजोरी छन् । महँगो शुल्कका कारण आर्थिक रूपमा कमजोर विद्यार्थीले प्लस टुको यात्रा तय गर्न सक्दैनन् । सहरी क्षेत्रमा दूरी निर्धारण नै नगरी धेरै विद्यालय तथा कलेजलाई प्लस टु चलाउन दिइएको छ । यसले गर्दा कतिपय कलेजमा शैक्षिक वातावरण देखिँदैन । आवासीय घरमा कलेज सञ्चालन हुनु यसको अर्को विकृति हो । त्यस्तै प्लस टुमा पार्ट टाइम र पिरियर्ड शिक्षक लिइनुले उनीहरू विद्यार्थी शिक्षामा गम्भीर नहुने अवस्था पनि छ ।

## शिक्षा सेवा होइन व्यापार

प्लस टु शिक्षामा निजी क्षेत्रका कलेजहरूको पर्फमेन्स चर्चा गर्न लायक छ । परीक्षा परिणामको आधारमा हेर्ने हो भने केही प्लस टु कलेज उदाहरणीय देखिन्छन् । नियमित अध्ययन-अध्यापन र कडा अनुशासनले गर्दा प्लस टु शिक्षा विद्यालयकै स्वरूपमा सञ्चालन हुने गरेको छ । त्यसैले समग्र रूपमा प्लस टु शिक्षाका सकारात्मक पक्ष धेरै छ तर प्लस टु शिक्षामा विद्यार्थी तान्ने होडले गर्दा अहिले यो क्षेत्रमा पनि विभिन्न नौटंकी देखिन्छ ।

एसएलसी परीक्षामा सर्वोत्कृष्ट स्थान ल्याउने विद्यार्थीलाई बीसौं लाख रुपैयाँ तिरेर आफ्नो कलेजमा भित्र्याउने होड केही वर्षअघिसम्म चलेको थियो । बोर्डफस्टलाई भित्र्याएकै कारण सफल बनेका केही कलेजले अहिलेसम्म पनि त्यसकै ब्याज खाइरहेका छन् । बोर्डफस्टको नाम सार्वजनिक हुने चलन खारेज भएपछि यो खेल रोकिएको छ, तर प्रचारको त्यो शैलीलाई मन पराउनेहरूले अहिले पनि विभिन्न इस्युमा आफ्नो प्रचार गर्न भने छाडेका छैनन् । उच्च माध्यमिक शिक्षा परिषद्ले एसएलसी परिणामअगावै विज्ञापन गर्न वर्जित गरे पनि कलेजहरूले त्यसलाई वास्ता नगरी विज्ञापन गरिरहेका हुन्छन् ।

व्यापारिक उद्देश्य पूरा नहुँदा राजधानीका स्थापित कलेजहरू फुट्ने क्रम जारी छ । राम्रो मुनाफा हुने व्यवसाय भएकाले किन उसले मात्र कमाउने, हामी पनि कमाऊँ न भनेर कलेजहरू फुट्ने गरेका हुन् । विद्यार्थी कम भएर चल्न गाह्रो परेका कलेज खरिद गरेर नाम परिवर्तन गऱ्यो, अनि आकर्षक नाम राखेर विद्यार्थी तान्ने खेल सुरु गऱ्यो, एक प्राध्यापक नाम उल्लेख नगर्ने सर्तमा भन्छन्- सामान्य आर्थिक स्थितिका मानिस गाडी चढेर हिँड्न थालेका छन् भने आफैं विचार गर्नुहोस्, प्लस टु शिक्षामा कति मुनाफा छ ?

कलेजहरूले राम्रा विद्यार्थीलाई छात्रवृत्ति दिने नाममा औसत विद्यार्थीसँग उसको र त्यो राम्रो विद्यार्थी दुवैको शुल्क असुल्ने गरिएको ती प्राध्यापकले बताए । त्यति मात्र होइन, मुनाफा राम्रै हुने हुँदा ब्रोसर र विज्ञापनमा पनि त्यत्तिकै खर्च गरिन्छ । अनुहार हेर्न ऐना नचाहिने जस्तो गरी टल्किने ती ब्रोसरको एक प्रतिको मूल्य नै करिब ५० रुपैयाँसम्म पर्छ, जुन हजारौं प्रतिमा छापिन्छ ।

तु-आवश्यकता
नियांत उद्योगकोलागि काँटी, क्रुसले बुन्न जान्ने तथा JUKI मेशीनले ऊनी ज्याकेट, टोपी सिलाउन जान्ने व्यक्तिहरुको आवश्यकता
रेणु श्रेष्ठ.:
4260073,4269701
फोन:१०-५शनिवार बन्द

कुक, केयर गिभर र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रूममेड, सेल्स ब्वाई/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङ्को व्यवस्था
SLC दिएका विद्यार्थीहरुलाई विशेष छुट
KIHM
कुपण्डोल, थापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

होटल तालिम विशेष छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पोखराको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पश्चिम
4464720, 9841-891131, 98510-93629

प्राईभेट TEST/SLC 2066
Computer Courses
English Language
TIME INSTITUTE
Technical Information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156 (Right Side to P.K. Campus)
मा धमाधम कक्षा सञ्चालन भइरहेको छ, चाँडै सम्पर्क गर्नुहोला ।



# मिसन एडमिसन

विदुर खतिवडा

एसएलसीको परिणाम सार्वजनिक नहुँदै विद्यार्थीहरू विभिन्न प्लस टु कलेज र विषयका बारेमा परामर्श लिन थालिसकेका हुन्छन्। दसवर्षे विद्यालय अध्ययनपछि उच्च शिक्षा हासिल गर्ने लक्ष्यका साथ अघि बढेका पाइलाहरू सही बाटोको खोजीमा हुन्छन्। एकातर्फ विद्यार्थीहरूको ठूलो संख्या उपयुक्त शैक्षिक संस्थाको खोजीमा छ भने अर्कातर्फ विद्यार्थीलाई आकर्षित गर्न कलेजहरू विभिन्न माध्यमद्वारा आफ्नो प्रचार-प्रसार गरिरहेका छन्।

'अहिलेसम्म मैले सातवटा कलेजका बारेमा जानकारी लिएँ,' एसएलसीलगत्तै राजधानी आएका अनुप कार्कीले साप्ताहिकसँग भने- 'ब्रिजकोर्स गर्ने क्रममा नयाँ साथीहरूसँग चिनजान भयो, अहिले हामी एउटा समूह नै बनाएर राम्रो कलेजको खोजीमा निस्किएका छौं।' राम्रो शैक्षिक वातावरण, उपयुक्त स्थान तथा औसत शुल्क भएका कलेजलाई यो समूहले प्राथमिकतामा राखेको छ।

प्रचारमा ओर्लिएका धेरै कलेजको भनाइ र वास्तविकता फरक देखिएको पनि अनुपले बताए। 'विद्यार्थी आकर्षित गर्न लोकप्रिय नारा दिए पनि कलेजभित्र पस्दा शैक्षिक वातावरण नै नभएका कलेज पनि भेटिए,' उनले भने- 'साथीभाइको लहलहै र कलेजको प्रचारमा भर परेर एडमिसन गर्नु नहुने रहेछ भन्ने शिक्षा पाएका छौं, एसएलसीपछि प्लस टुको बाटोमा जाने तयारी गरिरहेका साथीहरूलाई राम्रोसँग बुझेर मात्र अघि बढ्न सल्लाह दिन्छु।'

एसएलसी परिणाम नआउन्जेल कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भनेर थुप्रै विद्यार्थी द्विविधामा परेका हुन्छन्। रिजल्ट आओस् अनि कहाँ पढ्ने सोचौंला भन्ने विद्यार्थीहरूले हतारमा निर्णय लिनुपर्ने हुन्छ।

'परिणाम जस्तो आए पनि विद्यार्थीले आफ्नो रुचिको विषय र त्यसको स्कोपका बारेमा पहिल्यै बुझ्न सक्छन्।' शिक्षाविद् गोपाल भण्डारी भन्छन्- 'उनीहरूले आफ्नो लक्ष्य पहिचान गरेको खण्डमा सुरुदेखि नै औपचारिक अध्ययन पनि त्यही विषयमा गर्ने निर्णय लिन सक्छन्।' शिक्षाविद भण्डारीका अनुसार विकासोन्मुख मुलुकमा मात्र होइन, विकसित मुलुकमा पनि धेरै विद्यार्थीले आफ्नो लक्ष्य निर्धारण गर्न नसक्दा पछि पढेको विषयमा काम नगरी रुचिको क्षेत्रमा काम गरिरहेको उदाहरण भेटिने गरेको छ।

सामान्य योजना बनाउन सजिलै छ, तर कुन विषय कहाँ पढ्ने जस्ता कुराले अन्यौल सिर्जना गरिरहेको हुन्छ, क्याम्ब्रिज इन्स्टिच्युटमा ब्रिजकोर्स गरिरहेकी निशा रौनियारले भनिन्- हाम्रो योजना कच्चा हुन्छ, तिम्रा लागि यो बाटो सही छ भनेर स्पष्ट गाइडलाइन वा परामर्श दिने व्यक्तिको खाँचो छ। निशाका अनुसार कतिपय अवस्थामा विद्यार्थीको योजना असफल हुनसक्छ, त्यसैले विद्यार्थीलाई उसको क्षमताअनुरूपको बाटो तय गरिदिने परामर्श उपलब्ध भए उसले सही क्यारियर छनौट गर्न सक्छ।

एसएलसीसम्मको अध्ययनमा लगभग सबै विद्यार्थीले एकै प्रकारको पाठ्यक्रम अध्ययन गरे पनि एसएलसीपछि रोजाइको संकायअन्तर्गत अध्ययन गर्न पाउँछन्। यसबेलामा विद्यार्थीले जुन संकाय रोज्छ, उसको क्यारियर पनि लगभग त्यही क्षेत्रसँग जोडिन्छ। एसएलसी उत्तीर्ण भएपछि विज्ञान संकाय रोज्ने विद्यार्थीले प्लस टु वा प्रमाणपत्र तह उत्तीर्ण गरेपछि अन्य संकायमा गएर अध्ययन गर्ने अवसर पाए पनि व्यवस्थापन, मानविकी र शिक्षा संकाय अध्ययन गर्नेले विज्ञान संकायमा जान पाउँदैनन्। त्यस्तै व्यवस्थापन संकाय अध्ययन गर्ने विद्यार्थीले स्नातक तहमा मानविकी संकायमा जान पाउने भए पनि मानविकी संकायको विद्यार्थीले व्यवस्थापनमा जान गाह्रो हुन्छ। यो दृष्टान्तले पनि विद्यार्थीले कुन विषय रोज्ने भन्ने निर्णय अहिले नै गर्नुपर्ने पुष्टि गर्छ।

एसएलसी परिणाम नआउँदै राजधानीका केही कलेजले विद्यार्थीलाई एडभान्स कोर्सको नाममा भर्ना गरिसकेका छन्। विद्यार्थीले यो समयमा कुनै एक कलेजमा मात्र सीमित भएर जानकारी लिनुभन्दा उच्च शिक्षाका लागि आफ्नो उपयुक्त विषय छनौटमा विविधता अपनाउन सक्नुपर्छ। त्यस्तै जतिसक्दो धेरै कलेजका बारेमा जानकारी लिन सक्नुपर्छ। प्रचारका दृष्टिकोणले सफल मानिएका कलेजहरू मात्र उत्कृष्ट हुन सक्दैनन् भन्ने कुरा विद्यार्थीले बुझ्न सक्नुपर्छ।

एसएलसी उत्तीर्ण भएपछि पनि विद्यार्थीहरू कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भनेर अलमलिरहेका हुन्छन्। गत वर्षको एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण सौरभ थापाका अनुसार उनले कलेज छनौटका क्रममा एक दर्जन कलेज चहारेका थिए। यस क्रममा उनले विज्ञान संकाय र व्यवस्थापन संकायमध्ये आफ्ना लागि कुन उपयुक्त हुन्छ भन्ने कुरा बुझ्न पाएको साप्ताहिकलाई बताए। 'मेरो आर्थिक स्थिति पनि त्यति सुदृढ थिएन,' थापाले भने- 'त्यसकारण विज्ञान संकायभन्दा तुलनात्मक रूपमा व्यवस्थापनमा खर्च कम हुने र मेरो क्षमता पनि व्यवस्थापन संकाय अध्ययनमा राम्रो हुनसक्छ भन्ने कुरा थाहा पाएपछि त्यही विषयमा अध्ययन गर्न थालें।' थापाका अनुसार अहिले व्यवस्थापन संकायमा रोजगारीको अवसर पर्याप्त छ।

'एसएलसी उत्तीर्ण भएकाहरू कुनै विषयमा भर्ना नहुन्जेल कहाँ-के अध्ययन गर्ने भनेर अन्यौलमा हुन्छन्,' शैक्षिक परामर्शदाता संस्था नेसनल इन्स्टिच्युट अफ साइकोलोजीकी प्रमुख गंगा पाठक भन्छिन्- 'अन्यौल बढाउनमा सामाजिक प्रतिष्ठा, परिवारको अनावश्यक दबाब तथा विषयप्रति स्पष्ट जानकारी नहुनुजस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।' जसका कारण एसएलसीसम्म राम्रो भनिएको विद्यार्थी उच्च शिक्षामा कमजोर साबित हुन्छ, त्यस्तै कमजोर विद्यार्थीले उच्च शिक्षामा सरल विषय लिएर राम्रो गर्न सक्छ।

विशिष्ट श्रेणी, प्रथम श्रेणी मात्र होइन, दोस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थी पनि विज्ञान संकायमा अध्ययन गर्ने अभिलाषा राख्छन्। परिवारको दबाब पनि छोराछोरीले राम्रो विषयमा अध्ययन गरोस् भन्ने हुन्छ, जेभियर इन्टरनेसनल कलेजका प्रमुख लोक भण्डारी भन्छन्- जसका कारण उनीहरू आफ्नो सामर्थ्य नहुँदा-नहुँदै विज्ञान संकायमा अध्ययन गर्ने भएर वर्षौं अल्झिरहेका हुन्छन्। यसो गर्नुको सट्टा उनीहरूले आफ्नो सामर्थ्य तथा रुचि भएको विषयमा जानु उपयुक्त हुन्छ।

पछिल्ला वर्षहरूमा विशिष्ट श्रेणी तथा राम्रो अंक ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण भएका विद्यार्थीहरू 'ए' लेभलको पाठ्यक्रमप्रति आकर्षित भैरहेका पाइन्छन्। ए लेभल बेलायतस्थित क्याम्ब्रिज विश्वविद्यालयको पाठ्यक्रम भएकाले अन्तर्राष्ट्रिय स्तरको मान्यताप्राप्त पाठ्यक्रम हो। त्यसैले पनि धेरै विद्यार्थी ए लेभल अध्ययन गरे सीधै क्यारियर विकास हुन्छ भन्ने भ्रममा हुन्छन्। ए लेभलको पाठ्यक्रममा विद्यार्थीले आफूले रोजेको विषयमा राम्रो अंक नआउन्जेल परीक्षा दिइरहन पाउँछन्। 'राम्रो अंक नआएको भनेर ए लेभलको दुईवर्षे पाठ्यक्रममा वर्षौं अल्झिरहेका विद्यार्थी पनि छन्,' शिक्षाविद् बबिता लाभ भन्छिन्- 'नियमित समयमा यो पाठ्यक्रममा राम्रो गर्न सक्छु भन्ने विद्यार्थीले मात्र ए लेभल अध्ययन गर्नु राम्रो हुन्छ। विद्यार्थीको अंग्रेजी बेस राम्रो छैन भने ए लेभलको अध्ययन आफैंमा गाह्रो हो।' ए लेभलको अध्ययन खर्चिलो छ। त्यति मात्र होइन, ए लेभल सकेपछि वैदेशिक अध्ययनमा जान पनि त्यत्तिकै खर्च लाग्छ। एसएलसीमा राम्रो अंक ल्याएका विद्यार्थीलाई कलेजले विशेष छुट दिएर ए लेभल अध्ययन गर्ने अवसर दिए पनि उसले वैदेशिक अध्ययनमा छात्रवृत्ति पाउन सकेन भने स्वदेशमै उच्च शिक्षा हासिल गर्नुको विकल्प हुँदैन। ए लेभलपछिको वैदेशिक अध्ययनमा थोरैले मात्र पूर्ण छात्रवृत्ति पाउँछन्। ए लेभल राम्रो पाठ्यक्रम भनेर पछि वितृष्णा जाग्नुभन्दा प्रारम्भमै कलेजले यस विषयमा पनि परामर्श उपलब्ध गराउनुपर्छ।

गुणस्तरीय अध्यापन गराउने कलेज हरेक दृष्टिकोणले सक्षम हुन्छ। कस्तो कलेज छनौट गर्ने ? विद्यार्थीले सबै हिसाबले आफ्ना लागि उपयुक्त मानेको कलेजमा मात्र भर्ना हुन जानुपर्छ। एसएलसीपछि प्लस टुमा राम्रो अंक ल्याउन सक्ने विद्यार्थीले पनि उच्च शिक्षाका क्रममा राम्रो अवसर पाउँछन्। संकायगत पढाइमा प्लसटुको पाठ्यक्रम अन्यभन्दा राम्रो मानिन्छ।

संकायगत रूपमा हेर्दा अहिलेको समयमा व्यवस्थापन र मानविकी संकाय पनि रोजगारीका दृष्टिले सबल भैसकेका छन्। सम्पूर्ण व्यापारिक क्षेत्रमा व्यवस्थापन संकाय अध्ययन गरेको जनशक्तिको आवश्यकता हुन्छ भने अध्ययनमूलक धेरै क्षेत्रमा मानविकीका जनशक्ति उपयोगमा आइरहेका हुन्छन्, त्यसैले व्यवस्थापन र मानविकी संकायलाई तल्लो स्तरको मान्नुपर्ने अवस्था छैन।

विद्यार्थीले विषय तथा कलेज छनौट गर्न गाह्रो भैरहेको अवस्था छ भने आफूभन्दा अग्रज एवं परामर्शदाता संस्थाहरूसँग सरसल्लाह गर्न सक्छन्। त्यस्तै राजधानीका केही कलेजले आफ्नै पहलमा शैक्षिक-परामर्शसमेत उपलब्ध गराउँदै आएका छन्। कलेजले सञ्चालन गरेको परामर्श केन्द्रमा भने आफ्नै कलेजको बढी व्याख्या गरिने भएकाले विद्यार्थीले सजगता अपनाउनुपर्छ।

## कस्तो कलेज छनौट गर्ने ?

-सुगम कलेज छनौट गर्ने, जसले समयको बचत होस्।

-कलेजको वातावरण शान्त हुनुपर्छ, भौतिक रूपमा साँघुरो तथा अति व्यस्त हुने सडकछेउका कलेजमा अध्ययन गर्दा विद्यार्थीलाई असजिलो महसुस हुनसक्छ।

-आफू अध्ययन गर्ने कलेजको उत्तीर्णाङ्क दर हेरेर पनि कलेजको अध्यापनको स्तरीयता आँक्न सकिन्छ।

-राम्रो कलेजले विद्यार्थीलाई ध्यानमा राखेर भौतिक संरचना विकासमा त्यत्तिकै ध्यान दिएका हुन्छन्, त्यो बुझ्न सक्नुपर्छ।

-आफन्त एवं परिवारले चिनेको मानिसले भनेको भन्दैमा कलेजको जानकारी नै नलिई भर्ना हुनुहुँदैन।

-आफूलाई रुचिकर विषय अध्यापन हुने कलेजहरूको शैक्षिक कार्यक्रमसम्बन्धी पर्याप्त जानकारी लिनुपर्छ।

-साथीभाइ कहाँ अध्ययन गर्छन् भन्नेभन्दा पनि स्तरीय अध्यापन कहाँ हुन्छ बुझ्नुपर्छ।

-कलेजमा अध्यापन गराउने शैलीका बारेमा प्रारम्भिक कक्षा लिएर अनुमान गर्ने।

-कलेजमा अध्यापन गराउने शिक्षकका बारेमा जानकारी लिनुपर्छ।

-कुनै पनि प्लस टु कलेजका बारेमा बुझ्नु छ भने त्यहाँ अध्ययनरत वा अध्ययन पूरा गरिसकेका विद्यार्थीहरू पनि राम्रो माध्यम हुन सक्छन्।



# साप्ताहिक इनफो

म १८ वर्षीय युवक हुँ। हाल म कक्षा १० मा अध्ययनरत छु। म एउटी युवतीसँग प्रेम गर्न थालेको छु। मैले उनलाई एक नजरमै मन पराएँ। हामी सात-आठ दिनमै एकदमै मिल्ने साथी भयौं। मैले अहिलेसम्म प्रेम प्रस्ताव राखेको छैन र उनले मलाई मन पराउँछिन कि पराउँदिनन् भन्ने कुरा पनि मलाई थाहा छैन, तर मलाई उनीसँग बस्दा, बोल्दा रमाइलो लाग्छ अनि छुट्टिँदा नरमाइलो हुन्छ। मैले उनको संगतबाट थाहा पाएँ कि उनी जोसँग रिसाउँछिन् त्यो व्यक्तिसँग आजीवन बोल्दिनन्। उनी यति असल छिन् कि जसले पनि उनलाई मन पराउँछ। उनी प्रायः एक जना व्यक्तिसँग एकान्तमा गफ गर्छिन्। मैले तिम्रो त्यो व्यक्तिसँग के नाता छ भनेर पनि सोधिसकें। उनले साथी मात्र हो भनेर टारिन् र त्यो व्यक्ति कुराकानी गर्न आइरहन्छ भनिन्। त्यो व्यक्ति उनलाई मन पर्दैन पनि भन्छिन्, तर उनको कुरा विचार गर्दा उनी त्यो व्यक्तिलाई मन पराउँछिन् कि जस्तो पनि लाग्छ। यो अवस्थामा म कसरी आफ्नो प्रेम व्यक्त गरूँ ?

**–इको**



'मनको कुरालाई बाँधी नराख, गाँठो परिजाला झट्ट सुनाइदेऊ' डेनी डेन्जोङ्पाले निकै अघि गाएको यो गीत तपाईंको समस्याको समाधान हो। यदि तपाईं कसैलाई मन पराउनुहुन्छ र त्यो भावना आफैंमा सीमित राख्नुभयो भने कालान्तरमा त्यो नै समस्या बन्न सक्छ। हुनत तपाईंको उमेर पढाइमा ध्यान दिने हो, तर पनि प्रेम यही उमेरमा गर्नुपर्छ भनेर कतै उल्लेख छैन। तपाईंको उमेर पढाइमा ध्यान दिने भएकाले पनि के कुरा ख्याल राख्नुहोस् भने कतै प्रेममा परेर तपाईं आफ्नो भविष्य त बिगारिरहनुभएको छैन ? जहाँसम्म उनको कसैसँग प्रेम छ कि भन्ने तपाईंको शंका छ, त्यो मात्र शंका पनि हुनसक्छ। हिम्मत जुटाएर र उनको मुड हेरेर प्रस्ताव राख्नुहोस्। कतै उनले स्वीकार पो गरिहाल्छिन् कि ? तर अस्वीकार पनि गर्न सक्छिन्। यदि त्यसो भएमा मन शान्त बनाएर सोच्नुहोला कि उनी आफ्ना लागि बनेकी होइनन्। जहाँसम्म उनी एकपटक रिसाएको मानिससँग आजीवन नबोल्ने कुरा छ, त्यो तपाईंको प्रेमप्रस्ताव राख्ने शैलीमा भर पर्छ। उनलाई पहिल्यै भन्नुहोस् कि म आज तिमीलाई जुन कुरा भन्दैछु त्यो सुनेर तिमी नरिसाउनु। यदि त्यसो भन्दाभन्दै पनि रिसाउँछिन् भने तपाईंले पनि उनलाई वास्ता नगरे हुन्छ। उनी नभए तपाईंका लागि कुनै अर्की युवती यही संसारमा कतै कुरेर बसिरहेकी छिन्।

## • लभगुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## • फिल्मी खबर •



चलचित्रबाट चर्चामा आएका निर्देशक राजेन्द्र उप्रेतीको निर्देशनमा निर्माण भैरहेको यो चलचित्रका लेखक विकास आचार्य हुन्।

### आफ्नो मान्छे आफ्नै हुन्छ

नायिकाद्वय रेखा थापा र अरुणिमा लम्साल धेरैपछि एउटै चलचित्रमा देखिनेछन्। निर्देशक ऋषि न्यौपानेको निर्देशनमा निर्माण हुन लागेको चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ'मा यी दुई नायिकाले अभिनय गर्दैछन्। विराज भट्ट तथा जीवन लुइँटेल नायक रहने यो चलचित्रमा महेश खड्काको संगीत रहनेछ भने चलचित्रका निर्माता मुनाल घिमिरे हुन्।

### प्रदीपसँग हरि

निर्माता हरि बराल एकपछि अर्को चलचित्र निर्माण गरिरहेका छन्। उनका सबै चलचित्रमा प्रदीप श्रेष्ठ नै निर्देशक छन्। हरिले निर्माण गरेको चलचित्र 'अजम्बरी नाता'प्रदर्शन भैसकेको छ भने 'सपना'को सम्पादन भैरहेको छ। निर्माण सकिएको चलचित्र 'भगवान सबैको' आगामी तिहारमा सार्वजनिक हुने बताइएको छ। पोखरामा चलचित्र भवन सञ्चालन गरिरहेका हरिले थप दुईवटा चलचित्र प्रदीपकै निर्देशनमा तयार गर्ने घोषणा गरेका छन्। अहिले बराल र श्रेष्ठ चलचित्र 'सडक' तथा अर्को अनाम प्रेमकथात्मक चलचित्रको छायांकन थाल्ने तयारीमा व्यस्त छन्। दुवै चलचित्रमा चेतन सापकोटाको संगीत तथा विराज भट्ट र रेखा थापाको जोडी रहनेछ।

### निगरानी सुरु

निर्माता सुशील पोखरेलको पूर्वघोषित चलचित्र 'निगरानी'को छायांकन आरम्भ भएको छ। विराज भट्ट, अरुणिमा लम्साल, मुकेश ढकाल तथा जेनिषा केसीको मुख्य भूमिका रहने यो चलचित्र बालक अपहरणमा आधारित छ। वर्ष ०६५मा लगातार तीनवटा सफल








# कलाकारहरू माओवादी बन्दा

**साप्ताहिक समाचार**

काठमाडौं– एक हुल कलाकार गत शनिबार माओवादीमा प्रवेश गरेका छन्। प्रज्ञा प्रतिष्ठानमा आयोजित एक औपचारिक समारोहमा करिब सय जना कलाकार तथा प्राविधिकलाई माओवादी पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अबिर तथा माला लगाइदिएर स्वागत गरेका थिए। माओवादी पार्टी प्रवेश गर्नेहरूमा चलचित्र कलाकार, निर्देशक, निर्मातादेखि गायक, गायिका तथा चलचित्र पत्रकारसमेत छन्। पहिले राजावादी भनेर चिनिने नीर शाह पनि उक्त कार्यक्रममा उपस्थित थिए।

९६ चलचित्रकर्मी माओवादी पार्टीमा प्रवेश गर्ने औपचारिक कार्यक्रमको प्रारम्भ संगीतकार लक्ष्मण शेष, चेतन सापकोटा तथा दीपक लिम्बूको गायनबाट भएको थियो। कार्यक्रममा द्वन्द्व निर्देशक राजेन्द्र खड्गीले दर्शकलाई दुवै हात तथा माओवादी अध्यक्ष प्रचण्डलाई एक हात उचालेर पालैपालो लालसलाम गरेका थिए। राजनैतिक पार्टीहरूले कलाकारलाई विचारविहीन वर्गमा राखेकाले आफ्नो विचार अभिव्यक्तिका लागि पार्टीमा प्रवेश गरेको धारणा अधिकांश कलाकारको थियो। समारोहमा निर्देशक केपी पाठकले स्वाधीनता कि पराधीनता अब हामीले किता प्रस्ट गर्नुपर्ने समय आएको छ भन्ने धारणा व्यक्त गरे। निर्देशक युवराज लामाले कलाकारको प्रवेश यथास्थितिवादीका लागि भुइँचालो भएको स्पष्ट पारे। 'कुनै पनि पार्टीले हामीलाई राष्ट्र निर्माणमा सहयोग गर्न भनेनन्, एक कप चिया ख्वाएर पठाए। माओवादी पार्टीले कलाकारलाई पनि शक्ति मानेको छ, लामाले आफू माओवादीमा प्रवेश गर्नुको कारण स्पष्ट गर्दै भने। निर्देशक दीपक श्रेष्ठको तर्क अलि बेग्लै रह्यो। उनले आफू माओवादीको कार्यशैलीबाट धेरै अघिदेखि प्रभावित भए पनि अहिले माला लगाउन पाएकोमा खुसी व्यक्त गरे। नायिका मौसमी मल्लले कुनै पनि सरकारले कलाकारलाई महत्त्व नदिएको गुनासो मात्र गरिनन् माओवादी सरकारले केही राहत दिएको समेत बताइन्।

चलचित्रकर्मीको कुरा सुनिसकेपछि माओवादी अध्यक्ष प्रचण्डले दर्शकलाई हँसाएर आफू रुनुपर्ने दिनको अन्त्य होस् भन्दै अहिलेको समयलाई 'मध्यान्तरपछिको समय' भएको उल्लेख गरे। प्रचण्डले भने- 'चलचित्रको प्रारम्भमा भिलेनले जति अत्याचार गरे पनि मध्यान्तरपछि उनीहरू नाँसिदै जान्छन् र अन्त्यमा जित हिरोकै हुन्छ।'

कलाकारलाई राष्ट्रका गहना मानिन्छ। कुनै पनि राजनैतिक विचार, क्षेत्र र धर्मबाट माथि उठेर कलाकारले सबैलाई एकताको सूत्रमा बाँध्नुपर्छ भन्ने मान्यता छ। यद्यपि व्यावसायिक कलाकारहरू कुनै पनि पार्टीभित्र प्रवेश गर्नाले मुलुकमा कस्तो सन्देश जाने हो हेर्न बाँकी नै छ।







## कलाकार देशका सम्पूर्ण जनताको हुनुपर्छ कि कुनै राजनैतिक दलविशेषको ?

केवल एक प्रश्न

(सन्दर्भ : कलाकारहरूको नेकपा माओवादीमा प्रवेश)

हामी सम्पूर्ण जनताकै हौं। मैले चलचित्रमा काम गर्न थालेको २६ वर्ष भयो। पहिले राजाको शासनमा पनि हामीलाई बेवास्ता गरियो, पछि अरू दलले पनि वास्ता गरेनन्। दलहरूले बोलाउँथे, चियापान गराउँथे अनि फिर्ता पठाउँथे। माओवादीबाट भने हामीलाई स-सम्मान बोलाइयो। यदि कसैले स-सम्मान बोलाउँछ र हाम्रो कुरा सुन्छ भने उसको सम्मानलाई अपमान गर्नु पनि त भएन। फेरि दल भनेको जनताकै त हो नि। म माओवादीमा प्रवेश गरेपछि जनताले मेरो कला हेर्ने दृष्टिकोणमा फरक आउँछ जस्तो मलाई लाग्दैन।

**–राजेन्द्र खड्गी (द्वन्द्व निर्देशक/कलाकार)**

तीतो सत्यको हिजोको श्रृंखलाको विषय पनि यसैमा केन्द्रित थियो। हाम्रा साथी कलाकारहरू माओवादीमा प्रवेश गरेपछि एक मनले सोचें, कतै माओवादी पार्टीको लगातार चलचित्र बनाउने योजना पो छ कि ? तर मेरो विशुद्ध भनाइ सुन्नुहुन्छ भने सर्वप्रिय कलाकारले कहिल्यै कुनै राजनैतिक पार्टीको भतेर खाँदैन। यो त महानगरपालिकाको मेयरको पद छाडेर कुनै गाविसको वडाअध्यक्ष बन्न गएजस्तै भयो।

**–दीपकराज गिरी (हास्यकलाकार)**

यो उहाँहरूको व्यक्तिगत स्वतन्त्रताको कुरा हो। सबैले आ-आफ्नो निर्णय स्वतन्त्र भएर गर्न पाउँछन्। यसमा हाम्रो विचार सोध्नुहुन्छ भने हामी अहिलेसम्म स्वतन्त्र छौं र भविष्यमा पनि स्वतन्त्र कलाकार भएर चिनिन चाहन्छौं। स्वतन्त्र भए ठूला-साना सबै दलको कलाकार हुन पाइन्छ, यो फाइदाको कुरा पनि हो। हामी सम्पूर्ण नेपाली जनताका कलाकार हौं।

**–मदनकृष्ण श्रेष्ठ/हरिवंश आचार्य (हास्यकलाकार जोडी)**

हुनुपर्ने त जनताकै हो। कलाकार पनि जनता भएकाले जनताको हकहितका लागि यो दल (नेकपा माओवादी)ले काम गर्छ कि भन्ने लागेर मैले यसको सदस्यता लिएको हुँ तर वास्तवमा भन्ने हो भने कलाकार पूरै रूपमा जनताकै हुन्।

**–दीपक श्रेष्ठ (चलचित्र निर्देशक)**

माफ गर्नुहोला, तपाईंले सम्पर्क गर्न खोज्नुभएको मोबाइलको स्विच अफ गरिएको छ....(मोबाइल फोन स्विच अफ हुँदा नेपाल टेलिकमको स्वचालित मेसिनबाट आउने स्वर)



**–गायिका अञ्जु पन्त/नायिका मौसमी मल्ल (माओवादीमा प्रवेशको भोलिपल्ट २०६६ असार १४, दिउँसो करिब १ बजे)**

# डाइटिङमा बिजुली

ललितपुरको पुल्चोकस्थित एक बेकरीमा अभिनेत्री मञ्जु श्रेष्ठ हट लेमनको चुस्की लिइरहेकी थिइन्। उनले चियासँगै डोनट दिंदा पनि खाइनन्। बिहानै किन चिल्लो खानु ? कालो टोपी पहिरिएको अनुहारमा चमक ल्याउँदै उनले भनिन्। फेरि म डाइटिङमा छु। मन्जु भन्छिन्– साथीहरूले निकै जिस्क्याए। स्वास्थ्यप्रति सचेत पनि हुन मन लाग्यो। नयाँ वर्षको शुभारम्भसँगै तौल घटाउने योजना बनाएकी श्रेष्ठको शरीर बितेका दुई महिना केही घटेको छ। अभिनेत्री मञ्जुका अनुसार उनको १० किलो तौल बढेको रहेछ। हाल उनको तौल ६२ किलो छ।

फिगर बनाउन त्यति सहज छैन। तौल घटाउन हरेक दिन हल्का खाना अनि साताको एकपटक भात– मञ्जुले भनिन्। आलु भने निषेध छ। बाँच्न सकिन्छ ? भन्ने पश्नमा मञ्जु भन्छिन्– स्वास्थ्य राम्रो र सहजता अनुभव भएको छ। मञ्जुका करिब एक दर्जन फेसनेबल पहिरन त्यसै दराजमा थन्किएका छन्। कुनैको पनि साइज मिल्दैन। अब ती पहिरन आफ्नो शरीरमा फिट हुन् भन्ने चाहना मञ्जुमा छ।



# राजेश हमाल "सुपरस्टार"

नायक राजेश हमाललाई केही समयअघि एक टेलिभिजन कार्यक्रमले महानायकको उपाधि दिँदै सम्मान गरेको थियो। त्यसपछिका दिनमा उनलाई सबैले महानायक भन्न आग्रहसमेत गरियो, तर त्यो आग्रह त्यत्तिकै खेर गयो। यो साता फेरि उनी राजेश हमाललाई 'सुपरस्टार'को पगरी गुथाइएको छ। आइतबार राजधानीको गोपीकृष्ण मुभिजमा उनलाई उक्त उपाधि दिइएको हो। नेपाल चलचित्र प्राविधिक संघद्वारा विगत दुई दशकदेखि नेपाली चलचित्र क्षेत्रलाई निरन्तर अघि बढ्न उल्लेखनीय योगदान पुऱ्याएकाले हमाललाई 'सुपरस्टार'को उपाधि दिइएको संघका अध्यक्ष सन्तु तामाङले बताए।

संघको आयोजनामा राजधानीमा तेस्रो चलचित्र महोत्सव आरम्भ भएको छ। वर्ष ०६५ मा सेन्सर पास भै प्रदर्शनमा आएका २७ वटा चलचित्रको सहभागिता रहेको महोत्सवअन्तर्गत ती चलचित्रको प्रदर्शन असार १४ गतेदेखि आगामी असार २८ गतेसम्म हुनेछ। चलचित्र विकास बोर्डका अध्यक्ष गणेश भण्डारी, सदस्यहरू युवराज लामा, केपी पाठक र विमल पौडेललाई महोत्सवको उदघाटन कार्यक्रममा सम्मान गरियो। सम्मान पाएको भोलिपल्ट अर्थात् असार १५ गते ती सबैले बोर्डबाट राजीनामा दिएका छन्।











# किङ अफ पप माइकल ज्याक्सन



२९ अगस्ट १९५८ देखि २५ जून २००९ सम्मको ५१ वर्षको जीवनयात्रामा आफ्नो जीवनको करिब ४० वर्ष संगीतक्षेत्रमा बिताएका विश्वप्रसिद्ध सांगीतिक व्यक्तित्व-माइकल ज्याक्सन । आफ्नै परिवारको पप सांगीतिक समूह द ज्याक्सन फाइभको सदस्यका रूपमा ११ वर्षको उमेरमै उनले व्यावसायिक सांगीतिक यात्रा प्रारम्भ गरेका थिए । माइकल ज्याक्सनले सन् १९७१ मा आफ्नो एकल सांगीतिक क्यारियर सुरु गरे । माइकल ज्याक्सन विश्व संगीतको संसारमा अहिलेसम्मकै सर्वाधिक चर्चित एवं सफल गायक हुन् । कुनै बेला विश्वमा सबैभन्दा चर्चित कुनै एक व्यक्तिको नाम लिनुपर्दा माइकल ज्याक्सनकै नाम आउँथ्यो । '८० को दशकमा उनी सांगीतिक क्षेत्रमा सर्वाधिक लोकप्रिय व्यक्तिका रूपमा चिनिए । ज्याक्सन फाइभबाट अलग भएपछि सन् १९८२ मा रिलिज भएको एकल सांगीतिक एल्बम थ्रीलर अहिलेसम्मकै उनको सबैभन्दा लोकप्रिय एल्बम हो । सन् १९८२ मा रिलिज भएको उनको थ्रीलर गीति-संग्रह विश्वमा सर्वाधिक बिक्री भएको गीति-संग्रह हो । हालसम्म सो एल्बमको १ सय ९ करोड प्रति बिक्री भएको तथ्यांक छ । त्यसो त ज्याक्सनको सन् १९७९ मा रिलिज भएको एल्बम 'अफ द वाल' को लोकप्रियता पनि कम थिएन । यो एल्बममा संग्रहित एल्बमको टाइटल ट्र्याक, Don't stop till you get enough, lock with you / She's out of my like त्यतिखेर नै टपटेन यू.एस. हिट्समा पर्न सफल भएको थियो । चार वर्षपछि १९८२ मा रिलिज गरिएको थ्रीलर एल्बमबाट भने उनी सफलताको शिखरमा पुगेका थिए । वर्ल्ड्स वेस्ट सेलिङ रेकर्ड अफ अल टाइमको परिचय बनाएको थ्रीलरका अतिरिक्त सन् १९७९ को अफ द वाल, १९८७ को ब्याड, १९९१ को डेन्जरस र १९९५ को हिस्ट्री एल्बमलाई पनि उनको वर्ल्ड्स बेस्ट सेनिङ रेकर्डका रूपमा लिइन्छ ।

१२ वर्षअघि वर्ल्ड टुर सुरु गरेका यी गायकले विश्वका ५८ सहरमा ८२ वटा लाइभ शो गरिसकेका थिए । गीतहरूसँगै ज्याक्सनका म्युजिक भिडियोहरू पनि उत्तिकै लोकप्रिय भए । स्टेज सोका वादशाहको परिचय बनाएका ज्याक्सनको नृत्य शैली विशेष गरी रोबोट र मुनवाक उनको ट्रेडमार्क नै बन्यो । ब्रेक डान्सलाई विश्वमा चर्चित बनाउने श्रेय पनि उनैलाई जान्छ । कालो जुत्ताका साथमा सेतो मोजा र मोहोता सुकेको पाइन्ट, सिङ्गल सिक्विन्ड सेतो पञ्जा र हाइपिच्ड स्वरले माइकल ज्याक्सनको सांगीतिक व्यक्तित्वको परिचय दिन्छ ।

रक एन्ड रोल हल अफ फेममा दुई पटकसम्म दर्ता भएका माइकल ज्याक्सनले संगीतक्षेत्रको सर्वश्रेष्ठ पुरस्कार ग्रामी एवार्ड १९ पटक हात पारेका थिए । उनी सर्वाधिक सफल इन्टरटेनर अफ अल टाइमको रेकर्डसँगै १३ वटा गिनिज वर्ल्ड रेकर्ड, २२ वटा अमेरिकन म्युजिक एवार्ड, १२ वटा वर्ल्ड म्युजिक एवार्ड विजेता माइकल ज्याक्सन दुई जना अमेरिकी राष्ट्रपतिबाट समेत सम्मानित व्यक्तित्व थिए । आर्टिस्ट अफ द डेकेड, जेनेरेसन, सेञ्चुरी र मिलेनियमको उपाधि पाइसकेका ज्याक्सनको नाम सन् २००२ मा Writers Hall of Fame मा पनि दर्ता गरिएको थियो । उनी ७ पटकसम्म ब्रिटिस नम्बर वान सोलो आर्टिस्ट पनि भए । द ग्लोभ्ड वान, वाय्को ज्याको, एमजेका उपनामबाट पनि कहलिएका माइकल ज्याक्सन किङ अफ पपका रूपमा परिचित थिए ।

अमेरिकाको इन्डियाना राज्यको ग्यारीमा १९ अगस्ट १९५८ मा जन्मिएका माइकल जोसेफ ज्याक्सन पिता जोसेफ वाल्टर 'जो' र माता क्याथरिन एस्थरका नौ सन्तानमध्येका सातौं सन्तान हुन् । चर्चित गायक एल्भिस प्रेस्लेकी छोरी लिजा मेरी प्रेस्लेसँग उनको विवाह निकै चर्चित भए पनि सो विवाह १९ महिनाभन्दा बढी चल्न सकेन । त्यसपछि ज्याक्सन आफ्नै डलमेटोलोजिस्ट डेबी रोबेसँग विवाह गरी दुई सन्तानका बाबु बने । आफ्नो गीत-संगीत, गायक, नृत्यशैली र परिवर्तन भैरहने हावभावका कारण चर्चामा आइरहने ज्याक्सनको चर्चा सकारात्मक मात्र रहेन । दुई श्रीमतीका पति र दुई सन्तानका पिता ज्याक्सनलाई २००३ सालमा ११ वर्षीय बालक ग्याभिन अर्भिजोमाथि यौन शोषण गरेको आरोप लागेको थियो । त्यसैगरी २००५ मा १४ वर्षीय जार्डी चायन्डलरमाथि पनि यौनशोषण गरेको आरोप लाग्यो तर पछि ती आरोप प्रमाणित हुन नसकेपछि अदालतले उनलाई सफाइ दिएको थियो । ११ महिने आफ्नो छोरा प्रिन्स माइकललाई जर्मनीको एक होटलको झ्यालबाट ब्ल्यांकेटमा हाली फाल्ने प्रयत्न गरेको भनिएको दृश्य सार्वजनिक भएपछि उनी थप विवादमा मुछिएका थिए ।

पटक-पटक विवादमा परे पनि संगीतको संसारमा सफल माइकल ज्याक्सन पछिल्लो पटक बेलायतका विभिन्न सहरमा लाइभ सो गरेर पुनः आगमन गर्ने प्रयासमा थिए । उनका सोका टिकट बिक्री सुरु भएको केही दिनमै बिक्री भैसकेका थिए । विवादास्पद जीवनपछि जुलाई १३ तारिखमा बेलायतको लन्डनमा कन्सर्ट गर्ने योजना बनाएका ज्याक्सनको गत जून २५ तारिखका दिन अमेरिकाको क्यालिफोर्निया राज्यको लसएन्जेल्समा हृदयाघातबाट निधन भयो । उनको मृत्युको खबरले विश्व नै स्तब्ध भएको छ । उनका दर्शकहरूले उनलाई अब स्टेजमा कहिल्यै देख्न पाउनेछैनन् तर विश्व संगीतमा माइकल ज्याक्सनको नाम उनको गीत-संगीतमार्फत् युगौंयुगसम्म रहनेछ ।



## माइकल ज्याक्सनका रिलिज भएका एल्बम



got to be three 1972
Ben 1972
MUSIC AND ME 1973
FOREVER, MICHAEL 1975
OF TNE WALL 1979
THRILLER 1982
BAD 1987
DANGEROUS 1991
HISTORY 1995
INVINCIBLE 2001

## माइकल ज्याक्सनका बहुचर्चित म्युजिक भिडियोहरू



Don't stop till you get enough 1979
Thriller 1982
Billie jean 1983
Beat it 1983
Bad 1987
The way you make me feel 1987
Black or white 1992
Remember the time 1992
In the closet 1992
Scream 1995
Earth song 1995

Siddhartha Academy +2 College
Bafal, Kalimati ☎ 4284666 4278632
Admission Open
Science | Management | Humanities

Morning & Day Shift
Bachelor Programs
B.A & BBS
(TU Affiliated)

सि.एम.ए./ल्याव तथा अ.न.मी.
SLC उतिर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई
CTEVT बाट सम्बन्धन प्राप्त निम्न शिक्षालयहरुमा सि.एम.ए. (CMA), ल्याव असिष्टेन्ट (Lab Ass.) तथा अ.न.मी (ANM) प्राविधिक कोर्षमा भर्ना हुन इच्छुक SLC उतिर्ण विद्यार्थीहरुले सिघ्र सम्पर्क राख्नुहोला ।
नोट: - प्रवेश परीक्षाको लागि तयारी कक्षा निशुल्क संचालन हुन गइरहेको छ ।
- गोंगबु चोकबाट करिब १५० मिटर उत्तर आई दायाँ लाग्ने
विनायक प्राविधिक शिक्षालय
गोंगबु, काठमाडौं
फोन : ४३८३२४० / ०१६२२१०६५
काभ्रे हेल्थ ट्रेनिङ्ग ईन्ष्टिच्युट
बनेपा, काभ्रे
फोन : ०११६६२७२० / ०११६६३३३८

# माइकल ज्याक्सनलाई प्रत्यक्ष देख्दा

किरण केसी (हास्यकलाकार)

मिति : डिसेम्बर ३१, १९९६



सांगीतिक कार्यक्रमका क्रममा हामी ब्रुनाई गएका थियौं। हाम्रो समूहमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, रामकृष्ण ढकाल, प्रकाश श्रेष्ठ, कुमार बस्नेत, मीरा राणा, राजाराम पौडेल, सिर्जना श्रेष्ठ र म सहभागी थियौं। हाम्रो पाँचौं दिनको कार्यक्रम भैरहेको थियो।

हाम्रो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको खुसीयालीमा आयोजकले हामीलाई पार्टी दिएका थिए। त्यो ब्रुनाईका सुल्तानको दरबारभित्र माइकल ज्याक्सनको एकल कन्सर्ट हुने दिन थियो। माइकल ज्याक्सनको त्यही ऐतिहासिक कन्सर्टका लागि हामी नेपाली सेलिब्रिटीलाई नौवटा पास उपलब्ध गराइएको थियो। ब्रुनाईको दरबारमा काम गर्ने नेपालीहरूले हामीलाई पास उपलब्ध गराएका थिए। एकातिर माइकल ज्याक्सनको कन्सर्ट अर्कातिर आयोजकले दिएको भव्य पार्टी, मदनकृष्ण र हरिवंश दाइले उक्त पार्टी छाड्नै मिलेन। अरू कलाकारले पनि पार्टीमा सहभागिता जनाउनैपर्ने भयो, तर म र रामकृष्ण ढकालले पार्टीमा सहभागी नभै माइकल ज्याक्सनको कन्सर्ट हेर्न जाने निधो गर्‍यौं।

हामी त्यस बेलाको संसारकै सबैभन्दा महँगो रोल्स रोयय कार चढेर माइकल ज्याक्सनको कन्सर्ट हेर्न दरबार पुग्यौं। होटलबाट करिब ३५ मिनेट लामो यात्रापछि दरबार पुगियो। वास्तवमा त्यो महँगो कार मह जोडीलाई लिन आएको थियो, तर उहाँहरू कन्सर्टमा सहभागी हुन नसकेपछि हामीले त्यसमा सवार हुने अवसर पायौं। कार्यक्रमस्थल जाने क्रममा सहरका चोक-चोकमा माइकल ज्याक्सनको कन्सर्ट प्रसारण गर्ने ठूला-ठूला स्क्रिनवरपर मानिसहरूको भीड जम्मा भैसकेको थियो।

कार्यक्रमस्थलमा प्रवेश गर्नुअघि नै माइकल ज्याक्सनको कन्सर्ट प्रारम्भ भैसकेको रहेछ। हामीले उनका अघिल्ला दुई गीत सुन्न भ्याएनौं। जब हामी हलभित्र प्रवेश गर्‍यौं र नजिकबाट माइकल ज्याक्सनलाई नियाल्ने अवसर पायौं, म र रामकृष्ण दुवै पसिना-पसिना भयौं। मलाई वाक-वाक लागेजस्तो, पेट दुखेजस्तो भयो। नाम मात्र सुनेका पपसम्राट्लाई आफ्नै आँखाअगाडि पाउँदा हामीलाई विश्वासै लागेको थिएन। त्यसै-त्यसै गाह्रो भएजस्तो भएको थियो। हामी दुवै जना स्तब्ध थियौं। रामकृष्णका त आँखा नै रसाएका थिए।

करिब दुई घण्टा लामो सांगीतिक कार्यक्रमका क्रममा हामीले माइकल ज्याक्सनले गाएका २० वटा गीत सुन्यौं। माइकल ज्याक्सनले गीत प्रस्तुत गरेको उक्त हल विशाल थियो, १०-१२ हजार दर्शक थिए। राजपरिवारका सदस्य र विदेशी कूटनितिज्ञहरूका लागि त्यो कार्यक्रम निःशुल्क भए पनि ब्रुनाईका राजकुमारले माइकल ज्याक्सन र उनको समूहलाई तीन करोड डलर तिरेको चर्चा थियो। कार्यक्रममा सहभागी हुन माइकल ज्याक्सन चारवटा विमान लिएर आएका थिए। अमेरिकाबाट दलबलसहित आएका ज्याक्सनको यात्रामा प्रयोग भएको एउटा विमानमा साउन्ड सिस्टम, अर्कोमा लाइट सिस्टम, तेस्रो विमानमा उनका सहयोगी कलाकार तथा अर्को सानो विमानमा चाहिं माइकल ज्याक्सन स्वयं आएका रहेछन्। ब्रुनाईको कार्यक्रमपछि ज्याक्सन भारत आएका थिए।

कार्यक्रममा माइकल ज्याक्सनलाई देखेर कतिपय युवती बेहोससमेत भएका थिए। हामी स्टेजबाट तेऱ्हौं पंक्ति टाढा थियौं। हाम्रै कुर्सीको लहरमा बसेका युवतीहरू माइकलको संगीतबाट मुग्ध भएर बेहोस भएका थिए।

हामीले माइकल ज्याक्सनलाई नजिकबाट नियाल्ने अवसर पायौं। रामकृष्ण र मैले उनलाई पृष्ठभूमिमा पारेर तस्बिर पनि खिचायौं। 'माइकल ज्याक्सन हिस्ट्री वर्ल्ड टुर' शीर्षकको उक्त कार्यक्रममा हामी सिट नम्बर १२७ र १२८ मा बसेका थियौं।

कन्सर्टमा प्रत्येक गीत सकिएको दुईदेखि तीन मिनेटमा लुगा फेरेर उनी पुनः स्टेजमा आइपुग्थे। उनले नृत्य गर्दै गीत गाउँदा उनलाई अमेरिकाबाटै आएका नृत्यांगनाहरूले साथ दिन्थे। त्यो क्षण हामी दुवैका लागि ऐतिहासिक थियो। टिकट किनेर हेर्न असम्भव उक्त कार्यक्रममा सहभागी हुन पाउँदा त्यसबेला जीवन नै सार्थक भएजस्तो लागेको थियो।







## ● म्युजिक अपडेट ●

### श्रुति सम्मानमा गजल गायन

गायक नरहरि प्रेमीको सक्रियतामा विगत पाँच वर्षदेखि क्रियाशील श्रुति संगीत विद्यालयले आफ्नो पाँचौं वार्षिकोत्सवका अवसरमा गजल गायन कार्यक्रम सम्पन्न गरेको छ। गत बुधबार साँझ पुरानो बानेश्वरस्थित गुरुकुलमा आयोजित 'श्रुति सम्मान तथा गजल गायन साँझ' मा शास्त्रीय संगीतमा आधारित गीत-संगीत प्रस्तुत गरियो। कार्यक्रममा भोलाप्रसाद राई, भीम चापागाईं तथा जुना प्रसाईंले छ-छ वटा गीत-गजल प्रस्तुत गरेका थिए। गीतकार डा.भोला रिजालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा म्युजिक भिडियो निर्देशक भूषण दाहाल, गायिका संगीता राना प्रधान, शास्त्रीय गायक तथा संगीतकार धनबहादुर गोपाली तथा संगीतकर्मी दीप तुलाधरलाई श्रुति सम्मान गरिएको थियो। सोही अवसरमा गायका जुमना अधिकारी तथा गायक मनीष चौधरीलाई प्रोहत्सान पुरस्कार प्रदान गरिएको थियो।

### छोडीगए... सार्वजनिक

चलचित्र कलाकार केशव भट्टराईद्वारा निर्माण गरिएको चलचित्र 'छोडी गए पाप लाग्ला' को गीतिसंग्रह सार्वजनिक भएको छ। प्रेमकथामा आधारित यो चलचित्रमा पाँचवटा गीत छन्। सुरेश अधिकारीद्वारा संगीतबद्ध यो चलचित्रका गीतमा रामकृष्ण ढकाल, दीपक लिम्बू, पुष्पा पौडेल, राजेशपायल राई, अञ्जु पन्त, मनोज सेवा आदिले स्वर प्रदान गरेका छन्।

### दीर्घ सेवा पदक

तीन वर्षदेखि प्राज्ञविहीन भएको नेपाल प्रज्ञा-प्रतिष्ठानले गत साता आफ्नो ५२ औं वार्षिकोत्सव मनाउँदै कलाकार तथा कर्मचारीलाई प्राज्ञ दीर्घ सेवा पदक प्रदान गरेको छ। कार्यक्रममा २५ वर्षदेखि सेवा गर्दै आएका वरिष्ठ संगीत निर्देशक शम्भुजित बासकोटालाई नगद ५ हजार रुपैयाँसहित दीर्घसेवा पदक प्रदान गरिएको थियो। कार्यक्रममा प्रतिष्ठानका कलाकारहरूले ९ मिनेट लामो नृत्यनाटिका 'शिव-ताण्डव' प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रकाश गुरुङ, केशव सुनाम, विकासनाथ योगी तथा शिवहरि श्रेष्ठ आदिको समूहले तराईदेखि हिमालसम्मको संगीत समेट्ने धुन प्रस्तुत गरेका थिए।

### जन्मदिनको अवसरमा

रुन्चे गायकका रूपमा आफ्नो छुट्टै छवि बनाएका गायक प्रकाश पौडेलले आज शुक्रबार आफ्नो जन्म दिन मनाउँदैछन्। असार १९ गते जन्मिएका गायक पौडेलले जन्मदिनको उपहारका रूपमा आफ्नो नयाँ गीतिसंग्रह 'जलपरी' स्रोतामाझ ल्याउने घोषणा गर्दैछन्। गायनका साथै म्युजिक भिडियोको निर्देशन गरेर समेत चर्चामा आएका गायक पौडेलले 'जलपरी' का गीतको म्युजिक भिडियो पनि आफैंले निर्देशन गर्ने बताएका छन्। 'जलपरी' का गीत अर्का गायक सुमित खड्काले संगीतबद्ध गरेका हुन्।

### छिन्नलता गीति पुरस्कार

छिन्नलता गीति पुरस्कार गुठीले पहिलो पटक महिला गीतकार उन्नती शिला बोहरालाई छिन्नलता गीत पुरस्कार प्रदान गर्ने भएको छ। गुठीका अध्यक्ष डा. वासुदेव त्रिपाठीको अध्यक्षतामा बसेको प्रबन्ध समिति तथा साधारणसभाको बैठकले उक्त निर्णय गरेको हो। यसका साथै उक्त पुरस्कार गायनतर्फ रामकृष्ण ढकाल तथा संगीतकारतर्फ शिलाबहादुर मोक्तानलाई प्रदान गरिनेछ। यसबीच ०६५ सालमा सबैभन्दा बढी बजेको गीत 'मेरो जीवनबाट जाने भए जाऊ...' का गायक डम्बर नेपालीलाई छिन्नलता युवा प्रतिभा पुरस्कार प्रदान गरिने भएको छ। वरिष्ठ संगीत-साधकलाई प्रदान गरिँदै आएको छिन्नलता विशेष सम्मान नेपाली तथा नेवारी दुवै भाषाका गीत रचना गर्दै आएका गीतकार दुर्गालाल श्रेष्ठलाई प्रदान गरिने गुठीले जनाएको छ।

### दुलही भित्र्याउने गायक

गायक स्वरूपराज आचार्य तथा प्रमोद खरेलले गत बुधबारदेखि वैवाहिक जीवन प्रारम्भ गरेका छन्। सुगम संगीतका गायक आचार्य तथा पप गायक खरेलले परम्परागत विवाह गरेका हुन्। भजन शिरोमणि भक्तराज आचार्यका छोरा स्वरूपराजले भक्तपुरकी मीना बस्नेतलाई दुलहीका रूपमा घर भित्र्याए भने झापाका स्थायी बासिन्दा गायक खरेलले सुरुङ्गाकी दीपा सिटौलालाई दुलही बनाएका हुन्।

### रंगशालामा कन्सर्ट

गत शनिबार रंगशालामा फुटबल हेर्न भेला भएका दर्शकले चर्चित पप गायक निमा रुम्बाको गायनबाट पनि मनोरञ्जन लिने अवसर पाए। खेलाडी कपको फाइनल प्रारम्भ हुनुअघि गायक रुम्बाले आफ्ना लोकप्रिय गीत प्रस्तुत गर्दा दर्शकहरू प्याराफिटमै नाचेका थिए। गायक रुम्बासँगै द युनिटी ब्यान्डले पनि गीत प्रस्तुत गरेको थियो।

### विवाद एवार्डको

केही महिनाअघि पोखरामा वितरण गरिएको अन्नपूर्ण म्युजिक एवार्डको सर्वोत्कृष्ट गीतको एवार्ड विवादमा परेको छ। अञ्जु पन्तले गाएको 'न बिर्सैतिमीलाई..' गीतले सर्वोत्कृष्ट गीतको एवार्ड जित्यो। पुरस्कार थाप्न उनी स्वयं स्टेजमा गइन्। यही गीतले सर्वोत्कृष्ट गीतको एवार्ड पनि पायो। गीतका गीतकार विपिन किरण समारोहमा उपस्थित नभएका कारण यो एवार्ड पनि गायिका पन्तले नै थापिन्। एवार्डका बारेमा उक्त गीतका संगीतकार महेश खड्काको प्रतिक्रिया छ, 'अञ्जु र विपन दुवैले आ-आफ्नो विधामा एवार्ड पाएका हुन्। समारोहमा उक्त एवार्ड अञ्जुले ग्रहण गरे पनि किन नदिएकी हुन् त्योचाहिं थाहा भएन।' यसबीच गायिका पन्तले एक विज्ञप्ति प्रकाशित गर्दै आफूमाथि लागेको आरोपको खण्डन गरेकी छिन्। उनको तर्क छ, कार्यक्रममा मेरै नाम तोकेर बोलाइएकाले मैले एवार्ड लिएकी हुँ। 'गीतकारलाई उक्त एवार्ड चाहिएको भए अत्यन्तै आदरका साथ हस्तान्तरण गर्न तयार छु, अञ्जुले भनेकी छिन्।

## साप्ताहिक लाइभ

### लाइभ म्युजिकल टुर

चर्चित संगीतकर्मी तथा सांगीतिक समूह सहभागी सांगीतिक कार्यक्रम 'लाइभ म्युजिकल टुर' भोलि प्रारम्भ हुनेछ। शनिबार बुटवलबाट प्रारम्भ हुने यो कार्यक्रम आगामी बुधबार पोखरामा तथा शनिबार काठमाडौंमा आयोजना गरिने आयोजक आरुसी नेपालले जनाएको छ। सांगीतिक कार्यक्रम गायक-गायिका मिङ्मा शेर्पा, हिमाल श्रेष्ठ, नलिना चित्रकार, रेश्मा सुनुवार, डम्बर नेपाली तथा सांगीतिक समूह रविन एन्ड न्यू रेभुलुसन तथा द स्याडोजको सहभागिता रहनेछ।

### काठमाडौं पिस कन्सर्ट

संगीतमार्फत् शान्तिको कामना गर्दै आज शुक्रबार ललितपुरस्थित पाटन म्युजियममा 'काठमाडौं म्युजिक फर पिस कन्सर्ट' शीर्षकको सांगीतिक कार्यक्रम हुँदैछ। काठमाडौं ज्याज कन्जर्भेक्ट्रीले आयोजना गर्ने यो कार्यक्रममा विभिन्न सांगीतिक समूहले गीत-संगीत प्रस्तुत गर्नेछन्। कार्यक्रम साँझ छ बजे प्रारम्भ हुनेछ।

### महाकविका भावभंगिमा

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित गीत लोकप्रिय गायक-गायिकाको स्वर तथा संगीतमा गुञ्जनेछ। देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्रले प्रज्ञा भवनमा भोलि शनिबार आयोजना गर्ने 'महाकविका भावभंगिमाहरू' शीर्षकको कार्यक्रममा उनका 'शाकुन्तल', 'लक्ष्मीगीत संग्रह', 'चिल्ला पातहरू', 'गाइने गीत', 'भिखारी', 'मुनामदन' आदि काव्यकृतिका गीत प्रस्तुत गरिनेछ। कार्यक्रममा जगदीश समाल, नरेन्द्र प्यासी, शिव परियार, कुन्ति मोक्तान, मान्डवी त्रिपाठी, मदनगोपाल आदि दर्जनौं गायक-गायिकाले ती गीत गाउनेछन्।

### द ओपनिङ गिग

भर्खरै सञ्चालनमा आएको वेबसाइट नेपालडिजे डटकमले भोलि शनिबार तथा पर्सि आइतबार राजधानीमा 'द ओपनिङ गिग' शीर्षकको डान्स पार्टी गर्दैछ। इन्सोमेनिया रेस्टुराँ तथा लञ्जमा आयोजना हुने उक्त डान्सपार्टीमा ब्राम्लिच, निक्स, सुका, निरल, ओल्डकिड, बायोनिक, डि.याख्खा आदि डिजेले उपस्थित युवायुवतीहरूलाई नचाउनेछन्।


## सौन्दर्यका सामानहरु

| | |
|---|---|
| १. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,१९९/- | ७. अनुहारको चाया पोतो हटाउने -रु. २,४९९/- |
| २. Souna Belt Price -रु.२,४९९/- | ८. पेट घटाउन Abking pro -रु. ६,९९९/- |
| ३. Breast घटाउने क्रिम -रु.१,२९९/- | ९. Home Jogger -रु. ६,९९९/- |
| ४. Breast बढाउने क्रिम -रु.१,२९९/- | १०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal Hair Oil -रु. ७५०/- |
| ५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/- | ११. Breast बढाउने pump -रु. १,४९९/- |
| ६. Roop Amrit -रु.१,३९९/- | १२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/- |

Global TV. Product Shop
पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )
कुमारीबैंकपछाडि फोन: ४२४२०६१, ४२३०८१५






साप्ताहिक Classified Advertisement

**रोजगार**

साधारण महिला/पुरुषहरुको आवश्यकता ९०००/- ९८०३४२१५२६, ६६३५४०१

महिलाहरुको लागि Ladies GYM ४४४१५७९ ठमेल

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९७४१०३५०११

**उपचार**

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाईट गर्न स्वेतप्रदरबाट मुक्त तथा यौन सन्तुष्टीको बिकास गर्न ४२७६०६८, ९८४९०५११६१

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

सिघ्र स्खलन उत्तेजना नहुने लिङ्गको लम्बाई, मोटाई बढाउन साथै यौन क्षमतामा अभिवृद्धि गर्न ४२७६०६८ ९८४१९८१९७६

थाहै नदिई जाँडरक्सी चुरोटको कुलत छुटाउन ९८०३५०२२५९

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।



# एयर सेक्स च्याम्पियनसिप

जापानको एक नाइट क्लबबाट प्रारम्भ भएको एयर सेक्स अहिले युरोप तथा अमेरिकामा लोकप्रिय हुँदै गएको छ। युरोपेली र अमेरिकीहरूले यो कलालाई नाइट क्लबमा मात्र सीमित नगरेर यसलाई विश्व च्याम्पियनसिपको रूपसमेत दिएका छन्। हालै क्यानाडाको टोरन्टोमा एयर सेक्सको पहिलो विश्वच्याम्पियनसिप सम्पन्न भएको छ। एयर सेक्समा सहभागी हुने पुरुष प्रतियोगीले कुनै काल्पनिक महिलासँग यौनआनन्द लिइरहेको अभिनय गर्नुपर्ने हुन्छ भने महिला प्रतियोगीले कुनै पुरुषसँग यौनसम्पर्क राखेको अभिनय गर्नुपर्ने हुन्छ। केवल काल्पनिक पात्रसँग गरिने यौनसम्पर्कमा जसले संगीतको धुनमा आकर्षक कला देखाउँछ ऊ नै प्रतियोगिताको विजयी हुन्छ। यो च्याम्पिनसिपमा यसपटक उत्तर अमेरिकाका १६ विभिन्न सहरमा आयोजित प्रतियोगितामा विजयी भएका प्रतियोगीहरूले सहभागिता जनाएका थिए, जसमा एक प्रतियोगीले ढुङ्गेयुगका मानिसले गर्ने यौन क्रियाकलापलाई प्रस्तुत गर्दै उपाधि हासिल गरे।



# निर्वस्त्र कफी व्यापार

रेस्टुराँ चलाउन विभिन्न उपाय ननिकाले नाफा कमाउन त के, रेस्टुराँ सञ्चालन गर्न पनि गाह्रो हुन्छ। अमेरिकाको भासालबोरोमा हालै कफी सप खोलेका डोन क्याबट्रिले आफ्नो रेस्टुराँ चलाउन निर्वस्त्र वेटर र वेट्रेसहरू राखेका छन्। डोन भन्छन्- हाम्रो उद्देश्य निर्वस्त्र भएर व्यापार गर्ने होइन, मैले व्यापारमा नयाँपन दिन यो चलन प्रारम्भ गरेको हुँ। हामीले महिला कर्मचारीहरूलाई सम्मानित रूपमा राखेका छौं, जसले हाम्रा ग्राहकहरू निर्वस्त्र वेटर देखेर बढी आनन्दित हुन्छन्, तर पनि आमग्राहकको आकर्षण भने वेट्रेसतर्फ नै हुने गरेको छ। यसका लागि डोनले विज्ञापन गर्दा निर्वस्त्र वेटर/वेट्रेसका रूपमा काम गर्न १ सय ५० जनाले आवेदन दिएका थिए, जसबाट केवल ३ जना वेटर र ७ जना वेट्रेस छनौट गरिएको थियो। अहिले यो कफी सपले न्यूइङ्ल्यान्ड कफी ३ डलरमा र दुनोट २ डलरमा बिक्री गरिरहेको छ।



## अन्त्यमा...

आकर्षक देखिने चाहना जो-कोहीलाई हुन्छ। आकर्षक हुने सोच भएकाहरूले होस पुऱ्याउने बेला पनि आएको छ। कुनै समय रूसकी सुन्दरी इरिनाले आफूलाई आकर्षक बनाउन आफ्नो ए आकारको स्तनमा सिलिकन हालेर एफ आकारमा पुऱ्याएकी थिईन्। मस्कोबाट लसएन्जलस जान प्लेनमा सवार इरिनाको विमानले उडान भर्नेबित्तिकै उनको स्तन दुख्न थाल्यो। उनको स्तन पीडा बढ्दै गएपछि विमानलाई क्यालिफोर्नियामै अवतरण गरियो। चिकित्सकहरूले परीक्षणका क्रममा विमानले उचाइ लिँदा चाप बढेका कारण उनले स्तन ठूलो बनाउन राखिएको सिलिकन फुटेको पाए। इरिना अहिले खतरामुक्त छिन्।

● पहिलो विश्व ●

# श्रीमान्लाई पटक-पटक कुमारित्व उपहार



कोही पनि आफ्नो कारणले आ□ना श्रीमान् वा श्रीमती दुःखी भएको देख्न चाहँदैनन्। उनीहरू हरतरहले आफ्नो साथीलाई खुसी बनाउने प्रयास गरिरहेका हुन्छन्। यस क्रममा आफ्नो श्रीमान्लाई कुमारित्व उपहार दिने प्रयास गर्दागर्दै रूसकी एक महिला अस्पतालमै भर्ना हुनुपरेको छ। २४ वर्षको उमेरमा विवाह गरेकी नातालियासँग सुहागरातकै दिन श्रीमान्ले योनि खुकुलो भएका कारण यौनसम्पर्क आनन्ददायी नभएको गुनासो गरे। यो घटनाबाट दुःखी भएकी नातालिया एक वर्ष हप्की सहेर बसिन्, तर आफ्नो विवाहको जन्मदिनमा प्लास्टिक सर्जरी गरेर श्रीमान्लाई कुमारित्व सुम्पिइन्। त्यसपछि उनले प्रत्येक विवाहको वार्षिकोत्सवमा प्लास्टिक सर्जरी गर्दै श्रीमान्लाई कुमारित्व उपहार दिन थालिन्। यस क्रममा उनले पाँच पटक आफ्नो योनिको शल्यक्रिया गरिन्। छैटौं पटकमा भने चिकित्सकहरूले उनलाई रोके। यद्यपि उनले श्रीमान्को खुसी सम्झँदै जे भए पनि आफैं बेहोर्ने भन्दै शल्यक्रिया गराइन्, तर उक्त शल्यक्रियापछि उनको शरीरमा इन्फेक्सन बढेर सघन उपचारकक्षमा भर्ना हुनुपऱ्यो।



# सचित्र



पुराना नायिका : आफ्नो समयका दुई लोकप्रिय नायिका निरुता सिंह तथा गौरी मल्ल एकसाथ ।



'म तिमीविना मरिहाल्छु' हङकङमा विशेष प्रदर्शनका अवसरमा छोरा अनमोलले गीत गाउने क्रममा तस्बिर लिँदै सुस्मिता केसी ।

**तस्बिर : निर्मल श्रेष्ठ**



असली हिरोइनसँग : नायक दिलीप रायमाझी आफ्नी जीवनसँगिनीसँग सुटिङबीचको फुर्सदमा ।



प्रथम नायिका : नेपाली चलचित्रको प्रथम नायिका भुवन चन्द ।



ज्याक्सनसँग : लण्डनस्थित मोमको मूर्ति संग्राहलयमा राखिएको माइकल ज्याक्सनको मूर्तिसँग पूर्व मिसटिन नेपाल खुश्बु ओली ।

## • चलचित्र •

### फर्ज



चलचित्र 'फैसला' गत बर्षको सफल चलचित्रमा दरियो । त्यसपछि निर्माता तथा नायक शिव गिरिले तुरुन्तै चलचित्र 'फर्ज'को निर्माणको घोषणा गरिहाले । आगामी साता यो चलचित्र सार्वजनिक हुँदैछ । मदन घिमिरेले निर्देशन गरेको यो चलचित्रको केन्द्रिय भूमिकामा घिमिरे आफै देखिदैछन् । आफ्नो राष्ट्रप्रतिको कर्तव्य निर्वाह गर्ने एक सैनिकको भूमिकामा उनलाई नायकद्धय रमित ढुंगाना र अर्जुन कार्कीले सहयोग गरेका छन् । चलचित्रमा ऋचा घिमिरे र युना उप्रेती नायिका छन् । शिवको निर्माणमौ बनेको चलचित्र 'फैसला'मा नायिका ऋचाको उत्तेजक दृश्यका कारण उक्त चलचित्रलाई सेन्सर बोर्डले वयस्क चलचित्र मानेको थियो । यसपटक चलचित्र 'फर्ज'मा पनि ऋचाले स्विमिङ् सुटमा 'बोल्ड' दृश्य दिएकी छिन् । यो चलचित्रमा दिपक वान्तवाको छायांकन, बनिष शाह र विपिन मल्लको सम्पादन एवं हिमाल केसीको द्धन्द्ध निर्देशन छ । चलचित्रका लागि नायक तथा निर्माता शिव गिरीले हेलिकोप्टरमा झुण्डिने र त्यसबाट फाल हाल्ने जस्ता स्टन्ट स्वयं गरेका छन् ।

### कमवख्त इश्क

साजिद नाडियाडवालाले निर्माण गरेको चलचित्र 'कमबख्त इस्क' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । साबिर खानद्वारा निर्देशित यो चलचित्रमा अक्षय कुमार, करिना कपूर, आफताब शिवदासानी, अमृता अरोरा, सिल्बस्टर स्टेलन आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । अनु मलिक, आरडीबी तथा सुलेमान मर्चेन्टद्वारा संगीतबद्ध यो चलचित्र नाडियावाला ग्रेन्डसन इन्टरटेन्मेन्टको ब्यानरमा तयार भएको हो । 'कमबख्त इस्क' को कथा दुई व्यक्तिको सम्बन्धमा आधारित छ जो एक-अर्काबाट बिल्कुलै अलग छन् । दुईमध्ये एउटा आगो हो भने अर्को पानी । दुवै एउटै स्थानमा रहन सक्दैनन् ।

विराज (अक्षय कुमार) हलिउडका एक सफल स्टन्टम्यान हुन् । उनी चलचित्रमा त्यस्तो काम गर्छन् जुन नाम चलेका अभिनेताहरूले गर्न सक्दैनन् । विराजको शब्दकोषमा विवाह तथा प्रेम जस्ता शब्दका लागि कुनै स्थान छैन । स्टन्ट गरेर उनले राम्रो पैसा कमाइरहेका छन् । जुन पैसा उनी पार्टी, मोज-मस्ती र युवतीहरूमा खर्च गर्छन् । सिमरिता (करिना कपूर) सर्जन बन्ने क्रममा छिन् र फुर्सदको समयमा मोडलिङ गर्छिन् । उनी सुपर मोडल हुन् । जीवन जिउनका लागि पुरुषको आवश्यकता नपर्ने उनको सोचाइ छ । सफल करियरका कारण उनलाई




पुरुषको साथको आवश्यकता महसुस भएको छैन ।

विराज आफ्ना कान्छा भाइ लकी (आफताब शिवदासानी) लाई असाध्यै माया गर्छन् तर उनीहरूको विचार एक-अर्कामा मेल खाँदैन । लकी कामिनी (अमृता अरोरा) सँग प्रेम गर्छन् र उनैसँग विवाह गर्न चाहन्छन् । कामिनी पनि मोडल हुन् र सिमरिताकी साथी । विराज आफ्ना भाइलाई विवाहको झन्झटमा नपर्न सल्लाह दिन्छन् । सिमरिता पनि आफ्नी साथीलाई यही कुरा सम्झाउँछिन् तर दुवैजनाले यो कुरा मान्दैनन् । लकी र कामिनीको विवाह हुन्छ । यहीं दुई विपरीत स्वभावका विराज र सिमरिता एक-अर्कासँग ठोक्किन्छन् । नचाहँदा-नचाहँदै दुवै जना वैवाहिक समारोहमा सहभागी हुन्छन् । त्यस क्रममा थुप्रै हास्यास्पद परिस्थिति सिर्जना हुन्छन् । यस्तै एक घटनामा दुवैजना सँगै बस्नुपर्ने हुन्छ जसका बारेमा उनीहरूले सपनामा पनि सोंचेका हुँदैनन् । त्यसपछि के होला ? यो कुरा थाहा पाउन चलचित्र नै हेर्नुपर्ने हुन्छ ।

### पब्लिक इनिमिज

यसै साता सार्वजनिक प्रदर्शन प्रारम्भ भएको हलिउडको चलचित्र 'पब्लिक इनिमिज' लाई ड्रामा, क्राइन तथा एडप्टेसन श्रेणीमा राखिएको छ । माइकल मनद्वारा निर्देशित यो चलचित्र २ घन्टा २३ मिनेट लामो छ । चलचित्रमा जोन्नी डेप, क्रिष्टिना बेल, मारियन कोटिलार्ड, कनिङ टटुम, डेबिड वेन्हाम आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । युनिभर्सल पिक्चर्सले विश्वव्यापी वितरण गरेको यो चलचित्रको निर्माण जेन रोसेन्थलले गरेका हुन् । चलचित्रमा अमेरिकाको सबैभन्दा ठूलो अपराध तरंग समेटिनुका साथै सन् १९३३-३४ मा एफबिआईको जन्म कसरी भयो भन्ने कुरा पनि चित्रण गरिएको छ ।

चलचित्रमा नायक डेपले खतरनाक अपराधीको भूमिका निर्वाह गरेका छन् । डेपको अपराधिक समूह अपरायज छ । कुनै पनि सुरक्षा निकाय तथा जेलले उनीहरूलाई छेक्न सक्दैन । उनले थुप्रै पटक जेल तोडेर बाहिर निस्कने हिम्मत गरिसकेका हुन्छन् । डेपकी प्रेमिका बेलसमेत आफ्नो प्रेमीको शक्तिप्रति कायल छिन् । डेपको समूहको आपराधिक क्रियाकलापले सीमा नाघ्छ । उनीहरूको अपराधलाई रोक्नकै लागि अमेरिकामा एफबिआईको जन्म हुन्छ । एफबिआईको सक्रियतापछि भने डेपको समूह आपराधिक क्रियाकलापबाट पछि हट्न बाध्य हुन्छ । चलचित्रको अन्त्यमा डेपले एफबिआई सामु आत्मसमर्पण गर्छन् । एक्सनप्रधान चलचित्र हेर्न रुचाउने दर्शकहरूलाई 'पब्लिक इनिमिज' ले प्रसस्त मनोरञ्जन दिने कुरामा दुई मत छैन ।

## • सानो पर्दा •

### नेवारी टेलिश्रृंखला

इमेज च्यानलबाट प्रसारण भैरहेको नेवारी भाषाको टेलिश्रृंखला 'खोट्टा बजी' ले लोकप्रियता पाइरहेको बेला नेपाल टेलिभिजन-२ बाट पनि नेवारी भाषाकै अर्को एउटा टेलिश्रृंखलाले दर्शकको मन जितिरहेको छ । प्रत्येक शुक्रबार राति ९:२० बजे प्रसारण हुने 'उलिंवाया बाखू थुलिंचा' (सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला) हास्यटेलिश्रृंखला हो । अमृतमान महर्जनद्वारा निर्देशित यो श्रृंखलाको निर्माण सिने ग्राफिक्सले गरेको हो ।

### सुन्दर पनि आउने

आगामी साउनको अन्तिम सातादेखि नेपाल टेलिभिजनबाट एउटा नयाँ हास्यश्रृंखला प्रसारण हुने भएको छ । 'सुन्दर' शीर्षक राखिएको यो टेलिश्रृंखलाको कथा गत वर्ष प्रदर्शन भएको चलचित्र 'सुन्दर मेरो नाम' जस्तै भएको श्रृंखलाका निर्देशक अमृतमान महर्जनले बताएका छन् । 'त्यो चलचित्रको कथा हाम्रो टेलिश्रृंखलाबाटै साभार गरिएको हो, निर्देशक महर्जनको कथन छ । श्रृंखलामा सुलेमान शंकर (इकु) ले सुन्दरको भूमिका निर्वाह गरेका छन् । पारिवारिक तथा हास्य विषयमा आधारित यो श्रृंखला ४७ भाग लामो हुनेछ । श्रृंखलामा सुलेमान शंकरका अतिरिक्त मुकुन्दकिशोर भट्टराई, माया प्रधान, उत्तम केसी, हरिशा, उमाबेबी थापा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् ।

### दृष्टिको लोकप्रियता

नेपाल टेलिभिजन-२ बाट प्रसारण भैरहेको टेलिश्रृंखला 'दृष्टि' ले लोकप्रियता हासिल गरिरहेको श्रृंखलाको निर्माणपक्षले बताएको छ । लु:निभा आर्ट्स प्रा.लि.ले निर्माण गरेको 'दृष्टि' लाई अनुसन्धानमूलक टेलिश्रृंखलाका रूपमा तयार पारिएको छ । जयन प्रधानको प्रस्तुतीकरणमा तयार पारिएको यो श्रृंखलाको निर्माण हास्यकलाकार पल्पसा डंगोलले गरेकी हुन् । श्रृंखलाको निर्देशन नीरज सुवेदीले गरिरहेका छन् । नेपाल टेलिभिजन-२ बाट प्रत्येक सोमबार साँझ ७:३० बजे प्रसारण भैरहेको यो श्रृंखलामा पल्पसा डंगोलले नै मुख्य भूमिका निर्वाह गरेकी छिन् ।

# एफजेडमा तीन सेलिब्रेटी र तीन युवा

**शिव मुखिया**

काठमाडौं– साँघुरो र उच्च क्षेत्रको कच्ची बाटो छिचोल्दै एक हजार किलोमिटरभन्दा बढी दूरी तय गर्नु जोखिमपूर्ण मात्र हुँदैन उत्तिकै रोमाञ्चक पनि हुन्छ। यही रोमाञ्चक र जोखिमपूर्ण यात्रामा तीन सेलिब्रेटीका साथ अन्य तीन युवाले सामेल हुने अवसर पाएका छन्। युवापुस्तालाई लक्षित गरी बनाइएको यामाहाको एफजेड-१६ मा हुइँकिँदै उनीहरू 'सडकदेखि सगरमाथा' को यात्रामा जुट्नेछन्। यामाहाको आधिकारिक विक्रेता मोरड अटो वर्क्सले सञ्चालन गरेको यो कार्यक्रमअन्तर्गत भिजे सुरजसिंह ठकुरी, तेक्वान्दो खेलाडी दीपक विष्ट र पप गायक निमा रुम्बाका साथमा पाल्पाका अमित प्रधान, ललितपुरका ज्योति देशार र काठमाडौंका रेशकुमार वालले यात्रामा सहभागिता जनाउनेछन्। एफजेड र एफजेट एक्स मोटरसाइकल खरिदकर्ताहरूमध्ये लक्की ड्रका आधारमा उनीहरू यो अभियानका लागि छानिएका हुन्। योजनामा सामेल हुन ४ सय ५७ आवेदन परेका थिए।



तीन सेलिब्रेटी, छानिएका तीन युवा र विशेष सहयोगी दलले काठमाडौंदेखि सगरमाथा आधार शिविरसम्मको यात्रा गर्नेछ। विभिन्न रंग र डिजाइनका कारण युवापुस्ताको रोजाइ बन्दै आएको एफजेड जस्तोसुकै यात्राका लागि पनि सहयोगी छ भन्ने कुरा पुष्टि गर्न यो यात्रा थालिएको आयोजकहरूले बताएका छन्। यो यात्राले १ हजार २ सय किलोमिटर बाटो तय गर्नेछ।

# एकाउन्न दिनमा इक्कुको बिहे



यो वर्षको व्यवसायिक सफल चलचित्र 'इक्कु-द जंगल म्यान' का नायक तथा निर्माता सुलेमान शंकर अर्थात् इक्कुको विवाह हिंजो बिहीबार पोखरास्थित एक चर्चमा सम्पन्न भयो। पोखराकी जया नेपालीसँग विवाहबन्धनमा बाँधिएलगत्तै आइतबार उनको चलचित्र 'इक्कु-द जंगलम्यान' ले प्रदर्शनको एकाउन्न दिन मनाउँदै छ। आइतबार नै आफ्नो विवाह र एकाउन्न दिनको सफलताको भोज उनी एकैसाथ दिँदै छन्। सो अवसरमा चलचित्र निर्माण तथा प्रदर्शनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाहरूलाई ट्रफी पनि प्रदान गरिनेछ।

# पोखरामा ट्यालेन्ट कन्टेष्ट



पोखरा– द लुक्स फेसन होमद्वारा आयोजित अन्तरविद्यालय ट्यालेन्ट कन्टेस्टमा दुई दर्जन बालबालिकाले भाग लिए। विभिन्न चरणमा सर्वोत्कृष्ट हुँदै फिस्टेल एकेडेमीकी छात्रा मुस्कान रानाभाट प्रथम उपाधि चुम्न सफल भइन् भने ईशा के.सी. फस्ट रनर अप तथा प्रतीक्षा थापा सेकेन्ड रनर अप भइन्। छात्रतर्फ कास्की मोडनाइजका इच्छा गुरुङ प्रथम भए भने साहिल खाँण र विक्रम श्रेष्ठले क्रमशः फस्ट र सेकेन्ड रनर अप घोषित भए। ऋचा श्रेष्ठ दर्शकहरूको छनौटमा पर्न सफल भइन्। बालबालिकाहरूमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजित गरिएको प्रतियोगितामा प्रकाश गुरुङ, ओमप्रकाश पौडल तथा प्रेरणा गुरुङले निर्णायकको भूमिका निभाएका थिए। द लुक्स फेसन होमका निर्देशक रवीन्द्र बज्राचार्य संयोजक रहेको उक्त प्रतियोगिताको कोरियोग्राफी इशिता जिरेलले गरेकी थिइन्। प्रतियोगिताको सञ्चालन सुरक्षा गुरुङ तथा दीपिका क्षेत्रीले गरेका थिए।





# पलेंटीमा आभासको प्रस्तुति

नेपालयको 'आर' शालामा हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार आयोजना हुने पलेंटीमा गायक संगीतकार आभासले उपस्थित दर्शक-श्रोतालाई मन्त्रमुग्ध बनाए। उनको प्रस्तुति कुनै दक्ष खेलाडीले आ□नो गृहमैदानमा गरेको उत्कृष्ट प्रदर्शनजस्तै थियो। कविवर माधवप्रसाद घिमिरे, गीतकार-सङ्गीतकार भीम विराग र गीतकार डा. राममान तृषितजस्ता मूर्धन्य साधकको उपस्थितिमा आभासले झन्डै तीन घण्टा लगाएर सोह्रवटा गीत सुनाए। रोमान्टिकदेखि सामाजिक सन्दशेमूलकसम्म उनका भिन्न धारका गीतले श्रोताहरूलाई बाँधेर राखेको थियो।

आभासले आ□नो रेकर्ड भैनसकेका गीत गाएका थिए भने अम्बर गुरुङ र भीम विरागका नसुनिएका सिर्जना पनि प्रस्तुत गरेका थिए। आभासले बेला-बेला प्रत्यक्ष परिमार्जनका साथ गीतका हरफहरूलाई विभिन्न सुरमा प्रस्तुत गर्दा श्रोताहरूले मन्त्रमुग्ध भएर थपडी बजाएका थिए।

आधुनिक नेपाली सङ्गीतको प्रवर्द्धन एवं त्यसका स्रष्टाहरूलाई सक्रिय बनाउने लक्ष्य लिएर पाँच वर्षअघि सुरु भएको पलेंटीले नेपाल र बाहिरका साधकहरूलाई समेट्ने क्रममा एउटा साङ्गीतिक अभियानको रूप लिइसकेको छ। पलेंटीले जुलाई महिनाको अन्तिम शुक्रबार वरिष्ठ गीतकार डा. राममान तृषितलाई प्रस्तुत गर्ने भएको छ।

# पाठकको वृत्तचित्रले वर्ल्ड टिभी एवार्ड जित्यो



लामो समय पत्रकारिता गरेर वृत्तचित्र निर्माणमा लागेका दिलभूषण पाठकले निर्देशन गरेको 'शान्ति यात्रा' शीर्षकको वृत्तचित्रले वर्ल्ड टिभी एवार्ड २००९ हात पारेको छ। एसिया प्यासिफिक इन्स्टिच्युट फर ब्रोडकास्ट डेभलपमेन्ट (एआईडीबी) मलेसियाले प्रदान गर्दै आएको वर्ल्ड टिभी एवार्ड प्रत्येक वर्ष द्वन्द्व न्यूनीकरण, धार्मिक सहिष्णुता र सामाजिक सद्भाव विषयमा दिँदै आएको छ।

यो एवार्डका लागि एसिया प्रशान्त क्षेत्र, युरोप, अफ्रिका तथा नर्थ अमेरिकामा रहेका सार्वजनिक, निजी र स्वतन्त्र प्रसारकहरूले भाग लिन पाउँछन्। स्वीजरल्यान्डको डेव टिभी जेनेभाद्वारा निर्मित रोबर्ट लेम्बको मोरक्को : नेभर एगेनले पहिलो पुरस्कार पाएको छ भने पाठकको शान्ति गीतले फस्ट रनरअप उपाधि जितेको हो।

एआईडीबीले विजेता र फस्ट रनर-अप वर्ल्ड टिभी एवार्डको घोषणा एसिया मिडिया सम्मेलनमा गत मे २००९ मा चीनको मकाउमा गरिएको थियो। पुरस्कार विजेतालाई आगामी जुलाई २०-२३ सम्म फिजीमा हुने एआईडीबीको साधारण सभामा नगद तथा प्रमाणपत्रले पुरस्कृत गरिँदैछ। लामो समयसम्म द्वन्द्वले विभाजन गरेको नेपाली समाजका विभिन्न पृष्ठभूमिका मानिसलाई सामाजिक तथा साम्प्रदायिक सद्भाव मजबुत तुल्याउन तथा शान्ति प्रक्रियालाई गन्तव्यमा पुऱ्याउन एकै ठाउँमा भेला गरेर संगीतको माध्यमबाट साझा धरातलको खोजी गर्ने उद्देश्यले 'शान्ति गीत' वृत्तचित्र तयार पारिएको थियो।




# लागूपदार्थ दुर्व्यसनविरुद्ध कन्सर्ट

बुटवल– बुटवलको व्यस्त व्यापारिक केन्द्र, राममन्दिर लाइनको जिपर रोड शुक्रबार साँझ सांगीतिक वातावरणले तात्यो। लागूपदार्थको दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा पूर्व लागूपदार्थ प्रयोगकर्ताहरूको संस्था सोसाइटी सपोर्ट ग्रुपले गरेको कन्सर्टमा स्थानीय व्यवसायीहरू आफ्ना पसल र कारोबार बन्द गरी सांगीतिक आनन्दमा रमाए। लागूपदार्थ दुर्व्यसनविरुद्ध जनचेतना जगाउने उद्देश्यले आयोजित कन्सर्टमा उपस्थित झन्डै ३ हजार दर्शकलाई चितवनको स्याडोज ब्यान्डका कलाकारले एक दर्जन रक गीतमार्फत करिब एक घण्टासम्म मनोरन्जन प्रदान गरे।

त्यसअघि स्थानीय अशोक तथा एनोनिमस सर्जरी ब्याण्डको प्रस्तुतिले पनि घरेलु दर्शकको वाहवाही बटुलेको थियो। साँझ ६ देखि ९ बजेसम्म चलेको कन्सर्टमा ब्रेकर ग्रुपका अमृता, दीपा, सन्तोष, राजन, विनोद आदिको नृत्यले पनि दर्शकलाई तताएको थियो।

कन्सर्टमा आयोजक संस्थाका वसन्तसिंह थापा, मीन सेन, गणेशदेव पाण्डे, राजन भट्टराई आदिको पनि प्रस्तुति थियो। २०६३ सालमा स्थापना भएको सोसाइटी सपोर्ट ग्रुपले बुटवलमा सहारा उपचार तथा पुनःस्थापना केन्द्र स्थापना गरेर लागूपदार्थ दुर्व्यसनको कुलतमा लागेका युवाहरूको उपचार गर्दै आएको छ। रूपन्देहीमा ३ हजार र बुटवलमा १ हजार ५ सयजति लागूपदार्थ दुर्व्यसनी रहेकोमा ग्रुपले ३ सय ५० जनाको उपचार गरेको बताइन्छ।

**–टोपराज शर्मा**

# रोपाइँ महोत्सवमा पर्यटक रमाए



तस्बिर : राम गुरुङ

**शिव शर्मा**

पोखरा- हिलाम्मे शरीर लिएर विदेशी पर्यटकहरू रोपाइँ महोत्सवमा रमाए। अस्ट्रियाका माइकल त हिलोले चिन्नै नसक्ने भएका थिए। उनी हलगोरुको पुछार निमोठ्दै हिलोमा उफ्रिन पाउँदा दंग परे। 'यस्तो रमाइलो संस्कृतिमा रमाउन पाउँदा मन चंगा भयो,' उनले भने- हिलोमा खेल्नुको मज्जा नै बेग्लै छ।'

उनीजस्तै विभिन्न देशबाट आएका विदेशी पर्यटकहरूले पोखरा पर्यटन परिषद्ले आयोजना गरेको असार महोत्सवमा धीत मारेर हिलो छ्यापाछ्याप गरे। असार १५ मा हिलोमा टेक्नैपर्छ भन्ने उद्घोषसहित परिषद्ले ६ वर्षदेखि निरन्तर रूपमा असार महोत्सव गर्दै आएको छ। पोखराको कुँडघर फाँटमा आयोजित महोत्सवमा स्वदेशी तथा विदेशी पर्यटकहरूको लाम लागेको थियो। विदेशी पुरुषहरू आली लगाउन र खेत सम्याउन तथा महिलाहरू छुपु-छुपु धान रोप्न कस्सिएका थिए।

आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित महोत्सवमा तुलनात्मक रूपमा सहभागीहरूको संख्या उल्लेख्य देखिन्थ्यो। महोत्सवमा बजाइएको पञ्चैबाजाको तालमा कम्मर भाँच्ने विदेशीहरू पनि कम थिएनन्। त्यसै गरी पर्यटकहरूले दही-चिउराको स्वाद पनि लिए।

महोत्सवलाई रोचक तुल्याउन पर्यटक दौड, पुरुष तथा महिला दौड, असारे गीत, रोपाइँ, रस्सी तान्ने तथा खेत सम्माउनेजस्तो प्रतियोगिताहरू समावेश थिए। पर्यटक दौडमा अस्ट्रियाका माइकल पहिलो भए। त्यस्तै जर्मनका डेनियल दोस्रो र बेलायतका एन तेस्रो भए। महिलातर्फ भने जर्मनकी मलानी पहिलो बनिन्।

परिषद्ले यस अघि यस्तो महोत्सव पामे, बेगनास, बिरुवाफाँट र हेम्जामा गरेको थियो। सबै मौसममा पर्यटकलाई पोखरा निमन्त्रण गर्न यस्तो कार्यक्रमलाई निरन्तरता दिएका हौं, आयोजक समितिका अध्यक्ष बच्चुराम तिवारीले बताए।

# धरानमा भ्वाइस अफ टिन

**भीषण राई**

धरान- गायन प्रतिभाको खोजी गर्ने प्रतियोगिता भ्वाइस अफ टिन धरानमा आइतबार सम्पन्न भएको छ। धरानको नेपाल स्काउट भवनमा सम्पन्न पहिलो चरणको उक्त छनौट प्रतियोगितामा धनकुटा, मोरङ, सुनसरी जिल्लाको गाउँ-गाउँबाट जम्मा ३ सय १५ जना टिनएजरको सहभागिता थियो। ए वन मिडिया प्रा.लि., काठमाडौंद्वारा आयोजित नवप्रतिभा टिन एजर्स गायकहरूको छनौटमा जम्मा धरानबाट ४१ जना छानिएका छन्।

प्रतियोगीतामा १३ देखि १९ वर्षबीचमा रहेका उमेर समूहकालाई मात्र समावेश गरिएको थियो। मोरङ जातेका १९ वर्षीय हिमाल राई स्वर परीक्षामा पास भएपछि काठमाडौंका लागी निम्तो पाएका छन्। राई भन्छन्– 'अब काठमाडौंका लागि अझ मेहनत गर्छु।' धरानमा नेपाल स्काउट भवनमा भएको पहिलो स्वर परीक्षामा ३ सय १५ सहभागीमध्ये ४१ जना छनौटमा परेका छन्। पूर्वाञ्चलको बिर्तामोडमा गत बुधवार न्यू ह्याभन होटलमा भएको स्वर परीक्षणमा जम्मा ३ सय सहभागीमध्ये ६४ जना काठमाडौंका लागि छनौटमा परिसकेका छन्।

ए वन मिडिया प्रा.लि.ले पूर्वाञ्चलका लागि धरान, बिर्तामोड र विराटनगरबाट सहभागीहरूको छनौट गरिरहेको छ। पहिलो अडिसन राउन्डमा देशका विभिन्न ठाउँबाट छानिएका टिन गायक-गायिकाहरूबाट काठमाडौमा जम्मा टप २५ छानिनेछ। कार्यक्रमको भ्वाइस अफ टिनको निर्णायकमा संगीतकार राजु सिंह, गायक रामकृष्ण ढकाल र गायीका देविका प्रधान थिए। टप २५ मा छनौट भैसकेपछि भने आयोजकले उनीहरूलाई सबै खर्च बेहोर्ने कार्यक्रमका प्रोग्राम डाइरेक्टर सौरमराज तुलाधरले बताए।

यसले उनीहरूको प्रतिभा र भाग्य बन्न चम्किन सक्छ। टप २५ मा पुगेका टिन गायक-गायिकाहरूलाई ५० प्रतिशत निर्णायक र ५० प्रतिशत जनताको भोटको माध्यमबाट क्रमश छनौट गर्दै लगिनेछ र अन्त्यमा भ्वाइस अफ टिनको उपाधि प्रदान गरिनेछ। भ्वाइस अफ टिनका दाबेदार बनेका पहिलो टिन गायकलाई १ लाख नगद पुरस्कार, ५ लाख नगद बराबरको म्यूजिक कन्ट्याक्ट र एक वर्षका लागि निःशुल्क संगीत प्रशिक्षण लिन पाउनेछन्।



# दोहोरीमा झुम्यो पोखरा

पोखरा- गएको साता पोखरामा दोहोरीको रमझम बेग्लै देखिन्थ्यो। डिस्को डान्स मात्र होइन, दोहोरीमा पनि मनोरञ्जन पारखीहरू हूल बाँधेर जाँदा रहेछन् भन्ने उदाहरण निरमाया दोहोरी साँझमा राष्ट्रिय कलाकारहरूको जमघटका क्रममा देखियो। चकमन्न रातलाई गुल्जार बनाउन चर्चित दोहोरी कलाकारहरूले मद्दत गरे। खचाखच दोहोरी पारखीहरूको जमघट रहेको कार्यक्रममा दोहोरीको तालमा सेतै कपाल फुलेका वृद्धहरू कम्मर भाँचेर नाच्न कुनै कसर बाँकी राखेनन्। राजधानीदेखि आएका अतिथि कलाकार रामजी खाँण र देवी घर्तीले कार्यक्रमलाई गर्मागरम बनाए। रामजीले गाएको चर्चित गीत 'देउरालीको भट्टी पसल, साउनीको बोली असल' ले कार्यक्रमलाई उचाइमा पुऱ्यायो।

डाइनिङ टेबलमा बसेकाहरू पनि खान छाडेर गीतको तालमा ताल मिलाउँदै नाँच्न कस्सिए। उता चर्चित गायिका देवी घर्ती पनि दर्शक नचाउन पछि परिनन्। उनले 'काफल पाकेको' र 'चोली ढाकाले' गीत गाइन्। निरमाया दोहोरीको चौथो वार्षिकोत्सवका अवसरमा आयोजित विविध सांस्कृतिक कार्यक्रममा वरिष्ठ दोहोरी गायक पुरुषोत्तम न्यौपानेलाई दोसल्ला ओढाएर सम्मान गरियो। सम्मानित भएपछि उनले आफ्ना लोकप्रिय गीत सुनाए। कार्यक्रममा सागर सुवेदीको समूहको दोहोरीको घम्साघम्सीले रात अझ रंगीन बनेको थियो। राति अबेरसम्म जमेको कार्यक्रममा हास्यकलाकार दीपक थापाको प्रहसनले सबैलाई हँसाएको थियो।

# दीपन चुनिए मास्टर स्टार



तस्विर : नवराज बाग्ले

हाकुपटासी लगाएर प्रतियोगी नम्बर एक युमन श्रेष्ठ स्टेजमा झुल्किएपछि एक क्षणका लागि दर्शकहरू अचम्ममा परे। 'ए दाइचा...' गीतमा युमनले केटी मान्छेकै हावभावमा नृत्य प्रस्तुत गरे। अर्का प्रतियोगी दीपेश रञ्जितले कराँतेको काता प्रस्तुत गरी स्टेजमै घ्याम्पोसमेत फुटाए। दीपन अधिकारीको नृत्य पनि जमेको थियो। अन्तिम प्रतिस्पर्धी सदीश कार्कीले भने केही फरक गर्न खोजे। ब्याक स्ट्रिट ब्वाइजको 'एभ्री बडी' गीतमा रोलर स्केटर प्रयोग गरी उनले स्टन्ट नृत्य प्रस्तुत गरेका थिए। यही पृथक् प्रस्तुतिबाट सदीशले मास्टर ट्यालेन्टको एवार्ड जिते। त्यसो त नृत्यका अतिरिक्त गीत गाएर बाँसुरी, धिमे, पियानो, मादल बजाएर पनि प्रतिस्पर्धीहरूले आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए।

कुरा हो, मास्टर स्टार-२००९ प्रतिर्स्धाको। नेप्लिज फेसन होमको आयोजनामा गत शनिबार प्रज्ञाभवनमा सञ्चालित प्रतिस्पर्धामा २० जना बालकबीच प्रतिस्पर्धा भएको थियो। परिचयात्मक राउन्ड, ट्यालेन्ट राउन्ड हुँदै अघि बढेको उक्त प्रतियोगिताको बेस्ट ड्रेस र राउन्डमा पृष्ठभूमिमा बजेको 'सधैं उडिरहने बादललाई...' गीतको धुनमा सहभागीहरूले शान्ति, संस्कृति, परम्परा, धर्म, राष्ट्रियता र जीवनशैली दर्साउने परम्परागत एवं परिमार्जित पहिरन शैलीमा ठाँटिएर क्याटवाक गरेका थिए, जसमध्ये सुमित डंगोलले बेस्ट ड्रेसको एवार्ड जिते।

विवेक श्रेष्ठ र रोहिया महर्जनको कोरियोग्राफमा सञ्चालित उक्त प्रतियोगितामा दीपन अधिकारीले मास्टर स्टारको उपाधि जिते भने समीर काफ्ले र अशोक थापा क्रमशः फस्ट तथा सेकेन्ड रनरअप चुनिए। अन्य उपाधितर्फ आविष्कार पाण्डे फोटोजेनिक, युमन श्रेष्ठ इनोसेन्ट, संयोजन गुरुङ चार्मिङ, अकियान बादे पर्सनालिटी, नवकिरण गुरुङ डिसिप्लिन, रेक्स रञ्जितकार फ्रेन्डसिप तथा सैन श्रेष्ठ ह्यान्डसम घोषित भए।



# प्रतियोगिता फेसन र डिजाइनको

धरान– धरानमा फेसन र इन्टेरियर डिजाइनको कक्षा सञ्चालन गरिरहेको आईईसी भेलोसिटी कलेजले आयोजना गरेको विद्यार्थीहरूबीचको प्रतिस्पर्धामा फेसन डिजाइनतर्फ सजनी राई उत्कृष्ट घोषित भएकी छिन्।

'वाई (एल्लो) इभ'का रूपमा मनाइएको उक्त प्रतिस्पर्धामा आफैंले डिजाइन गरेको पहेंलो रंगको नाइट गाउन, ग्लास र क्लिप लगाएकी सजनीलाई निर्णायकहरूले उत्कृष्ट घोषणा गरे भने अलिसा राई फस्ट रनरअप तथा महिमा राई सेकेन्ड रनरअप भए। कलेजका विद्यार्थीहरूबीच गराइएको प्रतियोगितामा इन्टेरियरतर्फ 'डिस्को थिम' को डिजाइन उत्कृष्ट घोषित भयो। डिस्को थिमको डिजाइन विमला राई, प्रतिमा श्रेष्ठ र मनीषा क्षेत्रीले गरेका थिए। उनीहरूले पराल, केराको बोट र अन्य पुराना सामग्रीको संयोजनबाट डिस्को बार तयार पारेका थिए। उत्कृष्ट भएपछि मनीषाले भनिन्– 'वेस्टेज मेटेरियलबाट बनाएका हौं। कम खर्चमा पनि राम्रो डिजाइन बनाउन सकिन्छ भन्ने देखाउन खोजेका थियौं।'

कार्यक्रममा पहेंलो पहिरनमा सजिएका युवतीहरूले आफैंले डिजाइन गरेका पहिरन लगाएका थिए। कार्यक्रममा 'भ्यालेन्टाइन डे' शीर्षकमा गरिएको इन्टेरियर डिजाइन र 'क्रिसमस डे' शीर्षकमा तयार गरिएको डिजाइन पनि प्रदर्शन गरिएको थियो। सजावटमा स्थानीय स्तरमा सहज रूपमा पाइने सामग्रीहरूलाई प्राथमिकता दिइएको थियो।

करिब डेढ वर्षअघि धरानमा खुलेको भेलोसिटीले हाल आईईसीको सिलेबसमा अध्यापन गराउँदै आएको छ। पूर्वका दमक, विरानगर, इटहरी, धरानजस्ता सहरी क्षेत्रका साथै उर्लाबारी, विराटचौक, चक्रघटीजस्ता ग्रामीण भेगबाट समेत विद्यार्थीहरू पढ्न आउने कलेजले पूर्वमै पहिलो पटक यस्तो कार्यक्रमको आयोजित गरेको थियो।

# लागूपदार्थविरुद्ध संगीत

**साप्ताहिक समाचार**

काठमाडौं– 'डन्ट डु ड्रग्स' यो साता लागूपदार्थविरुद्धको दिवस विभिन्न कार्यक्रम आयोजना गर्दै मनाइयो। राजेश हमालदेखि निमा रुम्बासम्मका सेलिब्रेटिहरू यस्ता कार्यक्रममा सहभागी भए। भाटभटेनी, काठमाडौंस्थित न्यू लिरा स्कुलले भने एउटा सांगीतिक कार्यक्रम नै आयोजना गर्‍यो। न्यू लिरा म्युजिकल इभेन्ट शीर्षकको उक्त कार्यक्रममा विभिन्न गीत-संगीत प्रस्तुत गरिएको थियो।

सांगीतिक कार्यक्रममा गायक मिङ्मा शेर्पाका अतिरिक्त सांगीतिक समूह द युनिटी तथा अनुप्रस्थले गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा गीत-



संगीतका अतिरिक्त अन्तरविद्यालय नृत्य प्रतियोगिता पनि आयोजित गरियो। प्रतियोगितामा आठवटा विद्यालयले भाग लिएका थिए। प्रतियोगितामा न्यू लिरा स्कुलले प्रथम स्थान हासिल गरेको थियो। वर्ल्ड अफ इभेन्टले आयोजना गरेको उक्त कार्यक्रममा स्थानीय सांगीतिक समूहका संगीतकर्मीहरूले पनि गीत प्रस्तुत गरेका थिए।






# कसको गुरु को ?

काठमाडौं– 'मेरो गुरु मै हुँ', साप्ताहिकको एक जिज्ञासामा हरिवंश आचार्यले यस्तै ठट्यौली जवाफ फर्काए । 'मेरो सफलताको सम्पूर्ण श्रेय कुनै एक जना गुरुलाई दिन सक्दिनँ,' उनले फेरि थपे- 'थुप्रै छन् गुरु, खै क-कसलाई सम्झौं ।' त्यसपछि उनी केहीबेर सोंचमग्न भए । 'अँ, मैले एक जना गुरु सम्झें,' उनले भने- 'मलाई गायत्री मन्त्र सिकाउने गुरु ।' हाडीगाँउतिरका पौडेल थरका ती गुरुको नाम अहिले उनले बिर्सिए तर सानो छँदा उनैबाट गायत्री मन्त्र सिकेको सम्झनाचाहिँ अझै आइरहन्छ । ठट्यौली कुराकानीपछि उनी अलि गम्भीर भए- 'खासमा भन्ने हो भने मलाई आर्ट क्षेत्रमा ल्याउने गुरु जितेन्द्र महत 'अभिलाषी', भैरवबहादुर थापा, हरिहर शर्मा हुन् ।' उनले आफ्ना गुरुहरूको पंक्तिमा भैरव अर्याललाई पनि जोड्न बिर्सिएनन् । 'उहाँको निबन्ध मलाई असाध्य मनपर्छ, उहाँ पनि मेरा गुरु...'- उनले भने । पद्मोदय हाईस्कुल पढ्दाताका उनका गुरु थिए– लक्ष्मीप्रसाद अधिकारी । अधिकारी गुरुले सधैं पढ्नमा प्रेरित गरिरहे ।

अब लागौं, मदनकृष्ण श्रेष्ठतर्फ । उनी कसलाई आफ्नो गुरु मान्छन् ? 'हरिवंश,' उनको जवाफ अनपेक्षित थियो । 'हरिवंश मेरो गुरु, बुबा र छोरा सबै हुन्, उनको परिपक्वता हेर्दा बुबाजस्तो लाग्छ, उमेर छोराजस्तो...।' तोतेबोली बोल्न अनि ताततेताते भन्दै हिँड्न सिकाउने पनि गुरु हुन् । साउँ अक्षर सिकाउने पनि गुरु नै हुन् । गुरुको सम्झना गर्दा उनका आँखाभरि थुप्रै गुरु झल्झली आए । कसलाई मात्र आफ्नो गुरु मानौं, उनी असमञ्जसमा परे । 'अँ एक जना गुरु सम्झें,' आफ्नै लवजमा उनले प्रसंगलाई अघि जोडे- 'नगेन्द्र हाडा, मेरो क्यारियर माथि उठाउन उहाँको ठूलो योगदान छ ।' नगेन्द्र हाडासँगको भेट एउटा संयोग थियो । 'मुनासः' अर्थात् आवाजको जमात शीर्षकको हास्यव्यंग्यात्मक कार्यक्रमका सिलसिलामा हाडासँग भेट भएको थियो । 'हाडा नेवारी गीतका प्रसिद्ध संगीतकार हुनुहुन्थ्यो,' उनले अतीत सम्झिए- 'कार्यक्रमका लागि एउटा गीत गाउनुपर्‍यो भनेर उहाँको घरमा गएँ,' तर हाडा अस्वस्थ्य रहेछन् । हाडाले भने रे- 'तिमी राम्रो क्यारिकेचर गर्छौ, तिमी नै गाइदेऊ मेरो गीत ।' त्यसपछि हाडाको गीत गाउन मदनकृष्ण मञ्चमा आए । गीत गाएपछि नेवार समुदायबीच उनी रातारात हिट भए । हाडासँग उनको संगत लम्बिँदै गयो । 'उहाँको जे-जति गीत गाएँ, सबै सुपरहिट भए ।' यसरी नै उनी कलाक्षेत्रमा जम्दै गए । उनका गुरु यतिबेला नवदुर्गा हल सञ्चालन गरेर बसेका छन् ।

'मेरा गुरुहरूलाई दश प्रणाम गर्छु, उहाँहरूलाई म श्रद्धापूर्वक सम्झिरहेको छु,' यसो भनिरहँदा हरिहर शर्माले आसाममा विद्यालय पढ्दादेखि प्रज्ञा-प्रतिष्ठान भित्रिँदासम्मको क्षणलाई सम्झिए । 'मलाई शिक्षा-दीक्षा दिने गुरुदेखि एकेडेमीमा प्रवेश गराउने गुरुहरूलाई म बिर्सन सक्दिनँ,' उनले भने । विद्यालय पढ्दाताकाका गुरुहरूको अनुहार सम्झिए पनि नाम भने बिर्सिसकेका छन् । प्रज्ञा-प्रतिष्ठान भित्र्याउने र कलाक्षेत्रमा डोर्‍याउनेहरूको नाम भने उनको स्मृतिमा ताजै छ- 'प्रचण्ड मल्ल, विजय मल्ल, श्यामदास वैष्णव आदि मेरा गुरु हुन् ।' उनले फटाफट नाम लिए ।

२०३० सालतिरको कुरा हो । एकेडेमीले 'कलाकार चाहियो' भन्ने विज्ञापन प्रकाशित गर्‍यो ।

> मदनकृष्ण श्रेष्ठ कसलाई आफ्नो गुरु मान्छन् ? 'हरिवंश,' उनको जवाफ अनपेक्षित थियो। 'हरिवंश मेरो गुरु, बुबा र छोरा सबै हुन्, उनको परिपक्वता हेर्दा बुबाजस्तो लाग्छ, उमेर छोराजस्तो...।' तोतेबोली बोल्न अनि ताततेताते भन्दै हिँड्न सिकाउने पनि गुरु हुन्। साउँ अक्षर सिकाउने पनि गुरु नै हुन्। गुरुको सम्झना गर्दा उनका आँखाभरि थुप्रै गुरु झल्झली आए।

कलाकारितामा गहिरो रुचि भएका शर्मा विज्ञापनकै आधारमा प्रज्ञा-प्रतिष्ठान आए र कलाकारितामा होमिए ।

'पोइला जान पाम्.. पोइला जान पाम्' गीत गाउँदै हिड्ने कोमल वली सुरुमा रेडियो नेपालमा बज्ने गीत गुनगुनाउँदै हिँड्थिन् । 'रेलै घुमेर, सेरोफेरो सलाम छ मेरो, बाबरी फूलको बोट' गीत कण्ठै थियो उनलाई । त्यसो त यी गीत हु-बहु गाउन सक्ने खुबी पनि थियो उनीसँग । तुलसीपुरको महेन्द्र माध्यमिक विद्यालयमा पढ्दा गीत गाएरै उनले साथीसंगीमाझ 'गायिका'को पगरी गुथिसकेकी थिइन् । 'विद्यालयमा पढ्दै गरेकी एउटी फुच्ची राम्रो गाउन सक्छे' भन्ने कुरा घोराहीमा बस्दै आएका नारायण पाण्डेका कानमा पनि परेछ । पाण्डे विद्यालयमै आइपुगे र वलीको संगीतमा निखार ल्याउन थप सहयोग पुर्‍याउन थाले । 'त्यसबेला काठमाडौंमा दोहोरी गीत प्रतियोगिता हुँदो रहेछ,' उनले २०४१ सालतिरको विगतलाई कोट्याइन्- 'उहाँले त्यसैका लागि मलाई भेट्न खोजेको बताउनुभयो ।' प्रतियोगिताका लागि पाण्डे गुरुले उनलाई काठमाडौं ल्याए । काठमाडौंको रंगशालामा उभिएर दोहोरी गीत गाएका उनीहरूले त्यसपछि लगातार पाँच पटकसम्म अरूलाई प्रथम हुने मौका दिएनन् । यहींबाट कोमल वलीको क्यारियर सुरु भयो । सुरुमा आफूलाई संगीतक्षेत्रमा ल्याउने उनै नारायण पाण्डेलाई उनी आफ्नो गुरु भन्न कञ्जुस्याइँ गर्दिनन् । 'उहाँलाई म गुरु मानेर थुप्रै पटक भेट्न जान्थें र अन्तर्वार्तामा पनि म उहाँको नाम छुटाउदिनँ ।' वली भन्छिन्- 'अन्तर्वार्तामा मैले उहाँको नाम लिँदा आँखाभरि आँसु पार्नुहुन्थ्यो रे ।'

'गुरु देव भवः' अर्थात् गुरु देवतासमान हुन् । गुरु सधैं पूज्य हुन्छ तर हाम्रै देशमा घटेका पछिल्ला कतिपय घटनाले यी भनाइहरूको उपहास गरेझैं लाग्छ । सही दिशानिर्देश गरेर भविष्यको बाटोमा हिँड्न सिकाउने ती गुरुहरूले दक्षिणास्वरूप के पाएका छन् ? 'गुरुले देखाएको बाटोमा हिँड्नु नै सच्चा गुरुदक्षिणा हो,' हरिवंश भन्छन्- 'श्रद्धा गर्ने भनेर म कहिल्यै गुरुलाई ढोग्न गइनँ ।' गायत्री मन्त्र सिकाउने ती पौडेल गुरुलाई चाहिँ उनले गुरुपूर्णिमाका दिन भेटेका रहेछन् । अहिले पौडेल गुरु छैनन् । उनी बितेकै तीन दशक नाघिसक्यो । त्यसयता कसैलाई गुरु मानेर श्रद्धा टक्र्याउन गएका छैनन् हरिवंश ।

आफ्नो जीवनलाई सार्थक बाटोमा हिँड्न सिकाउने गुरुप्रति मदनकृष्णको विशेष श्रद्धा छ । उनी गुरुलाई फोन गरेर भए पनि सम्झिरहन्छन् । 'आफ्ना गुरुप्रति सधैं श्रद्धाभाव राख्नुपर्छ,' उनी भावुक भए- 'तर आजभोलि गुरु र शिष्यबीचको सम्बन्ध बिग्रिसकेको छ ।' त्यसो त गुरु पनि वास्तवमै गुरुजस्तै हुनु जरुरी रहेको उनको तर्क छ । 'गुरुले आफ्नो शिष्यको मनोविज्ञान बुझ्नुपर्छ र त्यहीअनुसार उसको भविष्य कता डोर्‍याउने हो भन्ने कुराको निक्यौंल गर्न सक्नुपर्छ ।' एउटा गुरुको गल्तीले हजारौं शिष्यले बाटो बिराउन सक्छन् । त्यसैले गुरुले आफ्नो कर्तव्य कहिल्यै भुल्नु हुन्न ।

कोमल वलीका गुरु पनि २०५६ सालमै बितिसके । जीवनका आखिरी दिनमा ती गुरुले आफ्ना शिष्यहरूबाट राम्रै श्रद्धा पाएछन् । 'गुरुपूर्णिमाको दिन नै हामीले उहाँलाई विशेष कार्यक्रम गरेर पुज्यौं,' वली भन्छिन्- 'दाङमा आयोजित उक्त कार्यक्रममा उहाँ निकै भावुक देखिनुभएको थियो ।'

● शिव मुखिया




## निःशुल्क ब्युटिसियन तालिम



विदेशबाट तालिम प्राप्त ब्युटिसियनहरूबाट अत्याधुनिक मेशिनबाट Basic, Advance, Diploma, Teachers Trainings Beautician course सञ्चालन हुदैछ । तालिम पछि पार्लर खोल्न सकने ।

विदेश जानेहरुको लागि Special Short Course पनि उपलब्धछ ।

साथै Hair Straight र Permining Guaraptee कासाथ गरिन्छ ।

**Sabina Beauty Care & Training Centre**

पकनाजोल चोक (People's Campus नजिक)

९८४१५५४७५७, ४२५१६३५

## बर्नहार्ट कलेज

बल्खुचोक, काठमाडौं

### छात्रवृत्ति एवम् भर्ना सम्बन्धी सूचना

विगत दश वर्षदेखि निरन्तररुपमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यस बर्नहार्ट कलेजको शैक्षिक सत्र २०६६/०६७ का लागि **Science, Commerce, Humanities** सङ्कायका **कक्षा ११ मा** भर्ना हुन इच्छुक विद्यार्थीहरुका लागि Scholarship एवम् Entrance Test निम्नानुसार हुने कुरा अवगत गराइन्छः-

**प्रवेश परीक्षा**

मिति : २०६६ असार २५ गते बिहीवार
समय : दिनको ११ बजे
स्थान : बर्नहार्ट कलेज, बल्खुचोक

| छात्रवृत्ति तालिका | |
|---|---|
| पूर्ण छात्रवृत्ति | २४ |
| i) Science | १२ |
| ii) Commerce & Humanities | १२ |
| आंशिक छात्रवृत्ति सङ्ख्या | १७२ |
| Science, commerce & Humanities | |

For details:

Kathmandu
BernHardt College
Balkhu Chowk, Kathmandu
Tel: 01-4672506, 4672507 Fax: 01-4270679
E-mail: bernhardt@wlink.com.np Website: www.bernhardt.edu.np

## कष्मेटिक सर्जरी

- शरीरमा भएका दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरू हटाउन
- शरीरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment

**प्लाष्टिक सर्जरी क्लीनिक**
सम्पर्क
मानभवन, ललितपुर
०१६९१०५३२, ९८०३८८३५७७

## Wanted

L.G Company
लाई कर्मचारी आवश्यकता

संख्याः 9 Gents/ Ladies
तलबः 9000
योग्यता: Test, SLC/PCL

Unique Solution
5543056, 9841466409
9803897872
Gwarko, Lalitpur
नोटः बुझ्न आउदाँ Document अनिवार्य छ ।

## होटेल तालिम मोडर्नमा

**Switzerland & UK** बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ

Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल), Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।

www.modernhoteltraining.com.np
Modern Management Modern Technology
**MODERN HOTEL Training Center**
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801



# अपहरण, अपहरण र अपहरण

जितेन्द्र साह

काठमाडौं- राजधानीको थापाथली हाइटस्थित ४७ वर्षीय महेश सारडाको निवासमा गत जेठ २२ मा केही अपरिचित व्यक्ति जबरजस्ती प्रवेश गरे। घरका सदस्य र कामदारलाई बन्धक बनाएर नगद तथा सुनचाँदी लुटेपछि पजेरो गाडीमा सारडालाई अपहरण गरे। १४ लाख रुपैयाँ असुलेर अपहरणकारीले जेठ ३० मा उनलाई मुक्त गरे। पीडितको ज्यान जोखिममा नपर्ने गरी यो घटनालाई पछ्याइरहेका महानगरीय प्रहरी अपराध महाशाखाले असार ३ मा अपहरणमा संलग्न ७ जनालाई पक्राउ गर्‍यो। यो घटनामा पजेरो, पेस्तोल र अपहरणकारीलाई राख्न आफ्नो घर उपलब्ध गराउने २३ वर्षीय माओवादी कार्यकर्ता दीपेन्द्र तिमिल्सिना पनि पक्राउ परे।

काठमाडौं, साङ्ला-७ का तिमिल्सिना माओवादीको भातृ संगठन वाईसीएलको जिल्ला समिति सदस्य तथा क्षेत्र नम्बर २ का इन्चार्ज पनि हुन्। राजनीतिमा सक्रिय दीपेन्द्रले केही रकम पाउने लोभमा यो अपराध गरेको प्रहरी बयानमा बताए। अपहरणका यस्ता घटनामा नातेदार, कामदार, पारिवारिक मित्र, छिमेकी र आफ्नै ड्राइभर संलग्न हुनु नौलो नभए पनि संगठित अपराधी समूहले राजनैतिक संरक्षण, सहज हतियार र सवारी साधन पाउन माओवादीका कतिपय कार्यकर्तालाई समेत प्रयोग गर्न थालेको देखिएको छ।

यसअघि गत जेठ ६ मा काठमाडौंको गोङ्बु-३ मा सिंहबहादुर लामाको छोरा डुन्डुप लामालाई अपहरणको योजनामा संलग्न भएर पक्राउ १४ जनामध्ये २ जना माओवादी कार्यकर्ता थिए। मागबमोजिम पीडित परिवारले बैंकमा जम्मा गरेको ७० लाख रुपैयाँ लिन जाने क्रममा एकपछि अर्को गर्दै उनीहरू पक्राउ परेका थिए।

महाशाखाका अनुसार पीडित परिवार नजिक रहेका अपहरणका मुख्य योजनाकार कास्की पोखरा-१२ का प्रवीण तामाङले धादिङ छत्रे देउराली-६ का वाईसीएलका पूर्वउपाध्यक्ष २४ वर्षीय सरोज सिंखडा र माओवादी कार्यकर्ता ३२ वर्षीय तीर्थमान तामाङलाई प्रयोग गरे। सिंखडाले यो घटनामा पजेरो व्यवस्थापन गर्नुका साथै अपहृत डुन्डुपलाई धादिङस्थित आफ्नै घरमा राखेर एवं तामाङले पेस्तोल र गोली जुटाइदिएर सक्रिय भूमिका निर्वाह गरे।

अर्को यस्तै घटनामा चैत २४ मा ललितपुरको सैंबुस्थित अमरावती कोलोनीमा बस्ने भूतपूर्व सिंगापुर प्रहरी ४८ वर्षीय रुमबहादुर गुरुङलाई अपहरण गर्ने कार्यमा संलग्न ७ जना मध्ये ६ जना रुकुमका पूर्व माओवादी छापामार थिए। यसरी पक्राउ पर्नेमा २०५५ देखि २०६४ सालसम्म माओवादीको मेडिकलतर्फका छापामार कमान्डर रुकुम नुवाकोट-६ का २७ वर्षीय आशिष भन्ने विजयकुमार शर्मा, चौखावाङ-५ का पूर्व छापामार प्लाटुन कमान्डर २७ वर्षीय मार्सल भनिने मोहन बूढा र २०५८ सालदेखि २०६२ सालसम्म छापामार कम्पनी भिसीमा सक्रिय स्यालापाखा-१ का २५ वर्षीय कपिल भनिने विष्णु पन्त छन्।

सिंगापुर प्रहरीकै पूर्व जवान तेन्हथुम आम्बोङका ४४ वर्षीय विशाल भन्ने सनमान लिम्बुले गुरुङलाई अपहरण गरी असुलिएको रकममध्ये २५ प्रतिशत दिने सर्तमा ती पूर्व माओवादी कार्यकर्ता र उनीहरूको रिभल्वर एवं गोली प्रयोग गरेका थिए। उनीहरू सबैलाई पीडितकी श्रीमतीसँग २ करोड ७५ लाख रुपैयाँ असुल्ने क्रममा प्रहरीले पक्राउ गरेको थियो। महानगरीय प्रहरीका अनुसार यार्सागुम्बा र धनमाल लुटमा बेलाबखत माओवादीका केही कार्यकर्ता पक्राउ पर्दै आए पनि यसअघि अपहरणका श्रृंखलाबद्ध घटनामा उनीहरूको संलग्नता देखिएको थिएन।

'लुट र अपहरणमा प्रयोग हुने पेस्तोल एवं रिभल्वर पनि जनयुद्ध कालमा सुरक्षाकर्मीसँग लुटिएका हतियारहरू हुने गरेकाले यो चिन्ताको विषय हो,' एक उच्च प्रहरी अधिकृतले भने, 'माओवादी नेतृत्वले आफ्ना कार्यकर्तालाई कडा निगरानीमा राखी यस्ता आपराधिक गतिविधिबाट टाढा राख्नु आवश्यक छ।' माओवादी नेतृत्व तथा वाईसीएल सम्बद्ध पदाधिकारीहरूले पार्टी वा संगठनको प्रतिष्ठा भजाएर आपराधिक कार्यमा संलग्न हुनेलाई कुनै पनि किसिमको संरक्षण नदिने दाबी गरे।

वाईसएलका भ्याली इन्चार्ज चन्द्रबहादुर थापा 'सागर' ले आपराधिक गतिविधिमा संलग्न भएर प्रमाणसहित पक्राउ परेका त्यस्ता सदस्य वा कार्यकर्तालाई संगठनबाट निष्कासन गरेर राज्यको ऐनअनुरूप कारबाही चलाउन प्रहरीलाई सहयोग गर्दै आएको बताए। 'पार्टि वा संगठनको आडमा अपराध गर्ने छुट कसैलाई छैन, संगठनभित्र जस्तोसुकै हैसियत भएका कार्यकर्ता वा सदस्य भए पनि ऊ आफ्नो कसुरको भागीदार हुनैपर्छ,' उनले कान्तिपुरसँग भने, 'दल र संगठनको छविमा आँच पुग्ने गतिविधि सह्य हुँदैन।'

महाशाखाका अनुसन्धान अधिकृत कृष्णप्रसाद कोइरालाले यस प्रकारको अपराधको अनुसन्धानमा माओवादी नेतृ वा संगठनका उच्च हैसियतवालाले कुनै बाधा वा दबाब नदिएको बताए। 'सुरुमा राजनैतिक पूर्वाग्रह वा बदलाको भावले आफ्ना कार्यकर्तालाई समाएको हो कि भनेर उहाँहरू बुझ्न आउनुहुन्छ, पक्राउ गरेका व्यक्तिलाई सामुन्ने राखेर कुरा गराइदिएपछि उहाँहरू कानुनबमोजिम कारबाही गर्नुपर्छ भनेर जानुहुन्छ,' उनले भने, 'माओवादी वा उनीहरूका निकट संगठनले अनुसन्धान र कारबाहीमा बाधा पुर्‍याएका छैनन्।' अनुसन्धान अधिकृतहरूका अनुसार अपराधमा संलग्न उनीहरूका कार्यकर्तालाई कार्यालयबाट पक्राउ गर्दा तत्काल विरोध हुनसक्ने हुनाले अन्यत्र गएको बेला वा सडकबाट पक्राउ गर्ने गरेको बताए।

हालसालै राजनैतिक कार्यकर्ताको संलग्नतामा अपहरणका केही घटना भए पनि विभिन्न आपराधिक समूहबाट २०६४ साउन १ देखि अहिलेसम्म साना-ठूला गरी अपहरणका ८१ घटना भएको महाशाखाको रेकर्डमा देखिन्छ। 'तीमध्ये २९ वटा अपहरणका घटना ठूला एवं गम्भीर प्रकृतिका छन्,' अपहरणका श्रृंखलाबद्ध घटनाको अनुसन्धानमा संलग्न कोइरालाले भने, 'हालसम्म सार्वजनिक भएका र नभएका सबै अपहरणका घटनामा प्रहरीले अभियुक्तहरूलाई पक्राउ गरेको छ, यीमध्ये हालसालै भएको एक व्यवसायीको अपहरणको रहस्य खोतल्ने कार्य जारी छ।'

ऐनको अभावमा २०६३ सालअघिसम्म अपहरणमा संलग्नलाई केही सार्वजनिक अपराधमा मुद्दा चलाउने गरिएको थियो। मुलुकभरि दिनहुँझैं औसत अपहरणका तीन घटना हुन थालेपछि सरकारले २०६४ साल मंसिरमा मानव बेचबिखन तथा शरीर बन्धक ऐन ल्याएको हो। अपहरण गर्ने र शरीर बन्धक बनाउनेलाई ऐनअनुरूप ७ देखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि २ लाख रुपैयाँसम्म जरिवानाको प्रावधान छ। यो अपराध महिला वा नाबालकविरुद्ध गरिएको भए थप दुई वर्ष सजाय हुने प्रावधान छ।

आपराधिक मामिलाका जानिफकार अधिवक्ता खगेन्द्र निरौलाले अपहरण र हत्यासँग जोडिएको गम्भीर मुद्दाको कानुनी पक्षको पुनरावलोकनको आवश्यकता रहेको बताए। 'समाजशास्त्रीय र अपराध शास्त्रको दृष्टिकोणबाट समेत दिइने सजाय अपराधीलाई निरुत्साहित गर्ने खालको हुनुपर्ने मान्यता छ,' उनले भने, 'कहिलेकाहीं एउटै व्यक्ति अपहरण, हत्या र फिरौती असुलीमा संलग्न देखिन्छ, उसलाई यीमध्ये सबैभन्दा जघन्य मानिएको हत्या अभियोगमा मुद्दा चलाएपछि अरुमा चलाउन पाइँदैन, मेरो विचारमा समाजमा नजिर स्थापित गर्न पनि उसलाई बाँचुन्जेल पनि मरेको अनुभूति हुने गरि सबै अपराधमा मुद्दा चलाउनुपर्छ, क्रूर हत्यामा संलग्नलाई अझ कडा सजायको व्यवस्था हुनुपर्छ।'

समाजशास्त्र र अपराध शास्त्रका अध्येता अधिवक्ता निरौलाका अनुसार यस खालको अपराध भैरहनुमा धन एवं तडक-भडकलाई महत्त्व दिने समाज, अपराधीलाई राजनैतिक संरक्षण दिने दल तथा सुरक्षा निकायको कमजोर उपस्थिति पनि उत्तिकै जिम्मेवार छ। 'समाजले सरल र सादा जीवन बिताउने आदर्श व्यक्तिको कदर गर्दैन, अनि चाँडै धनी हुन युवाहरू परिणामको परवाहन गरी यस्तो अपराधमा होमिन्छन्,' उनले भने। निरौलाका अनुसार सुरक्षा निकाय, दल र न्याय प्रणालीसँगै समाज पनि यस्तो घटनालाई निरुत्साहित गर्नतिर लाग्नु आवश्यक छ।



# परिणामले उब्जाएको अप्ठ्यारो

विदुर खतिवडा–

'द्वन्द्वकालअघिका विद्यार्थीहरू एसएलसीको तयारी नै गर्दैनथे त ? मेरो विचारमा उनीहरू झन् धेरै मेहनत गर्थे।' एसएलसीको परिणाम आएलगत्तै प्रतिक्रिया दिने क्रममा शिक्षाविज्ञ प्रा. चिरञ्जीवि शर्माले भने- 'त्यसबेला ३२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुन्थे भने अहिले ६८ प्रतिशत हुन्छन्।' शर्माका अनुसार यसले विगतमा शिक्षण प्रणाली खराब थियो भन्ने देखाउँछ।

२ लाख ५६ हजार ४ सय ८९ विद्यार्थी यतिखेर एसएलसीपछिको उच्च शिक्षाको बाटोमा छन्। आफूले रोजेको विषयमा शैक्षिक प्रमाणपत्र हासिल गरेर सोही क्षेत्रमा क्यारियर विकास गर्ने लक्ष्यका साथ अगाडि बढेका यी पाइलाहरू सहज यात्राको खोजीमा छन्। जिन्दगीको यो मोडमा लिइएको निर्णयले भविष्य कोर्ने भएकाले उनीहरू संवेदनशील बन्ने पनि बेला यही हो। विद्यार्थीको यो ठूलो जमात अब कुन शैक्षिक प्रणालीलाई अवलम्बन गरेर अगाडि बढ्ला भन्ने प्रश्नसमेत तेर्सिएको छ।

'यो वर्ष पनि एसएलसीमा ६४ प्रतिशत मात्र उत्तीर्ण भएका हुन्, थप ४ प्रतिशतलाई दुई विषयमा ग्रेसमार्क दिएर उत्तीर्ण गराइएको हो,' शिक्षाविद् तीर्थ खनियाले भने, 'फेल भएका विद्यार्थीभन्दा उत्तीर्ण भएका विद्यार्थी काम लाग्छन् तर जान्दै नजानेकालाई पास गराइयो भने त्यो उत्पादनले देशलाई क्षति मात्र गर्छ।'

एसएलसीपछि प्लस टु, ए लेभल, त्रिभुवन विश्वविद्यालय तथा सिटिइभिटीको प्राविधिक शिक्षामध्ये कुन बाटो रोज्ने ? यसै वर्षदेखि त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाणपत्र तह खारेज गर्ने घोषणा गरेको छ। १५ वर्षअघिदेखि हटाउने भनिँदै आएको प्रमाणपत्र तहलाई यस पटकदेखि हटाउने त्रिभुवन विश्वविद्यालयको निर्णयको विरोधमा राजनैतिक दल समर्थित विद्यार्थी संगठन तथा अभिभावकले विरोध जनाउन थालिसकेका छन्।

नेपालमा प्लस टु सरहको प्रवीणता प्रमाणपत्र तह सञ्चालन गर्दा अन्तर्राष्ट्रिय विश्वविद्यालयले कक्षा ११ र १२ भैरहेको ठाउँमा प्रमाणपत्र तहको आवश्यकता के हो भनेर प्रस्ट पार्न स्पष्टीकरण लिएका घटना दोहोरिन थालेपछि त्रिभुवन विश्वविद्यालयले प्रमाणपत्र तह फेज आउट गरेको तर्क गरेको छ। यो विषयमा एकल निर्णय लिएका कारण त्रिभुवन विश्वविद्यालय विवादमा समेत तानिएको छ। त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तह फेज आउट गर्ने भनेर विश्व बैंकले समेत लगानी गरेको अवस्थामा विश्व बैंक, त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद्बीचको सहकार्यमा यो निर्णय आउनुपर्थ्यो, शिक्षाविद् तीर्थ खनिया भन्छन्, उच्च माध्यमिकमा विश्व बैंकको लगानी, त्रिभुवन विश्वविद्यालयका प्राध्यापकलाई उच्च माध्यमिक तहमा पनि अध्यापनका लागि वातावरण बनाउनेजस्ता कामकुरामा सहमति भयो भने परिषद्को प्लस टु बलियो हुन्छ। त्यसपछि जति विद्यार्थी आए पनि समस्या पर्दैन।

प्रमाणपत्र तह फेज आउट भएपछि उच्च माध्यमिक परिषद्को प्लस टु कार्यक्रमले अहिले उत्तीर्ण विद्यार्थीको संख्या थेग्न नसक्ने शिक्षाविद्हरू बताउँछन्। गत वर्ष झण्डै २ लाख विद्यार्थी कक्षा ११ मा भर्ना भएको प्लस टुमा यो वर्ष २ लाख ५६ हजार विद्यार्थी र पूरक परीक्षाबाट उत्तीर्ण हुने थप ५० हजारभन्दा बढी विद्यार्थी लिनुपर्ने हुन्छ। परिषद्ले अहिले उत्तीर्ण भएका विद्यार्थीलाई सहजै धान्न सक्छ, उच्च माध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायणप्रसाद कोइराला भन्छन्, अब थप ५ सय विद्यालयलाई प्लस टुको सम्बन्धन दिएर भए पनि हामी विद्यार्थीलाई प्लस टुमै लिन्छौं।

परिषद्ले उत्तीर्ण भएका यी विद्यार्थी थेग्न सक्दैन, शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्, विकल्प खोजिएन भने अन्तिममा फेरि प्रमाणपत्र तह चलाउनुपर्ने हुनसक्छ। कोइरालाका अनुसार स्कूले अध्ययन पूरा गरिसकेपछि फेरि त्यो शिक्षालयमा नपढ्ने नेपाली विद्यार्थीहरूको चाहनाका कारण पनि अब सामुदायिक कलेजको अवधारणामा जानुपर्छ। कोइराला भन्छन्- 'तर क्षेत्रीय स्तरमा समुदायसँग सम्बन्धित जस्तै जडिबुटी, लघु जलस्रोत आयोजनाजस्ता सीपमूलक विषयमा आफ्नै क्षेत्रसँग सम्बन्धित रहेर अध्ययन गर्ने मौका यस्ता कलेजले प्रदान गर्नुपर्छ। बजारमा भेल आइसकेकाले यसलाई थेग्न परिषद्ले नीतिगत रूपमा ११ र १२ कक्षा सञ्चालन गर्न शैक्षिक संस्थालाई अनुमति दिन सकिने पहिलो विकल्प भएको उनले बताए। यस्तै दोस्रो विकल्पमा कक्षा ११ र १२ सञ्चालन अनुमति दिने क्रममा परिषद्ले लिने ६ लाख रुपैयाँ धरौटी नलिएर तथा तत्कालै दुई शिक्षकको दरबन्दी दिएर सामुदायिक विद्यालयहरूलाई प्लस टु चलाउने अनुमति दिइनुपर्छ। यसबाहेक तेस्रो विकल्प उनको मोडलको सामुदायिक कलेज हो।

शिक्षाविद चिरञ्जीवी शर्माका अनुसार एसएलसी उत्तीर्ण हुनेहरूले आफ्नै विद्यालयमा अध्ययन गर्न पाउने सुविधा हुनुपर्ने हो तर प्लस टुमा दरबन्दी नदिइएकाले र सामुदायिक विद्यालयलाई सहयोग गर्ने नीति नहुनुले सहर पस्नुको विकल्प छैन। 'यसकारण सहर पस्न सक्ने हैसियतका विद्यार्थी सहर पस्छन्,' शर्मा भन्छन्- 'बाँकीका लागि त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तह शुल्क बराबरको प्लस टु शिक्षा भए पढ्छन्, नत्र पढ्दैनन्।' सामुदायिक विद्यालयलाई साधन-स्रोत सम्पन्न बनाएर दरबन्दी थपिए समस्या सहजै निराकरण हुने तर्क शर्माको छ।

हाल ५ हजारभन्दा बढी सामुदायिक माध्यमिक विद्यालय छन्। जसमध्ये १ हजारको हाराहारीले प्लस टु चलाए पनि अरूमा माध्यमिक स्तरकै पढाइ मात्र हुन्छ। ग्रामीण क्षेत्रका सामुदायिक प्लस टुमा विज्ञान संकायका लागि आवश्यक पर्ने प्रयोगशाला नहुने भएकाले सबै सामुदायिक प्लस टुमा विज्ञान संकाय अध्यापन नभए पनि व्यवस्थापन र मानविकी संकायका लागि शिक्षक दरबन्दी थप्ने र परिषद्ले अनुमति दिए ग्रामीण क्षेत्रका विद्यार्थी स्थानीय स्तरमै खपत हुने शिक्षाविद्हरू बताउँछन्।

हाल सामुदायिक प्लस टु कलेजमा न्यूनतम १ सयदेखि २ सय रुपैयाँ मासिक शुल्क लिइन्छ। निजी क्षेत्रका संस्थागत कलेजहरूले अधिकतम ३ हजार रुपैयाँ मासिक शुल्कसम्म लिन्छन्। परिषद्ले शुल्क निर्धारण नगरेकाले र मनोमानी ढंगले शुल्क लिने छुट दिएकाले कलेजहरूले आफ्नो आवश्यकताअनुसार शुल्क लिने गरेका छन्। प्रमाणपत्र खारेज गर्नुहुँदैन भनेर विरोध गर्नेहरूको तर्क पनि प्लस टु शिक्षा महँगो भएकाले प्रमाणपत्र रहनुपर्छ भन्ने छ, तर प्रमाणपत्र तह सञ्चालन हुँदा राजनैतिक दलका भ्रातृ संगठनले राजनीति गर्न पाउने भएकाले विद्यार्थी संगठनले सधैं प्रमाणपत्र तह चल्नुपर्ने बताउँदै आएका छन्।

सरकारले त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्रमाणपत्र तहमा प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ६ हजार खर्च गर्दै आए पनि परिषद्को प्लस टुमा प्रतिवर्ष प्रतिव्यक्ति ३ सय ६१ रुपैयाँ मात्र लगानी गरेको छ। परिषद्का प्रवक्ता कोइरालाका अनुसार सरकारले प्लस टुमा पनि विद्यार्थीलाई त्रिभुवन विश्वविद्यालय बराबरको रकम दिने हो भने त्यसबाट थप १८ जनाले अध्ययन गर्ने अवसर पाउँछन्। प्लस टुलाई भनेजस्तो रकम नदिइएकाले चर्को शुल्क लिनुपरेको तर्क गर्ने परिषद् आफैं भने त्रिभुवन विश्वविद्यालयले लिने मासिक ३५ रुपैयाँ बराबरको शुल्कमा प्लस टु शिक्षा दिन सकिरहेको छैन।

एकातर्फ सरकार विद्यालय शिक्षा योजना अन्तर्गत सन् २०१२ सम्ममा कक्षा १२ सम्मलाई विद्यालयमा गाभ्ने निर्णय गरिरहेको छ भने स्वायत्त भनिएको परिषद् आफ्नो अधिकार क्षेत्र गुम्ने डरले प्लस टुलाई मात्र भए पनि बलिया बनाउने प्रयासमा सक्रिय छ। एकातर्फ सरकार प्लस टु परिषद्मा थप लगानी गर्न डराउँछ भने अर्कातर्फ परिषद् सरकारको १-१२ को नीतिदेखि डराइरहेको अवस्था छ, शिक्षाविद् कोइराला भन्छन्।

शिक्षाविद् तीर्थ खनियाका अनुसार गत वर्ष एसएलसीमा उत्तीर्ण ७२ प्रतिशत विद्यार्थी प्लस टुमा भर्ना भएका थिए। २८ प्रतिशत विद्यार्थी प्रमाणपत्र तह, सिटिइभिटीको प्राविधिक शिक्षा, ए लेभल र वैदेशिक शिक्षामा गएका थिए। 'यो वर्ष पनि प्लस टुमा ७० देखि ७५ प्रतिशत विद्यार्थी नै आउने हो।' परिषद्का प्रवक्ता कोइराला भन्छन्। उनका अनुसार प्रवीणता प्रमाणपत्र तह खारेज हुँदा केही फरक पर्दैन। कोइराला भन्छन्- 'पोखरास्थित पृथ्वीनारायण क्याम्पसको प्रमाणपत्र तहमा ५ हजार र मुलुकभर गरेर ५ हजार प्रमाणपत्रमा जान्छन्। शिक्षाविद खनियाँ भने उनको यो कुरामा सहमत छैनन्। खनियाँका अनुसार गत वर्ष पनि करिब ५० हजार विद्यार्थी प्रमाणपत्र तहमा भर्ना भएको उदाहरणले प्रमाणपत्र तह कमजोर आयस्रोतका विद्यार्थीहरूको पहिलो रोजाइ बनेको छ।

विश्व बैंकले दिने भनेको १ करोड ६० लाख अमेरिकी डलर प्लस टुमा लगानी गरेर कम शुल्कमा पनि अध्ययन गर्न सक्ने वातावरण बन्यो भने प्लस टुको विकल्प छैन, खनियाँ भन्छन्- विश्व बैंकले दिने भनेको पैसा पनि नलिने, आफूसँग भएको पैसा पनि प्रयोग नगर्ने हो र मुख ताकेर बस्ने हो भने प्लस टुको लोकप्रियता खस्कँदै जानेछ।

परिषद् ऐनबाट गठित संस्था हो, जसको स्वायत्तता मन्त्रीको हातमा हुन्छ। यसपटक एमाले नेतृत्वको सरकार हुनु र परिषद्का उपाध्यक्ष पनि एमाले निकट व्यक्ति हुनुले परिषद्ले सरकारको सहयोग पाउने भएकाले समस्याको हल निस्कन सक्ने एक शिक्षाविद्ले बताए।


**आवश्यकता**

NGO बाट विगत ५ वर्षदेखि सञ्चालित सरकारी मान्यता संस्थालाई कर्मचारीहरुको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यवस्था।

मासिक आम्दानी : ९५००+गाडीभाडा

**सख्या** : १० महिला/६ पुरुष

**योग्यता**: साधरण लेखपढ, SLC +2 + Computer जानेका

**सम्पर्क:**

२०६४०५९, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

नोट: SLC +2 दिएका विद्यार्थी, गृहणीलाई बिशेष ग्राहयता। शनिबार अफिस खुल्ला रहनेछ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एक व्यक्तिले आफ्नी श्रीमतीलाई छिमेकीको अँगालोमा भेट्यो। उसले रिभल्भर निकाल्यो र श्रीमतीलाई सुट गर्‍यो, श्रीमती मरी।

मुद्दा अदालतमा चल्यो। उसलाई प्रश्न गरियो- 'तिमीले आफ्नी स्वास्नीको हत्या किन गर्‍यौ ? छिमेकीको हत्या किन गरेनौ ?'

'किनकि श्रीमतीको हत्या गरेपछि झन्झट एकै पटकमा सकियो, नभए त प्रत्येक एक हप्तामा एक जना छिमेकीको हत्या गर्नुपर्थ्यो।'

००० 

एक जना अधबैंसे महिलाको घर अगाडि दुई जना व्यक्ति टेलिफोनको खम्बा गाड्ने काम गर्दै थिए। अचानक ती मिस्त्रीमध्ये एक जनाको मुखबाट फोहोर शब्दका गाली, छाडा बोल्दै झगडा गरेको ती महिलाले सुनिन्। पाँच मिनेटसम्म त्यस्ता फोहरी कुरा सुनेपछि ती महिलाले खप्न सकिनन् अनि स्थानीय टेलिफोन अफिसमा फोन गरेर गुनासो पोखिन्। अफिसरले चाँडोभन्दा चाँडो कारबाही गरिने आश्वासन दिए र तुरुन्त ती कर्मचारीलाई अफिस बोलाएर लिखित स्पष्टीकरण दिन लगाए।

लिखित स्पष्टीकरण यस प्रकार थियो-

श्रीमान् कार्यालय प्रमुखज्यू...

...टेलिफोन कार्यालय

विषय : स्पष्टीकरण दिएको....

महोदय,

उपरोक्त सम्बन्धमा म कृष्णचन्द र गोपीचन्दलाई टेलिफोनको खम्बा गाड्ने जिम्मेवारी दिइएकोमा खम्बा गाड्नका लागि खाल्डो खन्ने काम म गर्छु र त्यसमा खम्बा ठड्याउँछु अनि त्यसमा गोपीचन्दले फलाम पगाल्छ अनि मैले ठड्याइराखेको खम्बाको वरिपरि पग्लिएको फलाम हाल्छ, त्यो श्रीमान्लाई थाहै छ। आज पनि त्यसै गरी काम गर्ने क्रममा म खाल्डो खनेर खम्बा राखी उभिइरहेको बेला गोपीचन्द पग्लिएको फलाम खाल्डोमा हाल्न आउँदा ढुंगामा ठोकियो अनि त्यो पग्लिएको फलाम मेरो घाँटीमा पर्‍यो। त्यो पग्लिएको फलाम मेरो ढाडबाट बग्दै पेन्टभित्र पस्दै कुर्कुचासम्म पुग्यो। त्यसबेला मैले गोपीचन्दलाई अलिक विचार गरेर काम गर न यार...अब आइन्दा यस्तो गल्ती नगर्नु ल....मात्र भनेको छु अरू केही नराम्रो शब्द बोलेको छुइनँ।

००० 

टिचर विद्यार्थीसँग- 'थाहा छ तिमीलाई ? न्यूटनले बगैंचामा रूखबाट स्याउ भुइँमा खसेको देखेर पृथ्वीको गुरुत्वाकर्षण पत्ता लगाए।'

विद्यार्थी- 'थाहा छ, बगैंचामा त खोज्यो नि, हामीले जस्तो जहिल्यै साँघुरो कक्षाकोठामा बसेर किताब मात्र पढेको भए पत्ता लाउँथ्यो ?'

## ● कविता ●

### मीठो गीत गाउँछ्यौ



मनभित्र तिमी बस्छ्यौ सपनीमा आउँछ्यौ
प्रीतको लय धुनसँगै मीठो गीत गाउँछ्यौ
चौतारीमा मात्र होइन, मनमा पनि खोजें
धेरै थिए नाता लाउने तिमीलाई नै रोजें
आँखाभित्र तिमी बस्छ्यौ सपनीमा आउँछ्यौ
प्रीतको लय धुनसँगै मिठो गीत गाउँछ्यौ
तिमीविना एक्लो जीवन कसरी म काट्न सक्छु
साथ देऊ असम्भव र महान् काम आँट्न सक्छु
धड्कनभित्रै तिमी बस्छ्यौ सपनीमा आउँछ्यौ
प्रीतको लय धुनसँगै मीठो गीत गाउँछ्यौ।

–पर्वत सञ्जेल

### तिमी स्वर्ग पुगेपछि

ढुङ्गाझैं चर्कियो छाती तिमी स्वर्ग पुगेपछि
रुनु न हाँस्नु भयो दिउँसै रात परेपछि
सँगै बग्ने दुई खोला आज एउटा सुकेछ
झल्झली देख्छु तिम्लाई तर ऐना फुटेछ
संसारलाई भुलेर तिम्रो मायामा हराएँ
दैवले टिपेर लग्यो तिम्लाई म धेरै कराएँ।

–राजन थपलिया

### आँखै नसालु

चटक्क बिर्सेर जाने आँखै नसालु
भन म के गरूँ बेखबर भएँ म त मायालु
आधा रातमा ब्यूँझिएर तिम्रै तस्बिर हेर्दैछु
पिल्सिएर छट्पटीमा तिम्रै नाम जप्दैछु
आँखाहरू थाके पनि तिम्रै बाटो कुर्दैछु
विछोडको कुरा गर्दा आँखाबाट आँसु झर्थ्यो
तिमीविना यो जीवन दिउँसै अँध्यारो हुन्थ्यो
एकै छिन नदेख्दा पनि सारा शून्य लाग्थ्यो।

–सरिता पाण्डे

### मेरो जिन्दगी



मायाप्रीति लगाउन चाँडो भयो प्रिय
तिम्रो माया आज मलाई घाँडो भयो प्रिय
न त सुत्न नै दिन्छ, न त उठ्न दिन्छ
चस्स-चस्स बिझाउने काँडो भयो प्रिय
आएर पनि सुख छैन, नखाए नि छैन
निल्नु न ओकल्नुको फाँडो भयो प्रिय
चढ्नलाई पनि गाह्रो, झर्नलाई गाह्रो
उजाड र मरुभूमि डाँडो भयो प्रिय
न त केही काम लाग्छ, न केही राख्न मिल्छ
बाह्र ठाउँ कुच्चिएकी भाँडो भयो प्रिय।

–शिवप्रसाद तिमल्सेना

## ● लघुकथा ●



### नेपाल बन्द

आज बिहानैदेखि वातावरणमा केही शून्यता छ। मानिसहरूको चहलपहल पनि कमै देखिन्छ। वरपर केही किराना पसल र औषधि पसलबाहेक अधिकांश पसल बन्द छन्। सडकतिर सवारी साधनको चाप देखिँदैन। राजमार्गमा रिक्सा, साइकल र एम्बुलेन्सबाहेक अन्य कुनै पनि यातायातका साधनहरू नचलेर राजमार्ग पनि शून्य नै भएको छ।

आज एउटा विशेष कामले सदरमुकामतिर जानुपर्ने थियो तर बन्दका कारण नजिकैको चिया पसलतिर लागें। म पसलमा बसेर चिया पिउँदै सडकतिरै नजर डुलाइरहेको थिएँ। यत्तिकैमा बिरामी लिएर आइरहेको एउटा एम्बुलेन्सलाई केही बन्दकर्ताले बीच बाटोमै रोक्न लगाए र 'बन्दमा पनि गाडी कुदाउने ?' भन्दै जथाभावी तोडफोड गर्न थाले। भोलिपल्ट सञ्चारमाध्यमहरूले प्रमुखताका साथ फुक्न थाले- बन्दकर्ताहरूद्वारा एम्बुलेन्स तोडफोड, एम्बुलेन्स समयमै अस्पताल पुर्‍याउन नसक्दा बिरामीको बाटैमा मृत्यु। त्यसपछि पीडित परिवारले पुनः अनिश्चित कालका लागि बन्द गराए।

– एस.बी. रोदन

---

सुस्मिता, सँगै मर्ने वाचा कसम खाई आज चार वर्षको अन्तरालमा आएर विछोडको पीडा दिन्छ्यौ। मेरो सुन्दर जिन्दगीप्रति खेलवाड गरेर आज नदिको जस्तो दुई किनारा बनाइ दियौ। सायद म मा के कमि थियो र त लात मारेर गयौ। यदि तपाईंलाई मन पराउँदिनँ भनेर भनिदिएको भए सायद आज मेरो यो गति हुने थिएन।

**सन्तोष**

आशिका, हृदयको सबैभन्दा सुन्दर ठाउँमा सधैंभरि मात्र तिमीलाई लुकाइराख्नेछु।

**आशिष**

पत्रमित्रहरू राजु, लोकेश, हरिकृष्ण, रमेश, माइकल, हिक्मत, प्रेम सिंह, ईश्वरी एवं वासुदेवलाई पत्र पठाउन ढिला भयो। चाँडै पत्र पठाउने प्रयास गर्दैछु।

**सुषमा छन्त्याल**

रोजी, मैले तिमीलाई पहिलो पटक पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा देखेको थिएँ। तिम्रो खेल देखेर म एकदमै प्रभावित भए। समापनका दिन रंगाशाला पनि देखे थिएँ। त्यसपछि मैले तिमीलाई देखेको छैन।

**रमेश**

रोएर होइन हाँसेर जिउन सिकौं। जिन्दगी एउटा उत्सव हो भन्ने कुरा सबैले बुझौं। जिन्दगीको गोरेटोमा आउँछन्- विघ्नबाधा, ती तमाम विघ्नबाधा हटाउन सफल हुन सकौं। जिन्दगी एउटा उत्सव हो, सबैले बुझौं।

**सुरेश महतो**

कृष्ण, चकचक नगरी बस, फोन गर्दै गर, केटीहरूको पछाडि नलाग।

**युमन**



## ● सन्देश ●

नानु, मलाई सधै माया गरी राख। तिमी नै मेरो जीवन हौ।

**सुरेश**

शुक्रबार गोपीकृष्ण हलमा दुई बजेदेखि चलचित्र हेर्ने क्रममा सँगैको सिटमा बस्ने व्यक्ति जसले विस्तारै मसँग नजिक भएर अन्तिममा मेरो हात समाउनुभएको थियो। मलाई लागेको थियो तपाईं बाहिर गएर बोल्नहुन्छ, तर बोल्नुभएन ? मलाई तपाईंसँग भेट्ने ठूलो इच्छा छ। सक्नुहुन्छ भने शनिबार दुई बजे गोपीकृष्णमै आउनु ल, म तपाईंको पर्खाइमा छु।

**स्मारिका**

दिदी सुजाता, भिनाजु राजन, दाइ मोहन लगायत साथीहरू किस्मत, सागर, सन्देश, अनिष, रीमा, साराजु, निता, संगीता, खगेन्द्र, सिर्जना, याम्फु, इलामे कान्छा, राजेश, वीरु, मिलन, सिर्जना, मेघा, क्षितिज, सजु, रविन, धनु, क्रिस, तेजन, सञ्जय, छविरमण, दीपेन, लक्ष्मण, अनु, मोहन, मंगेश, कुमार तथा रेणुमा सम्झना एवं सफलताको शुभकामना।

**अनु**

## ● जीवनको गोरेटोमा ●

# तिमी डोलीमा हुँदा



सर्वप्रथमतः माफी नै माग्नुपर्ने होला, किनभने तिम्रो सुखद दाम्पत्य जीवनको शुभकामना दिने बेलामा तिम्रो नयाँ जीवनमाथि झटारो हान्नु मेरो गल्ती हो। सुनेको थिएँ- 'मनले रोजेको जहिले पनि अर्कैको भागमा पर्छ,' आखिर हो रै'छ। आज तिमी अर्कैको भागमा पर्‍यौ। तिमीलाई पाउन माया गरेको थिएँ, गुमाउन होइन। गुमाउनलाई कसैले कसैलाई माया गर्दैन। यदि कसैले गुमाउनका लागि नै माया गर्छ भने त्यो माया नभई धोका हो। आज म बिनादोषको अपराधी भएको छु। म हारेको छु। तिमीलाई मैले साँचो माया गर्नु नै मेरो अपराध ठहरिएको छ। हो, म हार्नु तिम्रो जित हो।

तिमीलाई डोलीमा सजाएर आ□नो घर भित्र्याउने मेरो कत्रो सपना थियो तर आज अर्कैको डोलीमा गएको पनि हेर्न पाइनँ। म कति अभागी रै'छु तिम्रो खुसी हेर्ने अधिकार पनि पाइनँ। माया के हो ? प्रेम के हो ? धोका के हो ? मलाई केही थाहा थिएन। तिमीले नै मायाको अर्थ सिकायौ। प्रेमको अर्थसँगै तिमीले मलाई धोका दिएर धोका र विछोडको पीडा पनि दियौ। म तिमीप्रति धेरै ऋणी छु किनभने कसैले पनि यतिका गुन लगाउन सक्दैन।

जब तिमी र म एक थियौं, त्यसबेला तिमीले मेरो जिन्दगीको ढोकामा भोटे लाल्चा लगायौ, साँचोचाहिँ आफूले राख्यौ। आज तिमी त्यही साँचो बोकेर अर्कैको ढोका खोल्न गयौ। मेरो ढोका कहिल्यै नखुल्ने गरी बन्द भयो। म त्यही बन्द ढोकामा टाउको ठोकी-ठोकी रोइरहेको छु, चिच्चाइरहेको छु।


म खोली थिएँ, तिमी पानी बगेर गयौ। तिम्रो दोष छैन। तिमी पोखरी, इनार र कुवा अझ भनौं समुन्द्रमा रोकिनेलाई म खोलीले कहाँ रोकेर राख्न सक्थें र ? तिमीलाई मैले पाउनु थियो भने म समुन्द्र हुन नसके पनि पोखरी, इनार वा कुवासम्म त हुनुपर्ने तर सकिनँ। म खुट्टा नभएको लङ्गडो तिमी पखेटा भएकी चरी, तिमी र म कहाँ मिल्न सक्थ्यौं र ? यो तिम्रो होइन मेरो दोष हो। तिमी निर्दोष छ्यौ।

तिमी नै मेरो पहिलो प्रेम थियौ। संसार बदलिएला तर यो सत्य कहिल्यै बदलिन सक्दैन। तिमीले दिएको धोकाकै कारण तिमीले दिएको मायालाई म भुल्न सक्दिनँ, सिसाकलमले सादा कापीमा लेखेर मेटे त दाग रहिरहन्छ भने रगतले मेट्नै नसकिने गरी यो हृदयको खाली पन्नामा लेखिएको छ।

घाउ दिनुभन्दा पनि घाउ घोचिरहनु महाअपराध हो। त्यसैले बिन्ती मेरो घाउ नघोच्नु। मेरो चोखो मायाको त तिमीलाई श्राप लागेकै छ। तिमी बस्दा केश नझरोस् हिंड्दा ठेस नलागोस्, आँटे-ताकेको पुगोस् भनेर त किन भन्नुपर्‍यो, सुन खाएर पैसा लाएर हिंड्ने जिन्दगी पाएको मानिसलाई ? तर एउटा कुरा, मेरो जिन्दगीदेखि त बाटो मोड्यौ मोड्यौ अझ सक्छ्यौ भने मेरो घरको बाटो पनि मोडिदेऊ। अर्को कुरा सधैंभरि सम्झिरहनु- धोका दिनेहरू मायाका अपराधी हुन्। तिम्रो अपराधी मायाको रक्षक समाजले पनि बुझोस्- माया-प्रेममा पनि नियम कानुन होस् जहाँ धोका दिनेले सजायू पाओस् अनि धोका खानेको उद्धार होस्।

–रेशम

## ● साथी ●




साहित्यमा रुचि भएका गणेशप्रसाद गौतम ५ फिट ४ इन्च अग्ला छन्। २१ वर्षका गणेश हाल बीएड दोस्रो वर्षमा अध्ययनरत छन्। कृषि पेसामा संलग्न अविवाहित गणेश रेडियो सुन्न भनेपछि हुरुक्कै हुन्छन्। असल स्वभावका साथीको खोजीमा रहेका गणेशलाई बीएड दोस्रो वर्ष, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा पत्राचार गर्न सकिन्छ।



कलाक्षेत्रमा सक्रिय जीवन दाहाल २० वर्षका भए। बी एड प्रथम वर्षमा अध्ययनरत जीवन ५ फिट ८ इन्च अग्ला छन्। हाँस्ने-हँसाउने स्वभावका दाहाल हालसम्म अविवाहित छन्। हसिलो स्वभाव, मिलनसार, सबैको कुरा सुन्ने तर निर्णय आफैं लिने साथीसँग मित्रता गाँस्ने उनको चाहना छ। जीवनलाई साथी बनाउन चाहनेहरूले चेरु माइस्थान-५, महोत्तरीमा पत्राचार गर्न सक्नुहुन्छ।

## बाटो पत्ता लगाउनुहोस्



### शब्द भर्नुहोस्

... ... ... थुंगा फूलका ... ... ..., ... ... ... माला ... ... ...
... ... ... भई फैलिएका, मेची-... ........... ... ।
... ... ...कोटी- ... ... ........ सम्पदाको ... ... ............
... ... ...रगतले, ... ... ... र अटल ।
.... ... ..., शान्तिभूमि ... ... ..., ... ... ..., हिमाल
... ... ... यो प्यारो हाम्रो ... ... ... नेपाल ।
बहुल ... ... ..., ... ... ..., धर्म, संस्कृति छन् ... ... ...
............. राष्ट्र हाम्रो, ........... ... नेपाल ।

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | २ |
| | ३ | | | | | | ४ | | |
| | | ५ | | | | ६ | | | |
| | | | ७ | | | | | ८ | |
| | | | | ९ | | | | | |
| १० | | | | | ■ | ११ | | | |
| | | | | | १२ | | | | |
| १३ | | | | | | १४ | | | |
| | १५ | | | | | | १६ | | |
| | १७ | | | | | १८ | | | |

**दायाँ**
१. महाकवि (९)
३. एक पवित्र दह (६)
४. पाइला (३)
५. साक्षीको बयान लेखिएको कागज (४)
६. कृष्णको एक नाम (४)
७. कथा, वृत्तान्त (३)
९. विज्ञानका ज्ञाता (४)
११. सुन (३)
१२. एक जिल्ला (५)
१३. कान काटिएको व्यक्ति (४)
१४. जेठा पाण्डव (४)
१५. भारतको एक प्रदेश (५)
१६. डरलाग्दो (३)
१७. महाभारतका एक पात्र (४)
१८. एक जिल्ला (४)

**तल**
१. सुरक्षा घेरा (५)
२. सुप्रसिद्ध चित्रकार (७)
३. किङ्ग अफ पप (७)
४. खेतबारी कमाउने काम (३)
५. एक प्रसिद्ध देवी (५)
६. दर्शनशास्त्रका ज्ञाता (४)
७. दुःख दिने, दुराचारी (४)
८. सानो जातको बट्टाइ (३)
९. विधान सम्मत (४)
१०. पूर्वी नेपालको एक सहर (५)
११. चार युगमध्ये एक (४)
१२. काम्ने प्रक्रिया (४)
१४. जोडी (३)
१५. बाखा (२)
१६. दोस्रो पाण्डव (२)

## पत्याउनु हुन्छ ?

न्यूयोर्कका एरिन फेनिगान र नोहा फुल्मोरले संसारमै पहिलोपटक शून्य गुरुत्वाकर्षणमा विवाह गरे । बोइङ प्लेनलाई मेक्सिकोको खाडीमाथि लगेर विमानभित्र गुरुत्वाकर्षण शून्य पारेपछि उनीहरूको विवाह सम्पन्न भएको थियो ।





बेलायतकी जोर्जिया डेभिस सात महिनाकी हुँदा ८४ किलोग्राममकी थिइन् भने १५ वर्षकी हुँदा उनको तौल २ सय ३१ किलोग्राम पुगेको थियो ।

चीनको ग्वाङ्जो सहरमा हालै कुकुरले लगाउने पोसाकको फेसन सो सम्पन्न भयो । ती पोसाकको डिजाइन ग्वाङ्जो कलेजका विद्यार्थीहरूले तयार पारेका थिए ।





अस्ट्रेलियामा २ सय ६५ महिलाले तीन इन्च अग्लो हिल जुत्ता लगाएर एक दौड प्रतियोगितामा सहभागी भए । यसअघि १ सय ५० महिलाले सहभागिता जनाएर हाई हिल रेसको कीर्तिमान राखेका थिए ।


## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## अनुहार चिन्नुहोस्



### स्वास्थ्यसँग सम्बन्धित यी चिन्हहरु के-के का हुन ?



_____ _____ _____

_____ _____ _____

_____ _____ _____

# अनिल हिंडे बेलायत

१ हजार ५ सय पारिश्रमिक लिएर व्यावसायिक खेलजीवन प्रारम्भ गरेका अनिल अहिले नेपालकै सबैभन्दा महँगा खेलाडी बनेका छन्। उनले एउटा खेलबाट मासिक २६ हजार पारिश्रमिक पाउँछन्। सानमिगल लिगमा हाई स्कोरर बनेर यामाहा मोटरसाइकल जितिसकेका अनिल धरानको बुढासुब्बा कपमा म्यान अफ द सिरिज र हाई स्कोरर, सिक्किमको गभर्नर्स गोल्ड कपमा उत्कृष्ट खेलाडी तथा कास्कीको उत्कृष्ट वर्ष खेलाडीबाट सम्मानित भैसकेका छन्।

पोखरा- सँगैका दौतरीहरू झोला बोकेर विद्यालय जाँदा उनी भने बल र बुट बोकेर मैदानतिर लम्किएका हुन्थे। पढाइ छाडेर खेलकुदप्रति देखिएको उनको यस्तो मोह परिवारलाई पटक्कै मन परेको थिएन। पढाइ बिगारेर फुटबल खेलेको भन्दै उनले धेरै हप्की-दप्की खानुपर्थ्यो। मालेपाटनको हिलेमैदानबाट फुटबल खेल्न थालेका राष्ट्रिय फुटबल टिमका स्ट्राइकर अनिल गुरुङ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल खेल्दै अहिले बेलायतको चर्चित फुटबल क्लब चेल्सीसम्म पुगेका छन्।

'राम्रो खेल्न सके अवसर आउँदो रहेछ,' सहारा क्लबले गरेको बिदाइ कार्यक्रममा उनले भने- 'राम्रो खेलेर अवसरको सदुपयोग गर्नेछु।' यो पोखराको मात्र नभएर देशकै गौरवको कुरा हो,' सहारा क्लबका सचिव केशबहादुर थापाले भने- 'उनी चेल्सी क्लबमा छनौट हुनेमा हामी पूर्ण विश्वस्त छौं।'




सहारा बेलायत र सहारा क्लबको पहलमा अनिलले बेलायतको चेल्सी क्लबको छनौट खेलका लागि बेलायत जाने अवसर पाएका हुन्। उनी सुरुमा वर्किङ क्लबको छनौट खेलमा सहभागी भएर चेल्सीका लागि खेल्नेछन्। अनिल चार महिना लामो छनौट खेलमा सहभागी हुनेछन्, सहारा बेलायतका कोषाध्यक्ष दिलीप गुरुङ भन्छन्- 'यो उनका लागि प्रतिभा देखाउने अवसर हो।' क्लबले नै उनलाई खाने-बस्ने व्यवस्था गर्नेछ।

१२ वर्षको उमेरदेखि फुटबल खेल्न थालेका २१ वर्षीय अनिलले नेपालका ए डिभिजनका आधा दर्जनभन्दा बढी चर्चित क्लबमा आबद्ध भएर आफ्नो खेलकौशल प्रदर्शन गरिसकेका छन्। अन्तर्राष्ट्रिय स्तरमा दसवटा खेलमा अनिलले सहभागिता जनाइसकेका छन्। अनिलले अन्तर्राष्ट्रिय खेलमा ५ र राष्ट्रिय खेलमा ४५ गोल गरिसकेका छन्।

सहारा क्लबको सहारा एकेडेमीबाट खेल्न थालेका अनिलले नेपालको ए डिभिजनका ब्रिगेड ब्वाइज, थ्री स्टार, मनाङ-मर्स्याङ्दी, एनआरटी हुँदै नेपाली राष्ट्रिय टिममा खेलिसकेका छन्। पढेन भनेर हप्की-दप्की दिने परिवार अहिले उनको सफलताबाट खुसी देखिन्छ। 'पढेन, के गरेर खान्छ भनेर चिन्ता लाग्थ्यो,' हजुरआमा विष्णु गुरुङले भनिन्- 'अहिले राम्रो गरेको छ, अझ राम्रो गरोस्।'

**शिव शर्मा**

# नेपालमा आइस क्लाइम्बिङ



**निनाम कुलुङ**

नेपालमा हालसम्म प्रचारमा नआएको पर्यटकीय खेल हो– आइस क्लाइम्बिङ। जमेको हिउँको ढिक्कामा खेलिने यस्तो खेल जो-कसैले खेल्न सक्दैनन्। त्यसमाथि नेपालमा त सरकारले होस् वा निजी क्षेत्रले, अहिलेसम्म यो खेलको न पूर्वाधार खडा गरेका छन्, न त प्रचार प्रसार नै। तैपनि केही ट्रेकिङ एजेन्सी अनि केही मात्रामा लुकीचोरी नेपालका हिमालहरू चढ्न सक्ने विदेशी पर्वतारोहीहरू जसलाई पर्वतारोहणको भाषामा अल्पाइनिस्ट भनिन्छ ले खुम्बुक्षेत्र, मेरापिक, शेर्पेनीकोल, अन्नपूर्ण क्षेत्र, धौलागिरि, तिलिचो आदि क्षेत्रमा आइस क्लाइम्बिङ गर्छन्। यद्यपि यो कार्य नगण्य मात्रामा हुने गरेको छ।

नेपालमा पदयात्रा, पर्वतारोहण, जलयात्रा, बन्जिजम्पिङ, आर्टिफिसियल वाल क्लाइम्बिङ, रक क्लाइम्बिङजस्ता पर्यटकीय खेलले स्थान बनाइसकेका छन्। यस्तो स्थितिमा आइस क्लाइम्बिङले भने फस्टाउने अवसर पाएन। एक पर्वतारोहण प्रशिक्षक भन्छन्– नेपालमा हिउँमा खेलिने आइस क्लाइम्बिङका साथै स्की खेलको पनि विस्तार हुन पाएको छैन।

एक त हिमाल आरोहणलगायत हिमालमा खेलिने सबै खेल जोखिमपूर्ण छन्। त्यसमाथि प्रशस्त तालिम, फिजिकल फिटनेस अनि स्टामिना र क्लाइम्बिङ गियर (अत्यधिक चिसो हिउँमा खेल खेल्दा लगाइने) हरूको आवश्यकताका साथै नेपालमा प्राकृतिक हिमालमै जानुपर्ने बाध्यताले गर्दा आइस क्लाइम्बिङले गति लिन नसकेको हो।

यो खेलका लागि ५ हजार ८ सय मिटरदेखि ६ हजार मिटरको सेरोफेरोभन्दा तल आइस क्लाइम्बिङ गर्न लायक हिउँ नभएकाले एल्टिच्युडका कारण पनि विदेशीहरू नेपालमा आइस क्लाइम्बिङ गर्न आउँदैनन्। उनका अनुसार युरोप, अमेरिकामा समुद्र सतहदेखि झन्डै १ हजार ४ सयदेखि १ हजार ६ सय मिटरतिरै आइस क्लाइम्बिङ र स्की खेल्ने उपयुक्त आइस भेटिन्छ। फेरि त्यहाँ खेलाडीहरूलाई चिसोबाट बचाउन उपयुक्त बसोबासको व्यवस्था, हिटिङ व्यवस्था भएको होटल वा लज (सेल्टर) चाहिन्छ। केही गरी खेलाडी दुर्घटनामा परे बढीमा १० मिनेटभित्रै रेस्क्यु गर्ने व्यवस्था हुन्छ। यहाँ त फोन गर्न जान नै तीन-चार घण्टादेखि एक-दुई दिनसम्म लाग्छ। यस्तो अवस्थामा विदेशीहरू न त आइस क्लाइम्बिङ गर्न आउँछन्, न त स्की खेल खेल्न नै। तैपनि केही एड्भान्स विदेशी आइस क्लाइम्बिङ तथा स्की खेलाडीहरू आफ्नै रिस्कमा आउँछन्।

नेपाल सरकार र पर्यटन व्यवसायीहरूले आइस क्लाइम्बिङ तथा स्कीजस्ता साहसिक एवं रोमाञ्चक खेलहरूलाई पनि प्राथमिकतामा राखेर आउँदा दिनमा भौतिक पूर्वाधारहरूको प्रवर्द्धन गर्न सके अवश्य नै नेपालले पदयात्रा, पर्वतारोहण, जलयात्रा, बन्जिजम्पिङ, आर्टिफिसियल वाल क्लाइम्बिङ, रक क्लाइम्बिङजस्ता पर्यटकीय खेल जस्तै आइस क्लाइम्बिङ र स्कीमा समेत अग्रणी स्थान हासिल गर्न सक्छ। त्यसो भए नेपालमा हाल जुन ढंगले कम खर्चमा धेरै ठाउँ घुम्न खोज्ने, धेरै थोक किन्न खोज्ने, धेरै थोक खान खोज्ने झोले पर्यटकहरूको बाढीमा कमी आई खर्चालु र एड्भन्चर्स टुरिस्टले नेपाललाई आफ्नो गन्तव्य बनाउँथे कि ?



# भिक्टोरिया स्तन घटाउँदै

• मैदान बाहिर •

सांगीतिक समूह स्पाइस गर्लकी गायिका भिक्टोरिया बेकह्यामले आफ्नो स्तन घटाउने प्रयास गरेको कुरा सार्वजनिक गरेकी छिन्। भिक्टोरियाले इङ्लिस फुटबल टिमका कप्तान डेभिड बेकह्यामसँग विवाह गरेपछि उनको ग्ल्यामरस छवि अझ चम्किएको थियो। संगीतिक समूहमा रहँदा भिक्टोरियाको स्तन (सामान्य) ३४-ए आकारको थियो। डेभिडसँग विवाह गरेपछि उनले आफ्नो लोकप्रियता बढेको महसुस गरी पहिलो पटक सन् १९९९ मा लन्डनको एक क्लिनिकमा प्लास्टिक सर्जरी गरेर स्तनको आकार ३५- डी बनाइन्। सन् २००१ मा अर्को प्लास्टिक सर्जरी गरेर स्तनको आकार ३५-डीडी बनाइन्।

त्यसपछि उनले सन् २००६ मा स्तनको अर्को शल्यक्रिया गरिन्। सञ्चारमाध्यमले उनको बढिरहेको स्तनको आकारका सम्बन्धमा प्रश्न गर्दा भिक्टोरियाले सधैं आफ्नो स्तन प्राकृतिक भएको दाबा गरिन्। उनले बीबीसीसँगको अन्तर्वार्तामा समेत आफूले अहिलेसम्म स्तनको आकार बढाउन कुनै किसिमको शल्यक्रिया नगरेको दाबा गरिन्, तर अहिले आफ्नो छवि पुरानो भएका कारण भिक्टोरिया सामान्य देखिन आफ्नो स्तन घटाउने अभियानमा लागेकी छिन्। उनले हालै लसएन्जलसमा आफ्नो ३४-डीडी आकारको स्तनलाई घटाएर ३४-बी आकारमा ल्याएकी छिन्।



# नहारेका थापाको गुनासो

**विष्णुहरि घिमिरे**

खेलकुदमा हारजित सामान्य हुन्छ । आफूलाई अब्बल भन्ने खेलाडी तथा टिम पनि समय-समयमा चुक्छन्, तर नेपालमा एक जना यस्ता खेलाडी छन् जसले विगत १३ वर्षदेखि हार देखेका छैनन् । उनी हुन्– स्क्वासका नेपाल च्याम्पियन हीराबहादुर थापा ।

गोर्खा बक्राङका ४२ वर्षीय थापाले सन १९९४ देखि अहिले सम्म एउटा पनि खेल हारेका छैनन् । सधैं अब्बल देखिने थापाले खुला तथा राष्ट्रिय च्याम्पियन गरी १६ वटा टाइटल जितेका छन् । थोरै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर पाएका थापाले पाकिस्तानमा सम्पन्न नवौं दक्षिण एसियाली खेलकुदमा टिम इभेन्टमा कांस्य पदक र भारतमा सम्पन्न दोस्रो बजाज अलमोड इन्डियन स्क्वास च्याम्पियनसिपमा पुरुष ३५ वर्षमाथिको एकल स्पर्धामा रजत पदक पनि जितेका छन् ।

थापा स्क्वास खेल्नकै लागि २०४५ सालमा काठमाडौं आएका थिए । बत्तीसपुतलीस्थित स्क्वास कोर्टमा प्रशिक्षणका लागि नयाँ खेलाडीको खोजी भएपछि सुरक्षागार्डका रूपमा कार्यरत मोतीलालले हीराबहादुरलाई काठमाडौं झिकाएका थिए । त्यसबेला बत्तीसपुतलीमा श्रीधर खत्री, सञ्जीव राजभण्डारी, कविर चित्रकार आदि हरेक बिहान स्क्वास खेल्थे । स्क्वासको सामान्य जानकारीसमेत नभएका थापा बिहान उनीहरूको खेल हेर्ने र दिउँसो त्यसलाई व्यवहारमा उतार्ने गरेको बताउँछन् ।

स्क्वास र्‍याकेट समातेको करिब ६ महिनामा थापाले प्रतियोगितामा भाग लिने अवसर पाए । २०४६ सालको मंसिरमा पाटनस्थित ओएसिस होटलमा भएको प्रतियोगिताको पहिलो चरणमा तत्कालीन सञ्चार मन्त्री कमल थापालाई हराएर सनसनी पनि मच्चाए, तर उनको क्यारियरको पहिलो प्रतियोगिताको क्वाटरफाइनलमै टुङ्गियो । त्यस बेला सुवर्ण ध्वाख्वा उनको तगारो बने । तैपनि थापाले हिम्मत हारेनन् । सन् १९९२ मा भएको काठमाडौं स्क्वास च्याम्पियनसिपमा उनी फाइनलसम्म पुगे । यसपटक थापाका अगाडि सुरेशकुमार गुरुङ बाधक बने । एकपछि अर्को खुड्किलो चढिरहेका थापाले सुरेशकुमारसँगको त्यो हारको बदला दुई वर्षपछि भएको मर्कन्टाइल कप प्रतियोगितामा लिए, जुन थापाको पहिलो जित थियो । त्यसपछि थापाले हारको अनुभव गरेका छैनन् । पछिल्लो पटक थापाले गत चैतमा सम्पन्न पाँचौं राष्ट्रिय खेलकुदमा सुदीपबहादुर सिंहलाई हराउँदै स्वर्ण पदक जितेका थिए । त्यो थापाको १६ औं उपाधि थियो ।

दैनिक चार घण्टा प्रशिक्षणमा खट्ने थापा आफू लामो समय अपराजित रहनुको रहस्य स्टामिना भएको बताउँछन् । 'प्रतिस्पर्धीहरूको स्किल राम्रो छ, तर उनीहरू स्टामिनामा माथ खान्छन्,' थापाको भनाइमा उनका मुख्य प्रतिद्वन्द्वी सुरेशकुमार र सुदीपबहादुर पनि सहमत छन् । उनीहरू दुवै जनाको भनाइ छ, 'हीराबहादुर मर्करका रूपमा कार्यरत रहेका कारण स्टामिनामा उसलाई भेट्टाउन गाह्रो हुन्छ ।' एक छोरा र एक छोरीका पिता थापा आफ्नो खेलयात्राबाट गौरवका साथसाथै निराश पनि भएको बताउँछन् । यो यात्रामा नाम कमाइयो तर दाम शून्य भयो । उनी भन्छन्– 'मेरा छोराछोरी दुवै जना अहिले स्क्वास खेल्छन् । बल हुँदा मात्र खेलाडीले खेल्ने हो, त्यसपछि केही हुँदैन ।'

पिताको पथ पच्छ्याएका थापाका छोरा अमृत र छोरी कृष्णा अहिले जुनियर च्याम्पियन हुन् । अझ छोरी कृष्णाले दसौं सागमा महिला टिम इभेन्टमा कांस्य पदक र बजाज अलमोड इन्डियन स्क्वास च्याम्पियनसिपमा रजत पदक जितेकी थिइन् । हाल राष्ट्रिय खेलकुद परिषद्मा करारमा सहायक प्रशिक्षक पदमा कार्यरत थापालाई अबको बाँकी जीवन कसरी बिताउने भन्ने चिन्ता छ । '१३ वर्षअघि स्क्वासमा प्रवेश गर्दा जे सोचेको थिएँ अहिले त्यसको उल्टो भएको छ,' थापाका अनुसार उनले पहिलो पटक उपाधि जित्दा १५ हजार रुपैयाँ नगद पुरस्कार हात पारेका थिए । त्यसपछि उनलाई यो खेलमा पनि भविष्य छ जस्तो लागेको थियो, तर जब उनले एकपछि अर्को गर्दै उपाधि जित्दै गए त्यसपछि नगद पुरस्कार राख्ने क्रम नै बन्द भयो । जे गरे पनि हीराले नै जित्ने हो, किन नगद पुरस्कार राख्ने भन्ने ओठे जवाफ उनले पाउँदै आएका छन् ।

उमेर ढल्कँदै जाँदा थापामा अन्यौल थपिएको छ । 'अब के गर्ने भन्ने निश्चित गर्न सकेको छैन । जीवनको महत्त्वपूर्ण समय यही बिताए, अब कहाँ जाने ? यो पनि एउटा नशा रहेछ, छोड्नै गाह्रो ।' थापालाई अब आफ्ना सन्तानबाट नै बढी आशा छ । 'यिनीहरूलाई राम्रो शिक्षा दिन सकें भने केही गर्लान् कि ?' सातदोबाटोमा स्क्वास संघले उपलब्ध गराएको टहरामा श्रीमती डम्बरकुमारी र छोराछोरीसहित गुजारा चलाउँदै आएका थापा भन्छन्– 'अबका राष्ट्रिय खेलाडीले साँझ-बिहानको छाक टार्न भौंतारिनु नपरोस् ।'

## ५ प्रश्न



अछामकी नीता कुमारी शाह नेपालको महिला बिचभलिबल टिमकी कप्तान हुन्। एक महिनाअघि बंगलादेशमा सम्पन्न दोस्रो एसियन बिचभलिबल च्याम्पियनसिपमा नेपालले उनकै नेतृत्वमा कांस्यपदक जित्यो। नेपाल प्रहरीकी हवल्दार शाहले वि.सं.२०५३ सालयता निरन्तर सफलता हात पार्दै आएकी छिन्।

**कुन भलिबल रमाइलो ?**

छ जनाले खेल्ने पूर्ण भलिबल । यसमा धेरै दर्शकको उपस्थिति रहन्छ । गाउँ-गाउँसम्म लोकप्रिय छ । समुन्द्रले नछोएको मुलुक नेपालमा बीच भलिबलको प्रतियोगिता विरलै हुन्छ ।

**बीच भलिबल खेल्न कतिको गाह्रो छ ?**

छोटा पहिरन लगाउनुपर्ने भएकाले यसलाई ग्ल्यामरस खेल मानिएको हो, तर खेल्न गाह्रो छ । अतिरिक्त खेलाडी हुँदैन । पार्टनर मिलेन भने खेल हारिन्छ । दुई जनाले खेल्ने भएकाले गल्ती सच्याउने अवसर पाइँदैन । बालुवामा खाली खुट्टा खेल्नुपर्छ । खुट्टा पोल्छ र पिल्सिन्छ । हावा निकै चल्छ, बालुवा उडेर आँखा हेर्न गाह्रो पार्छ ।

**२७ वर्षकी हुनुहुन्छ । विवाह कहिले गर्ने ?**

विवाहका बारेमा सोचेकै छैन । निरन्तर खेलिरहेकाले फुर्सद पनि पाएको छैन । घरबाट प्रस्ताव आए सोच्नुपर्छ ।


**खेलाडीको पछि लाग्ने त थुप्रै हुन्छन् नि ?**

मेरो खेलको प्रशंसा गर्ने थुप्रैसँग भेट भयो । प्रतियोगितासँगै पछ्याउने फ्यानहरू पनि सकिन्छन् । केही समय सम्पर्कमा रहन्छन् र हराउँछन् ।

**ब्वाइ-फ्रेन्ड छैन ?**

छैन, साथीहरूचाहिं थुप्रै छन् ।





# बीस जना दुलही
## आज एकै स्थानमा

धरानकी प्रतिमा गिरी हुन् वा झापाकी पूनम थपलिया, उनीहरू दुई लगायत अन्य १८ जना यौवना आज दुलही बन्दैछन्। तीमध्ये नवनिता विष्ट पनि छिन्। भारतको बम्बईमा अध्ययनरत नवनिता हिजोआज बिदा मनाउन काठमाडौंमा छिन् र यसैको सदुपयोग गर्दै उनी पनि प्रतियोगितामा सहभागी हुँदैछिन्। दुलही हुने सपना नदेख्ने सायदै कोही होला तर उनीहरू वास्तविक रूपमा वैवाहिक जीवन प्रारम्भ गर्न नभै ब्राइडल मेकअप प्रतियोगितामा सहभागी ब्युटिसियनहरूको श्रृंगार कला प्रस्तुत गर्न दुलही बन्दैछन्। उनीहरूलाई मञ्चमा आकर्षक ढंगबाट प्रस्तुत हुन कोरियोग्राफर रचना गुरुङ शर्माले तयार पारेकी छिन्।

श्रृंगार आफैंमा एउटा कला हो। दुलही श्रृंगारले अझ विशेष महत्त्व राख्छ। यसै सन्दर्भमा सौन्दर्यकला व्यवसायी संघ, नेपालको दोस्रो वार्षिक उत्सवको अवसर पारी आज साँझ होटल सोल्टीमा एक भव्य कार्यक्रमबीच सौन्दर्य व्यवसायीहरूको दुलही श्रृंगार गर्ने कलाको प्रतिस्पर्धा हुँदैछ। गत वर्ष आरम्भ भएको प्रतियोगितालाई अझ बृहत् र राष्ट्रिय स्तरको बनाउन पाँचवटै विकासक्षेत्रमा छनौट प्रतियोगिता सञ्चालन गरिएको थियो। जसअनुसार सुदूर पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलबाट ११ जना गरी जम्मा २० जना सौन्दर्य व्यवसायीले आजको अन्तिम प्रतिस्पर्धामा आ-आफ्नो दुलही श्रृंगार कलालाई २० जना मोडलमार्फत प्रस्तुत गर्नेछन्। २० जना सौन्दर्य व्यवसायीको अन्तिम प्रतिस्पर्धामा एक जना पुरुष सौन्दर्य व्यवसायी पनि छन्।

हिमाल, मधेस, आर्यन र नेवार गरी चार समूहमा विभाजन गरी सोहीअनुसारको वेशभूषा र श्रृंगारमा २० जना मोडललाई मञ्चमा प्रस्तुत गरिनेछ। सौन्दर्य प्रसाधन सामग्रीहरूको उत्पादनमा अग्रणी ल्याक्मेको आयोजनामा सम्पन्न हुने आजको प्रतिस्पर्धाका विजेता सौन्दर्य व्यवसायीले ५० हजार नगद पुरस्कारसहित भारतको ल्याक्मे सलुनको अनुभव, टेलिभिजन कार्यक्रममा आफ्नो कला प्रदर्शन गर्ने अवसरका साथै 'नारी' मासिकको आवरणपृष्ठको मोडलको मेकओभर गर्न पाउनेछन्।

–रोजिन शाक्य



होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नया बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

प्राइभेट SLC
सम्बन्धी अत्यन्त जरूरी सूचना
विविध कारणले पढाइ रोकिएका तथा पून: पढाइ निरन्तर गर्ने र यसै सालमा SLC दिन चाहने तमाम विद्यार्थीहरुको परीक्षा फारम भर्ने/भराउने म्याद ७ दिन मात्र बाँकि रहेको हुँदा यस एकेडेमीमा भर्ना भएका र भर्ना हुन बाँकी विद्यार्थीले जतिसक्दो चाँडो सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
Columbia Academy
नयाँबानेश्वर, शंखमुल झर्ने ओरालोमै
प्रिन्सिपल-९८४१३८७६९७, फोन: ४७८१०६१

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
PACIFIC
Jamal, Kathmandu
4232196

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
महिला तथा विद्यार्थीहरुकालाई ५0% छुट
Digital Video-Editing & Animation
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३२१९, ९८४१-३२२७७७

Learn Computer
51% Discount
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Access Programming
Hardware & Networking
Free English Language
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu

Study + Work Visa
UK Under New Rules
USA + H1B Visa, Australia, Canada & Others
High Visa Success Rate
Best Colleges of your choice
Best Documentation Guidance
Shaping Minds Group
Education Department
Putalisadak-2222605, 4233478

होटल तालिम
SLC दिएर बसेका विद्यार्थीहरूका लागि विशेष छुट मा निम्न विषयहरूमा भर्ना लिइदैछ।
विशेष छुटमा

| विषय | पुरानो शुल्क | छुट सहितको शुल्क |
|---|---|---|
| Cook | 8000 | 5000 |
| Waiter | 3000 | 1500 |

साथमा
Bakery/Bar Tender/Front office
House keeping/Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
National Employment Training Center Pvt. Ltd.
NETC
चुच्चेपाटी, चावहिल
४४९००१६
२०२३३६७

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)

नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9841556532

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र।
▶ कुक १ १/२ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ।
३. स्टयान्डर्ड, क्वालिटीको लागि एकपटक आएर बुझ्नुहोला। अनिमात्र भर्ना गर्नुहोला।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

प्राईभेट
Test/SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका /जागिरे/उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै बिधार्थीहरुलाई समेटने गरी खुल्यो
अन्तिम भर्ना
● जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
● पुस्तकालय र होस्टेलको ब्यवस्था
● अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004.....
सिमित सिटमा फाराम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा
(कोलम्बस कलेजको ठिक अगाडी)
फोन न. 4781061,9841387697

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।